# हाम्रो हेटौंडा

## स्थानीय पाठ्यक्रम

२०७९

## कक्षाः १-३










## हेटौंडा उपमहानगरपालिका

बागमती प्रदेश, हेटौंडा

**प्रकाशकः** हेटौँडा उपमहानगरपालिका
**संस्करणः** प्रथम, २०७९ असार (June, 2022)
**सर्वाधिकारः** प्रकाशकमा
**आवरण / ले–आउटः** राजमणि अधिकारी, राम अविकास

# नगर प्रमुखको दृष्टिकोण

नेपालको संविधान, २०७२ को मर्मबमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्ने क्रममा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ। स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप, प्रविधि, पेसा, संस्कृति, प्राकृतिक पक्षहरूको संरक्षण प्रवर्द्धन गर्ने जिम्मेवारी समेत स्थानीय सरकारको हुन आउँछ । अतः स्थानीय विषयवस्तु, विषयविज्ञता र स्थानीय आवश्यकतालाई स्थानीय पाठ्यक्रमले समेट्नु पर्दछ । सङ्घीयताको मर्म बमोजिम तीनै तहको सरकारबिच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले दिएको मार्गनिर्देशनका आधारमा कक्षा १-३ को हाम्रो हेटौँडा नामक स्थानीय पाठ्यक्रम निर्माण भएकोमा म अत्यन्तै खुसी व्यक्त गर्दछु ।

आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य घोषणा गरिएको विद्यमान अवस्थामा आधारभूत तह (कक्षा १-३) को शैक्षिक क्रियाकलापहरू बालमैत्री, समयसापेक्ष एवम् दैनिक जीवनको व्यवहारसँग जोड्न स्थानीय विषयवस्तुमा आधारित भएर स्थानीय स्रोत साधन र विज्ञतालाई उपयोग गर्दै निर्माण भएको यस पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने कुरामा हामी विश्वस्त छौँ । कक्षाकोठा बालबालिकासँग प्रत्यक्ष रमाउने विषय शिक्षक, विशेषज्ञ तथा विज्ञहरूसमेतको सहभागितामा छलफल एवम् कार्यशालाका माध्यमवाट निर्माण गरिएको यस पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेका सिद्वान्त तथा मध्यस्थतामा आधारित भई विकास गरिएकोले बालबालिकामा व्यबहार कुशल सिपहरू स्थापित गर्न सक्षम हुन्छ भन्नेमा पनि कसैको दुई मत नहोला ।

प्रस्तुत पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा विकास महाशाखाका कर्मचारीहरू, विज्ञ, विशेषज्ञ, विषय शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा सम्पादन समिति, सल्लाहकार समिति, मूल्याङ्कन समिति एवम् सम्बन्धित सरोकारवालाहरूप्रति हेटौँडा उमपहानगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । साथै यस पाठ्यक्रम कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक र विषय शिक्षकहरूबाट सयिताका साथ सहयोगको अपेक्षा गर्दछु । साथै स्थानीय पाठ्यक्रमको परिमार्जन, परिवर्तन समयसापेक्ष रुपमा गर्ने तथा पाठ्यक्रमलाई उद्देश्यपूर्ण बनाउन र सिकाई सहजीकरण गर्न आवश्यक पर्ने स्रोत साधनको हेटौँडा उपमहानगरपालिकाले प्रबन्ध गर्ने समेत विश्वास दिलाउन चाहन्छु।

**मिनाकुमारी लामा**
**नगर प्रमुख, हेटौँडा उपमहानगरपालिका**

# नगर उपप्रमुखको दृष्टिकोण

शिक्षाको समग्र पक्षको विकासको लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वयात्मक भूमिका महत्त्वपूर्ण हुन्छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको आधारभूत र माध्यमिक तहको अधिकारभित्र २३ ओटा अधिकार समेटेको पृष्ठभूमिमा हामी निर्वाचित भएर आइसकेपछि हेटौँडा क्षेत्रको शैक्षिक उन्नयनमा हामी क्रियाशील भएको कुरा आम नागरिकलाई विदितै छ। शिक्षाको सन्तुलित विकास नभएसम्म अरू क्षेत्रको विकासले गति लिन सक्दैन । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा वितरणको जिम्मेवारी स्थानीय सरकारलाई रहेको छ। यसै कुरालाई आत्मसात् गर्दै शैक्षिक सत्र २०७९ देखि हामीले हाम्रो हेटौँडा नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा (१-३) मा लागू गर्ने योजना अनुरुप यो पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सकेकोमा म अत्यन्त हर्षित छु । हेटौँडाको सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक लगायत समग्र पक्षहरूलाई समुचित रूपमा समेटेर तयार गरिएको यस पाठ्यक्रमले हेटौँडाको वास्तविक पहिचान दिन सक्ने मेरो विश्वास छ।

हेटौँडाको पहिचान झल्कने गरी तयार गरिएको हाम्रो हेटौँडा नामक स्थानीय पाठ्यक्रमले समग्र हेटौँडा क्षेत्रको परिचयसहितका विषयवस्तुहरू समेटिएकोले यो हेटौँडाको एक मौलिक सम्पत्तिको रूपमा रहने मेरो विश्वास छ । पाठ्यक्रम निर्माणमा आफ्नो तर्फबाट निरन्तर सहयोग गर्नुहुने पाठ्यक्रम निर्माणमा क्रियाशील रहनु भएका हेटौँडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा विकास महाशाखाका सम्पूर्ण कर्मचारीहरू, पाठ्यक्रम निर्माण उप-समितिका सम्पूर्ण सदस्यज्यूहरूलाई म विशेष धन्यवाद ज्ञापन गर्दछु। यस पाठ्यक्रममा स्थानीय विषयवस्तु समेट्न सहयोग गर्नुहुने जनप्रतिनिधिज्यूहरू, शिक्षकका प्रतिनिधिमूलक संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, शिक्षा समितिका पदाधिकारीज्यूहरूप्रति म आभार व्यक्त गर्दछु।

अन्त्यमा, यो पाठ्यक्रमको सफल कार्यान्वयनमा यस उपमहानगर पालिकाका सम्पूर्ण विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, अध्ययनरत विद्यार्थी भाइ बहिनीहरू, प्रधानाध्यापकज्यूहरू, शिक्षकका प्रतिनिधिमूलक संस्थाका पदाधिकारीज्यूहरू, आमअभिभावक तथा जनप्रतिनिधि र शिक्षा समितिका पदाधिकारीहरूको सार्थक प्रयास रहने विश्वास लिँदै पाठ्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोगको अपेक्षा गर्दछु।

**राजेश बानियाँ**
**नगर उपप्रमुख, हेटौँडा उपमहानगरपालिका**

# प्रमुख प्रशासकीय अधिकृतको दृष्टिकोण

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको कार्यक्षेत्र भित्र राखेको छ। संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा एकिकृत पाठ्यक्रम, २०७६ ले हरेक स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न दिशानिर्देश गरेको छ। सोही अनुसार हेटौंडा उपमहानगरपालिकाको आ.व. २०७७/०७८ को वार्षिक बजेटमा स्थानीय पाठ्यक्रम निर्माण गरी नगरक्षेत्रका विद्यालयमा कक्षा १–३ सम्म लागु गर्ने योजना अनुसार स्थानीय पाठ्यक्रम तयार भएको छ । यस स्थानीय पाठ्यक्रमले उपमहानगरपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ । यसबाट बालबालिकाले औपचारिक रूपमा आफ्नो ठाउँ एवम् भूगोल, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको पहिचान सहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् । साथै यस पाठ् यक्रमले बालबालिकाहरूलाई उपमहानगरपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सिपसमेत हासिल गराउने छ। स्थानीय प्रविधि तथा परम्परागत सामग्रीहरूलाई समेत यस पाठ्यक्रमले संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउनेछ। मैले स्थानीय कला, कौशल, भाषा, भेषभूषा, संस्कृति र असल आचरणसमेत विकास गरी बालबालिकाहरूलाई असल एवम् सक्षम नागरिक बन्न यस पाठ्यक्रमले सघाउ पुऱ्याउने छ भन्ने विश्वास लिएको छु। यो पाठ्यक्रम २०७९ सालको शैक्षिक सत्रदेखि कक्षा १-३ मा लागू गरी क्रमशः कक्षा ५ सम्म विस्तार गरिने छ।

पाठ्यक्रम तर्जुमामा सहभागि हुनु भएका सबै महानुभावहरुलाई धन्यवाद दिन चहान्छु । सम्बद्ध विद्यालयहरुले यो पाठ्यक्रमको महत्त्वलाई स्थापित गर्दै पठनपाठनलाई व्यवस्थित गर्नु हुने कुरामा समेत म विश्वस्त छु।

धन्यवाद।

**शिवराज चौलागाईं**
**प्रमुख प्रशासकीय अधिकृत**

# शिक्षा विकास महाशाखा प्रमुखको भनाइ

हेटौँडा उपमहानगरको शिक्षाको राष्ट्रिय पाठ्यक्रमको अवधारणाअनुसार विद्यालय तहको शिक्षामा रहेको स्थानीय विषयलाई बढी उद्देश्यमूलक व्यावहारिक समसामायिक एवम् स्तरीय बनाउने अभिप्रायले स्थानीय आवश्यकतालाई पाठ्यक्रममा सम्बोधन गर्न स्थानीय शिक्षक, अभिभावक, विद्यार्थी र बुद्धिजीवीबाट रायसुझाव सङ्कलन गरी स्थानीय पाठ्यक्रम निर्माण गरी शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्ने काम अगाडि बढाइएको छ कक्षा १ देखि ८ सम्म लागू गरिने कार्यक्रमअनुसार शैक्षिक वर्ष २०७९ बाट सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षा १ देखि ३ सम्म यस वर्ष लागू गरिने क्रममा रहेको स्थानीय अंशलाई व्यावहारिक उपयोगी बनाउने गरी पाठ्यक्रम विकास गरिएको छ । बालबालिकाले सिक्नै पर्ने यसक्रममा स्थानीय विषयवस्तुहरू विभिन्न व्यक्तिहरूको राय सुझाव नगरस्तरीय गोष्ठी शिक्षा समिति नगरकार्यपालिका र विशेष विज्ञ अगाडिबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा विषयगत क्रमबद्धतासमेतलाई ध्यान दिइएको छ । समसामयिक परिवेशमा रहेका पाठ्यवस्तु बदलिँदो विषय, स्थानीय आवश्यकता र प्रविधिको पहिचान गराउने, आउने सन्ततिलाई प्रविधिको बोध गराउने तथा सबैतिर पहिचान गर्ने अभिप्राय रहेको छ ।

**गङ्गाधर रिमाल**
**उपसचिव**

# हाम्रो भनाइ

सर्वाङ्गीण बाल विकासको अवधारणालाई आधार मानी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासको मार्गदर्शनको रूपमा लिइएको छ । हेटौँडा उपमहानगर भित्रका अन्तर विषयक तथा बहुविषयक क्षेत्र तथा क्रमहरू समेटेर जीवनोपयोगी तथा व्यवहार कुशल सिपहरूलाईसमेत एकीकृत गरिएको छ। यो पाठ्यक्रम विकास गर्दा हेटौँडा उपमहानगर क्षेत्रभित्र रहेको सामाजिक, सांस्कृतिक प्राकृतिक, भौगोलिक तथा भाषिक लगायतका विविधतालाई सम्मान हुने गरी समावेश गरिएको छ। पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा १-३ का तहगत सक्षमताहरूलाई समेत समावेश गरिएको छ ।

स्थानीय विषयवस्तुमा आधारित यस पाठ्यक्रमको निर्माण प्रक्रियामा निरन्तर लाग्नु भएका तथा पाठ्यक्रमको आधार तयार गर्न सक्रिय सहभागिता जनाउनु हुने विषय शिक्षकहरू, प्रधानाध्यापक, विषयविज्ञ सबैप्रति कृतज्ञता व्यक्त गर्दै सहयोगका लागि धन्यवाद व्यक्त गर्दछौँ । साथै यस पाठ्यक्रमको समग्र विषयवस्तुको भाषागत शुद्धतालाई पूर्णता प्रदान गर्नु हुने सामाजिक विकास संयोजक श्री अनिल बानियाँ, श्री सिद्धार्थ मा.वि.का शिक्षक श्री माधवप्रसाद खतिवडा, नवोदय माध्यमिक विद्यालयका शिक्षक श्री सि.एम रिमाल र ज्ञानोदय बालवाटिका आवासीय मा.वि.का सञ्चालक श्री श्यामकुमार बानियाँ, टाइपिङमा सहयोग गर्नुहुने हेटौँडा उपमहानगरका शिक्षा महाशाखाका अधिकृत श्री रामचन्द्र खड्का, अमूल्य ज्ञान र अनुभवसहित पाठ्यक्रम मूल्याङ्कन समितिका विशिष्ट व्यक्तित्वहरू डा. हरि लम्साल, चन्द्रप्रसाद लुईंटेल, खुवीराम अधिकारी लगायत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र बागमती प्रदेशमा हार्दिक कृतज्ञतासहित धन्यवाद व्यक्त गर्दछौँ ।

**पाठ्यक्रम विकास समिति**

# विषयसूची


| | |
|---|---|
| पाठ्यक्रम परिचय | ९ |
| स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम निर्माणको सन्दर्भ | १० |
| विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | १२ |
| विद्यालय शिक्षाको तहगत संरचना | १४ |
| विद्यालय तहको पाठ्यक्रम संरचना | १५ |
| कक्षा १–३ का तहगत सक्षमताहरू | २२ |
| कक्षागत पाठ्यक्रमः कक्षा : १ | २३ |
| कक्षागत पाठ्यक्रमः कक्षा : २ | ४५ |
| कक्षागत पाठ्यक्रमः कक्षा : ३ | ६६ |
| विद्यार्थी मूल्याङ्कन पक्रिया | ८६ |
| पाठ्यक्रममा व्यवहार कुशल सिपहरू | ८८ |
| विस्तृत सिकाइ सहजीकरण क्रियाकलाप कक्षा – १ | ९४ |
| सिकाइ विस्तृतीकरण क्रियाकलाप कक्षा – २ | १०७ |
| सिकाइ विस्तृतीकरण क्रियाकलाप कक्षा – ३ | ११९ |
| अनुसूची | १३६ |

# पाठ्यक्रम परिचय

शिक्षाको राष्ट्रिय नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेको शिक्षाको लक्ष्य तथा पक्रिया अनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि पाठ्यक्रमले निर्धारण गर्दछ । यस पाठ्यक्रममा विद्यार्थीको उमेर, पूर्व सिकाइ अनुभव, बालबालिकाको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित हेटौँडा उपमहानगर भित्रको स्थानीयतालाई बढी प्राथमिकता दिइएको छ ।

आधारभूत तह अन्तर्गत कक्षा १–३ का लागि विकास गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई मुख्य सन्दर्भ सामग्रीका रूपमा मानी यसले प्रदान गरेको निर्देशनलाई पूर्ण पालना गरी हेटौँडा उपमहानगर भित्र रहेको सामुदायिक तथा संस्थागत विद्यालयका सम्बन्धित कक्षामा शिक्षण गर्ने शिक्षक, प्रधानाध्यापकहरूको समूह, विषयविज्ञ एवम् पाठ्यक्रम मूल्याङ्कन समितिले दिएको उपयुक्त सल्लाह सुझावहरूलाई अवलम्बन गरी आधारभूत तह कक्षा १–३ को स्थानीय विषयवस्तुमा आधारित यो पाठ्यक्रम तयार गरिएको छ ।

प्रस्तुत पाठ्यक्रममा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम निर्माणको सन्दर्भ तथा औचित्य, विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, आधारभूत शिक्षा कक्षा १–३ का तहगत सक्षमता, विषयगत पाठ्यक्रम क्षेत्र तथा क्रमहरू एकीकृत पाठ्यक्रमका व्यवहार कुशल सिपहरू, विद्यार्थी मूल्याङ्कन पक्रिया, सिकाइ सहजीकरण ढाँचा तथा शिक्षणलाई सहज बनाउन विस्तृत क्रियाकलापसमेतलाई समेटिएको छ । जसले शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा सहजता हुने अपेक्षा गरिएको छ । साथै पाठ्यक्रम कार्यान्वयनमा आएपछि शिक्षकहरूलाई अभिमुखीकरण, साधन स्रोतको प्रबन्ध, नियमित अनुगमन, परामर्श र सल्लाह सुझावका आधारमा निरन्तर परिमार्जन गर्दै जाने प्रतिबद्धतासमेतलाई स्थान दिइएको छ ।

# स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम निर्माणको सन्दर्भ तथा औचित्य

कुनै पनि पाठ्यक्रम निर्माण, विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने पक्रिया हो । अध्ययन अनुसन्धानका नतिजाहरू, विद्यार्थी, शिक्षक तथा अभिभावकहरू, पेसासँग आबद्ध सङ्घ सङ्गठनहरू, विज्ञ समूहबाट प्राप्त भएका सकारात्मक सुझावहरूलाई अवलम्बन गर्दै राष्ट्रिय पाठ्यक्रम प्रारूप कक्षा १–३ को संरचनाले परिलक्षित गरेका साप्ताहिक पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० लाई समेट्ने गरी हेटौँडा उपमहानगर क्षेत्र भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा एकरूपता कायम गर्न यो पाठ्यक्रम तयार गरी लागु गरिएको हो । यस पाठ्यक्रममा हेटौँडा उपमहानगर भित्रका सामान्य गतिविधिहरूलाई समेटेर सिकाइ सक्षमता तथा सिकाइ उपलब्धिहरूलाई सूचिकृत गरिएको छ । प्रस्तुत पाठ्यक्रम निर्माणको सन्दर्भ तथा औचित्यलाई निम्नानुसार पुष्टि गर्न सकिन्छ :

ज्ञ। स्थानीय विषयवस्तुको सिकाइलाई अन्तरसम्बन्धित गरी हेटौँडा उपमहानगर भित्रका विद्यालयहरूमा एकरूपता कायम गर्न,

१. हेटौँडा उपमहानगर क्षेत्र भित्रका प्राकृतिक सम्पदा, सांस्कृतिक गतिविधिहरू, धार्मिक एवम् पर्यटकीय क्षेत्रहरूको उजागर गर्न,

२. विभिन्न विषयको सिकाइलाई अन्तरसम्बन्धित गरी सिकाइलाई बढी सान्दर्भिक र रुचिकर बनाउन,

३. सिकाइका नवीनतम सिद्धान्त, विधि तथा पक्रियाहरू प्रयोग गरी सिकाइलाई बालकेन्द्रित बनाई बालबालिकाको रचनात्मक क्षमता विकास गर्न,

४. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सहजीकरण पक्रियाको अभिन्न अङ्ग मानी सैद्धान्तिक र प्रयोगात्मक दुवै विधिको

सुनिश्चित गर्न,

५. पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्रियालाई विकेन्द्रित गरी स्थानीयकरण एवम् स्वः जिम्मेवारीको आत्मबोध गर्न,

६. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, आधारभूत तह कक्षा १–३ को पाठ्यक्रम संरचनाले तोकेको साप्ताहिक ५ र वार्षिक १६० कार्यघण्टाको आवश्यकतालाई पूरा गर्न ।

# विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

क. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

ख. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

ग. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

घ. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

ङ. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

च. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

छ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

ज. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा

अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

झ. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,

ञ. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

ट. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

ठ. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

# विद्यालय शिक्षाको तहगत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समुह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बाल विकास र शिक्षा | ४ वर्ष | विद्यालय जाने बानीको विकास गर्ने |
| आधारभुत तह | कक्षा १–३ | ५देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४–५ | ८देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६–८ | १०देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक तह | कक्षा ९–१० | १३देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११–१२ | १५देखि १६ वर्षसम्म | तह ५ |

# विद्यालय तहको पाठ्यक्रम संरचना

## आधारभुत शिक्षा कक्षा १-३ को पाठ्यक्रम संरचना

| क्र.स | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा साप्ताहिक | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| घ | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृभाषिक सिप र स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | २६ | ८३२ |

## पाठ्यक्रममा व्यवहार कुशल सिपहरूः

विद्यालय शिक्षाको एउटा महत्त्वपूर्ण कार्य विद्यार्थीहरूमा व्यवहार कुशल सिपहरू (soft skills) विकास गराउन सहयोग गर्नु हो । व्यवहार कुशल सिपहरू सबैलाई आवश्यक हुनाका साथै कुनै निश्चित कार्य वा भूमिकामा मात्र सीमित नभई विभिन्न कार्य वा भूमिकाका लागि आवश्यक हुने गर्दछन् । यस्ता सिपहरू विशेषतः विद्यार्थीका दैनिक जीवनका वास्तविक समस्या समाधानमा सहायक हुन्छन् । त्यसैले व्यवहार कुशल सिपहरू कुनै निश्चित कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रसँग मात्र सम्बन्धित नभई विभिन्न कार्यसम्पादनसँग सम्बन्धित हुन्छन् । व्यवहार कुशल सिपहरूलाई विभिन्न फरक फरक नामले पहिचान गर्ने गरिन्छ जस्तैः यसलाई

समतलीय, सामान्य, अन्तरसम्बन्धित, स्थानान्तरणीय, आधारभूत, व्यावहारिक, रोजगारीमूलक वा एक्काइसौँ शताब्दीका सिपको नामले पनि चिनिन्छ ।

व्यवहार कुशल सिपलाई विभिन्न नामले जनाइनुका साथै यसअन्तर्गत पर्ने सिप वा सक्षमताका सूचीलाई निश्चित सङ्ख्यामा सीमित गर्न कठिन भए पनि सोचाइ सिप, वैयक्तिक सिप, अन्तरवैयक्तिक सिप, बहुसाक्षरता सिप, नागरिक सिपअन्तर्गत प्रायः जसो सबै व्यवहार कुशल सिपहरूलाई वर्गीकरण गरी समावेश गर्न सकिन्छ । सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नका लागि विभिन्न विषय र तहका पाठ्यक्रमबिच अन्तरक्रिया हुनु आवश्यक छ । यस्तो अन्तरक्रियाबाट सिकाइलाई सामान्य विषयगत ज्ञान तथा सिपमा सीमित नगरी अधिसंज्ञानात्मक(metacognitive) सिकाइलाई सहज गराई जीवनका समस्या समाधानका लागि उपयोगी बनाउन सहयोग प्राप्त हुन्छ । व्यवहार कुशल सिप सिकाइलाई अधिसंज्ञानात्मक (metacognitive) तहमा पुऱ्याउन सहयोग गर्ने भएकाले एकीकृत पाठ्यक्रमको अवधारणा अन्तर्गत व्यवहार कुशल सिपलाई उपयुक्तताका आधारमा सबै विषय र तहमा एकीकृत गर्नु महत्त्वपूर्ण हुने दृष्टिकोणमा आधारित भई यस पाठ्यक्रममा पनि व्यवहार कुशल सिपहरूलाई सबै विषय र कक्षामा उपयुक्तताका आधारमा एकीकृत गरिएको छ । यसका लागि व्यवहार कुशल सिपका मुख्य क्षेत्रहरू र तिनको विस्तृतीकरण गरिनु आवश्यक छ । व्यवहार कुशल सिपका उल्लिखित पाँच विस्तृत क्षेत्रअन्तर्गतका सिपहरूको विस्तृतीकरण र तिनको सम्भाव्य व्याख्या निम्नअनुसार प्रस्तुत गरिएको छ :

१. सोचाइ सिप
२. वैयक्तिक सिप
३. अन्तरवैयक्तिक सिप
४. नागरिक सिप
५. बहुसाक्षरता सिप

सोचाइ सिपहरू (Thinking Skills): बालबालिकाले सूचना

प्रशोधन गर्न, विभिन्न सूचनालाई संयोजन गर्न, निर्णय लिन र नयाँ विचार सिर्जना गर्न प्रयोग गर्ने संज्ञानात्मक क्रियाकलापहरू नै सोचाइ सिपहरू हुन् । बालबालिकाहरूले आफ्ना अनुभवहरूको बोध गर्दा, समस्याहरू हल गर्दा, निर्णय लिदा, प्रश्नहरू गर्दा, योजना बनाउँदा अथवा सूचनाहरू सङ्गठित गर्दा आफ्ना सोचाइ सिपहरू प्रयोग गर्दछन् । संज्ञानात्मक सोचाइ सिपहरूलाई दुई किसिममा विभाजन गर्न सकिन्छ । पहिलो संवेदनाबारे सूचना सङ्कलन (हेर्ने, सुन्ने र छुने) र पुनः प्राप्त गर्ने (स्मरण सिप), आधारभूत बुझाइ (सङ्कलित सूचनाहरू सङ्गठित गर्ने, धारणा निर्माण गरी एक आपसमा जोड्ने) र उत्पादनशील/सिर्जनात्मक सिपहरू (सूचना प्रयोग गर्ने, बुझ्ने, निर्णय गर्ने, विश्लेषण गर्ने, मूल्याङ्कन गर्ने र सिर्जना गर्ने) तथा दोस्रो, प्रतिबिम्बित सोचाइ सिपहरूले आफ्ना चेतना एवम् बुझाइ जस्तैः संज्ञानात्मक सिपहरूको प्रयोगबारे योजना निर्माण, अनुगमन र मूल्याङ्कनलाई जनाउँछ ।

**सोचाइ सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*प्रयोग सिप, सिकाइ सिप, रचनात्मक सोचाइ सिप, समालोचनात्मक सोचाइ सिप र निर्णय तथा समस्या समाधान सिप*

वैयक्तिक सिपहरू (Intrapersonal Skills): वैयक्तिक सिपहरू विभिन्न किसिमका छन् । यसअन्तर्गत जिम्मेवारी एवम् प्रतिबद्धता विकास गर्नु, स्वयम् व्यवस्थापन, आत्मबल/स्वाभिमानको विकास, इमानदारी/ स्वअनुशासन, समय व्यवस्थापन, स्वतन्त्र सिकाइ , लचकता र अनुकूलनता जस्ता सिपहरू पर्दछन् । वैयक्तिक सिपहरूलाई सामान्यतया व्यवहार कुशल सिपहरू र व्यक्तिगत सिपहरू पनि भनिन्छ । वैयक्तिक सिपहरूको विकासका लागि पाठ्यक्रमले बालबालिकाको संज्ञानात्मक विकास, सामाजिक तथा संवेगात्मक विकास, वाचन तथा भाषा विकास र कुशल क्रियात्मक सिप विकासका लागि व्यवस्था गरेको हुनुपर्दछ । वैयक्तिक सिपहरूले विद्यार्थीहरूलाई काम तथा क्रियाकलापहरूको जिम्मेवारी लिन, विभिन्न काम तथा क्रियाकलापहरूप्रति प्रतिबद्धता एवम् आत्मविश्वास प्रदर्शन गर्न, आफ्ना योग्यताको लेखाजोखा गर्न र आफ्ना जीवनको लक्ष्यबारे बिचार व्यक्त गर्न सहयोग पुऱ्याउँदछ । आफ्ना हेरचाह गर्ने

योग्यता, दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता, कार्ययोजना विकास गर्ने, मूल्याङ्कन गर्ने कार्यसमेत समावेश गरी वैयक्तिक लक्ष्यहरू पहिचान गर्ने जस्ता स्वव्यवस्थापन सम्बन्धी सिपहरू यसअन्तर्गत पर्दछन् । त्यसै गरी यसअन्तर्गत आत्मबल तथा स्वाभिमानको विकास इमानदारी/स्वअनुशासन व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता स्वतन्त्र सिकाइ, लचकता र अनुकूलन, जिम्मेवारी एवम् प्रतिबद्धता जस्ता वैयक्तिक सिपहरू पर्दछन् ।

**वैयक्तिक सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*स्वव्यवस्थापन, आत्मबल, स्वाभिमानको विकास, इमानदारी–स्वअनुशासन, समय ब्यवस्थापन, व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता, स्वतन्त्र सिकाइ, लचकता र अनुकुलनता*

अन्तरवैयक्तिक सिपहरू (Interpersonal Skills): अन्तरवैयक्तिक सिपले एक व्यक्तिले अर्को व्यक्तिसँग प्रभावकारी रूपमा सञ्चार र समन्वय गर्नु, सहयोग तथा सद्भाव कायम गर्न सक्षम हुनु, असल सम्बन्ध कायम गर्नु भन्ने जस्ता योग्यतालाई जनाउँछ । यसमा फरक फरक लक्ष्य र उद्देश्यका विविध सन्दर्भमा अरूसँग कार्य गर्ने, सामूहिक लक्ष्य पहिचान गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त गर्ने, समूहमा जिम्मेवारी पहिचान गर्ने र भूमिका बाँडफाँड गर्ने, समूहमा राम्रो सम्बन्ध विकास गर्ने, समूहका प्रगतिको लेखाजोखा गर्ने, समूहको कार्यको समीक्षा गर्ने र व्यक्तिगत रूपमा आफ्नो योगदानको प्रतिविम्बन गर्ने जस्ता पक्षहरू समावेश हुन्छन् । अन्तरवैयक्तिक सिपहरूमध्ये सञ्चार एउटा ज्यादै महत्त्वपूर्ण सिप हो । सुन्न र बोल्न सक्ने योग्यता आधारभूत सञ्चार सिपहरू हुन् । यी सिपहरू कक्षा १, २ र ३ का विद्यार्थीहरूमा विद्यालयमा रहँदा विकसित हुनुपर्दछ । जबसम्म विद्यार्थीहरूले आफ्ना स्थानीय वा राष्ट्रिय भाषामा सञ्चार गर्न सक्दैनन् तबसम्म उनीहरूले आफ्ना जीवनका लक्ष्यहरू प्राप्त गर्न र हामी आफ्ना ज्ञान एवम् सामर्थ्य विकास गर्न तथा हामी आफ्ना दैनिक जीवनमा काम गर्न समर्थ हुँदैनन् । सञ्चार सिपहरूले बालबालिकालाई संवेगात्मक बौद्धिकता, स्थिरता, स्पष्टता, भिन्नता, आत्मविश्वास, सहानुभूति, आदर, सुन्ने,

खुला सोच र राम्रो प्रश्न सोध्ने सिप विकास गर्दछ । असल सञ्चार भनेको समग्रमा प्रभावकारी सुनाइ हो । बालबालिकाहरूले विद्यालय अवधिभर खुला सोच विकास गर्नुपर्दछ । सुदृढ सञ्चारका लागि एउटा व्यक्ति खुला मस्तिष्कसहित अन्य व्यक्तिका दृष्टिकोण बुझ्नेतर्फ प्रतिबद्ध हुनुपर्दछ । व्यक्तिको जीवन तथा कार्यका प्रायः सबै पक्षहरूमा सहकार्य सिपहरूको आवश्यकता पर्दछ । हिजोआज व्यापार उद्योगमा वा कुनै कार्यका लागि सँगसँगै मिलेर समूहमा काम गर्न केही संयुक्त प्रयास हुनुपर्दछ भन्ने कुराले प्रवेश पाएको छ । कामको संसारमा अधिकांश क्षेत्रमा सहयोग तथा सहकार्यलाई एउटा आवश्यक सिपका रूपमा हेरिन्छ । सहकार्य भनेको एउटा सिपले सिकाइ पद्धति जस्तै निगमन, आगमन र संयोजन सिकाइलाई क्रियाशील बनाउनुपर्दछ । विद्यार्थीहरूले परियोजना तथा खोजमूलक सिकाइमा व्यस्त राख्नुपर्दछ र सामाजिक परिवेशमा आफ्ना ज्ञान एवम् समस्या समाधानका सिपहरू प्रयोग गर्न सक्नुपर्दछ । सहकार्य सिपले साझा लक्ष्यहरू हासिल गर्न सँगै मिलेर सहयोगी रूपमा काम गर्न मदत गर्दछ । जब बालबालिकाहरू एकआपसमा मिलेर सिक्ने प्रक्रियामा रहन्छन् तब उनीहरू कुनै समस्या समाधान गर्न मिलेर काम गर्दछन् र कुनै काम पूरा गर्न वा कुनै उत्पादन गर्न सक्दछन् । सहयोगी सिकाइ वातावरणमा सिकारुका अलग अलग दृष्टिकोणले सुन्नुपर्ने हुँदा सिकारुले सामाजिक एवम् संवेगात्मक दुवै पक्षबाट चुनौतीहरूको सामना गर्नुपर्दछ र आफ्ना बिचारहरूलाई स्पष्ट पार्न र प्रतिरक्षा गर्न सक्नुपर्दछ । यसो गर्दा सिकारुले विज्ञ वा शिक्षकहरूले दिएको प्रारूप वा ढाँचामा भर नपरी आफ्नै विशेष प्रकारका धारणागत प्रारूपहरू सिर्जना गर्न थाल्छन् । यसभन्दा बढी सहकार्य गर्दा साझा सिकाइले सिकारुलाई छलफलमा भाग लिने आवसरहरू दिने, आफ्ना सिकाइको जिम्मेवारी लिने र यसअनुरूप गहन सोच गर्ने व्यक्तिका रूपमा विकसित गर्दछ । बालबालिकाहरूमा सञ्चार र सहकार्य सिपसँगसँगै सहयोग तथा सहानुभूति, सक्रियतापूर्वक सुन्ने र सांस्कृतिक तथा नैतिकता जस्ता अन्तरवैयक्तिक सिपहरूको विकास पनि उत्तिकै आवश्यक छ ।

**अन्तरवैयक्तिक सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*सञ्चार, सहकार्य, सहयोग तथा सहानुभूति, सक्रियतापूर्वक सुन्ने, सांस्कृतिक सिपहरू र नैतिकता*

सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू (Information communication and multiliteracy skills): एक्काइसौँ शताब्दीमा सफलता पाउन विद्यार्थीहरूले विज्ञान, प्रविधिका साथै संस्कृतिमा कुशलता प्राप्त गर्नुपर्दछ । त्यस्तै विभिन्न रूपमा सूचनाहरूको राम्रो बुझाइ हुनुपर्दछ । त्यस्तै विद्यार्थीहरूले विविध वातावरणको व्यवस्थापन, संस्कृतिहरूको ज्ञान, एउटा विश्वव्यापी सोच, प्रभावकारी समाधान, सिक्नका लागि जिज्ञासु, सफलतापूर्वक बाह्य जगत्बाट चिन्तन गर्ने, दूर सञ्चार सिपहरू र विश्लेषणलाई बुझ्न सक्ने जस्ता विभिन्न सिपहरू विकसित गर्नुपर्दछ । बालबालिकाहरूले विद्यालयमा रहँदा नै डिजिटल साक्षरताको सामान्य सक्षमता हासिल गर्नुपर्छ ।

**सूचना प्रविधि तथा बहुसाक्षरता सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*आधारभूत साक्षरता, प्रविधिक साक्षरता, दृश्य साक्षरता, सूचना साक्षरता र बहुसांस्कृतिक साक्षरता*

नागरिक सिप (Citizenship Skills): शिक्षाको एउटा उद्देश्य बालबालिकामा नागरिक अधिकार र दायित्वप्रति सचेतता विकास गराई नागरिक अधिकार प्राप्ति र दायित्व कुशलतापूर्वक निर्वाह गर्ने नागरिकका रूपमा विकास गर्न सहयोग गर्नु हो । यसका लागि विद्यालय शिक्षाका प्रारम्भिक कक्षादेखि नै नागरिक शिक्षालाई विभिन्न विषयमा एकीकृत गर्नुपर्दछ । यसअन्तर्गत लोकतान्त्रिक मूल्य र मान्यता, सहभागिता, सहनशीलता र खुलापन, विविधताको बोध र सम्मान, राष्ट्रिय पहिचान, समाज, भाषा, संस्कृति र राष्ट्रप्रति प्रेम र अपनत्व, व्यक्तिगत, सामाजिक तथा नागरिक दायित्व र जिम्मेवारी वहन गर्नेलगायत विश्वव्यापी चेतनाको विकास गराउनुपर्दछ । एउटा असल नागरिकको विकासका लागि विभिन्न विषयमा एकीकृत गरी

नागरिक सिपहरूसँग सम्बन्धित सिपहरूमा विद्यार्थीमा सक्षमताहरू हासिल गराउनुपर्दछ ।

**नागरिक सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*सहनशीलता र खुलापन, विविधताको सम्मान, अन्तरसांस्कृतिक बुझाइ, लोकतान्त्रिक सहभागितात्मक र समतामूलक मूल्य, वातावरणप्रतिको सजगता र सम्मान, राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति, सामाजिक एवम् नागरिक जिम्मेवारी, वैयक्तिक जिम्मेवारी*

# कक्षा १-३ का तहगत सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमता देहायबमोजिम हुने छन् :

१ आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग,

२ आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग,

३ अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास,

४ विज्ञान, वातावरण, सूचना प्रविधि सम्बन्धी आधारभूत ज्ञानको विकास,

५ शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास,

६ कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास,

७ आफ्ना परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास ।

# कक्षागत पाठ्यक्रमः कक्षा : १

स्थानीय विषयवस्तु Local Content

साप्ताहिक : ५ घण्टा वार्षिक : १६०

सैद्धान्तिक : ६० प्रतिशत प्रयोगात्मक : ४० प्रतिशत

**कक्षा एक (१)**

| एकाइ /पाठ | विषय क्षेत्र | क्रियाकलापभार | पाठ्यभार |
|---|---|---|---|
| एक : | म | ८ | ५ |
| दुई : | हामी | १० | ८ |
| तीन : | मेरो परिवार | १५ | १० |
| चार : | मेरो समुदाय | १५ | १० |
| पाँच : | मेरो हेटौँडा उपमहानगर | १५ | १० |
| छ : | हाम्रो उपमहानगरको पहिचान | २० | २० |
| सात : | हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा | २० | २० |
| आठ : | हाम्रो पेसा, व्यवसाय | १५ | २० |
| नौ : | हाम्रो जातजाति | १५ | २० |
| दश : | हाम्रो पहिरन | १५ | २० |
| एघार : | हाम्रो विद्यालयको नक्सा पहिचान | १२ | १७ |
| जम्मा | | १६० | १६० |

**कक्षा : एक (१) सक्षमताहरू :**

१. आफ्नो नामसहितको परिचय,

२. आफू र आफ्नो साथीहरूको परिचय,

३. परिवारको सदस्यहरूको नाम र नाता सम्बन्ध,

४. आफ्नो घर परिवारसँग जोडिएका छरछिमेकीहरूको पहिचान,

५. हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुख र आफ्नो वडाको अवस्था,

६. हेटौँडा उपमहानगरको चार किल्ला (क्षेत्र)को सिमाना,

७. आफ्नो वडा भित्रको प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको पहिचान,

८. आफ्नो वडा भित्रका मानिसको मुख्य पेसा, व्यवसाय,

९. आफ्नो वडा भित्रका मुख्य थरहरूको पहिचान,

१०. आफू र आफ्नो छिमेकीको पहिरनको अवस्था,

११. विद्यालयको नक्सा र अवस्थिति, अवलोकन र पहिचान ।

## कक्षा : एक

| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | म | आफ्नो नामसहित परिचय दिन | १. मातृभाषाको प्रयोग गर्दै आफ्नो परिचय भन्न लगाउने,<br>२. विद्यार्थीलाई नाम लेखिएको शब्दपत्ती बोकी अगाडि उभिन लगाउने,<br>३. हरेक विद्यार्थीलाई आ–आफ्नो नामको शब्दपत्ती वितरण गर्ने,<br>४. 'म' भन्ने अवधारणा आउने नाम शब्द पत्तीलाई कार्टुनमा राखी आ–आफ्नो नाम पत्ती छान्न लगाई पढ्न लगाउने,<br>५. चार/चार जनाको समूह बनाई प्रत्येक विद्यार्थीले अन्य ३ जना साथीको नाम बोलाइ बाँकी कक्षालाई सुनाउन लगाउने,<br>६. पजल बक्समा नामपत्ती टाँस्ने र उनीहरूलाई आफ्नो नामको नामपत्ती टिप्न लगाई पढ्न लगाउने,<br>७. नेपाली भाषामा "मेरो नाम ................ हो" भनी भन्न लगाउने, अङ्ग्रेजी भाषामा ':भ' को परिचय दिन "My name is ................." भनी आफ्नो परिचय १ वाक्यमा भन्न लगाउने, | 'म' शब्दपत्ती, 'नाम' शब्दपत्ती, १/१ फोटो सबैको (सङ्कलन गर्ने ।) | १. आफ्नो नाम भन ।<br>२. तिम्रो नाम लेखिएको शब्दपत्ती खोजेर देखाऊ ।<br>३. तिम्रो नाम थर वताऊ,<br>४. तिमी आफ्नो र एकजना साथीको नाम भन ।<br>५. What is your name ?<br>६. शब्दपत्तीमा देखिएको २ ओटा नामहरू पढ । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ८. स्थानीय भाषामा “म” सम्बन्धी क्रियाकलाप विद्यालय वा शिक्षकले आफ्नो परिवेशअनुसार थप गरी सञ्चालन गर्ने,<br>९.“म” पछि आफ्नो बानी, रुची, मन पर्ने र मन नपर्ने बानी भन्न लगाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| २ | हामी | आफू र आफ्नो साथीहरूको परिचय दिन | १. परिवारका सदस्यहरूको फोटो प्रदर्शन गरी परिवारको जानकारी दिने,<br>२. समूहमा बालबालिकालाई नामपत्ती चिन्ने क्रियाकलाप गराउने,<br>३. बालबालिकालाई आआफ्नो परिचय समूहमा दिन लगाउने,<br>४. सबै विद्यार्थीलाई आफ्नो व्यक्तिगत/पारिवारिक परिचय भन्न लगाउने,<br>५. रिङको प्रयोग गरी समूहमा मिलेर खेल खेल्न लगाउने,<br>६. आफ्नो समूहमा साथीहरूको परिचय भन्न लगाउने,<br>७. समूह विभाजन गरी छुट्टाछुट्टै खेल खेल्न लगाउने, | ‘नाम’ शब्दपत्ती, डोरी (रिङ्ग निर्माण गर्न), फोटो सबैको | १. तिम्रो परिवारमा को को हुनुहुन्छ ?<br>२. तिमी को हौ ?<br>३. तिम्रो मिल्ने साथीको नाम भन ।<br>४. तिम्रो समूहमा खेल खेल्ने साथीको नाम भन ।<br>५. तिम्रो कक्षामा जम्मा कति साथीहरू छन् ? | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ८. समूहमा डोरीको सहायताले आफ्ना साथीसँग खेल खेलाउने,<br>९. परिवारका सदस्यहरूको नामकरण गर्न लगाउने,<br>१०. आआफ्नो मातृभाषाको प्रयोग गरी परिवारको परिचय भन्न लगाउने,<br>११. स्थानीय भाषामा हामी सम्बन्धी क्रियाकलाप विद्यालय वा शिक्षकले आफ्नो परिवेशअनुसार थप गरी सञ्चालन गर्ने,<br>१२. साथीहरूको बिचमा अभिवादनसहित Mingle Activities वा यस्तै अन्य खेलहरू सिकाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ३ | मेरो परिवार | परिवारका सदस्यहरूको नाम र नाता सम्बन्ध बताउन | १. आफ्नो र परिवारको नाम एकल र सामूहिक रूपमा भन्न लगाउने,<br>२. घरमा भएका हजुरबुबा, हजुरआमा, बुवा, आमा, दाइ, दिदी, भाइ, बहिनीको नाम भन्न लगाउने,<br>३. घरमा भएका जम्मा व्यक्तिहरू गन्न र भन्न लगाउने, | 'नाम' शब्द पत्ती, 'सम्बन्ध' वाक्यपत्ती, पजल बक्स । | १. परिवारमा को को हुन्छन ?<br>२. तिम्रो परिवारमा कति जना हुनुहुन्छ ?<br>३. परिवारमा सबैभन्दा जेठो को हुनुहुन्छ ? | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४. शब्दपत्तीमा परिवारको नाम लेखी विद्यार्थीलाई चिन्न लगाउने,<br>५. पारिवारिक सम्बन्ध वा नाता सम्बन्धको जानकारी गराउने,<br>६. उमेर अनुसारको फोटो तयार गरी हजुरबुबा, हजुरआमा, बुवा,आमा, दाइ दिदीको, भाइबहिनीको फोटो चिन्न लगाउने,<br>७. परिवारको सदस्यहरूको नाम लेखिएको शब्दपत्ती टाँस गर्न लगाउने,<br>८. छोटो लघुकथाबाट परिवारमा भएका सदस्यहरूको भूमिका बताउने,<br>९. परिवारको सदस्यहरूको नाम जोडेर ४/६ लाइनको कविता तयार गरी सुनाउने,<br>१०. परिवारमा ठूलाले सानालाई माया, ममता, संरक्षण, सुरक्षा गर्छन् भनी बताउने,<br>११. परिवारमा सानाले ठूलालाई आदर सत्कार, सम्मान गर्छन भनी बताउने,<br>१२. शिक्षकले विद्यार्थीलाई माया, स्नेह गरेको भूमिका अभिनय गर्ने, | | ४. तिम्रो बुबा/आमाको नाम के हो ?<br>५. नमस्कार क कसलाई गर्नुपर्छ ?<br>६. शिक्षकलाई भेट्दा के भन्नु पर्छ ?<br>७. तिमीलाई खाना/खाजा कसले दिनुहुन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १३. विद्यार्थीहरूलाई घरमा गएर बुबाआमालाई नमस्कार, दर्शन, ढोग, प्रणाम वा अन्य स्थानीय भाषामा अभिवादन गरेको अभिनय गर्न लगाउने,<br>१४. स्थानीय भाषा, मातृभाषामा परिवारको पहिचान वा भूमिका झल्काउने उपयुक्त अन्य क्रियाकलाप गर्न लगाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ४ | मेरो समुदाय | आफ्नो घरपरिवारसँग जोडिएका छरछिमेकीहरूको नाम भन्न | १. विद्यार्थीहरूलाई आफ्नो घर वरपर क कस्को घर छ बताऊ भनी प्रश्न गर्ने,<br>२. घरपरिवारसँग जोडिएका घरहरू देखिने चित्र प्रस्तुत गरी 'छिमेकी' भन्ने अवधारणा बताइदिने,<br>३. छरछिमेकमा बस्ने व्यक्तिहरूलाई वल्लो घर र पल्लो घर भनिन्छ र अझै वरपरका घरहरू पनि जोडिएपछि छरछिमेकी भनिन्छ भनी तस्बिर वा श्रव्यदृश्यको प्रयोग गरी प्रदर्शन गर्ने,<br>४. विद्यार्थीहरूलाई तिम्रो छरछिमेकमा बस्ने तिम्रो साथीहरूको नाम भन भन्ने,<br>५. विद्यार्थीहरूलाई 'छरछिमेक' लेखिएको शब्दपत्ती देखाई सबैले एकै स्वरमा भन्न लगाउने, | 'नाम' शब्द पत्ति,<br>कार्टुन बक्स,<br>डोरी | १.तिम्रो ५ जना छिमेकीको नाम भन ।<br>२.छिमेकीमा भएका तिम्रा साथीहरूको नाम भन ।<br>३.समुदायमा को को बस्छन् ? भन ।<br>४.छरछिमेकमा भएका ३ महिलाको नाम भन ।<br>५.तिम्रो समुदायमा ३ जना पुरुषको नाम भन । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ६. छरछिमेकमा मानिसहरूसँगै काम गरिहेको तस्बिर प्रदर्शन गर्ने,<br>७. छिमेकी परिवारहरू भनी ३/३ जनाको तीनओटा समूह बनाई एउटा परिवारका प्रत्येक सदस्य (विद्यार्थी) ले अर्को समूहका (छिमेकी परिवारका) नाम भन्न लगाउने,<br>८. आफ्नो घर परिवारसँग जोडिएको छरछिमेकीको नाम पालैपालो भन्न लगाउने,<br>९. 'छिमेकी परिवारहरू' नामपत्ती लेखी एउटा भित्तामा टाँस गर्ने र छिमेकीहरूलाई नामले बोलाउने र उनीहरूलाई नाम नभन्नेहरूलाई के नाताले बोलाउँछौ भनी छलफल गर्ने,<br>१०. व्यक्ति परिवार र अर्को परिवार मिलेर समुदाय बनेको हुन्छ भन्ने तस्बिरहरू र श्रव्यदृश्य प्रदर्शन गर्ने,<br>११. विद्यार्थीहरूलाई चौरमा लागी चारओटा गोलो घेरामा बस्न लगाउने अनि चारओटै समूहलाई आआफ्नो छिमेकीमा को को बस्छन् नाम भन्न लगाउने, | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १२. छरछिमेकले गर्ने कामको आधारमा छरछिमेकको नाम बोलाइने गरेको कुरा पनि प्रश्नोत्तर गर्ने,<br>१३. कुनै कुनै समुदायमा परिवारका नातेदारहरू पनि बस्छन् भनी त्यस्तोमा नाता सम्बन्धले गरिने सम्बोधनको नाम पनि भन्न लगाउने,<br>१४.छिमेकी र नामहरू सेतोपाटीमा तालिका बनाई कुनै एक विद्यार्थीले भनेको नामहरू टिपोट गरी अरू विद्यार्थीहरूलाई पढ्न लगाउने,<br>१५. छिमेकीहरूको चित्र बनाएर चित्रको मुनि नाम शिक्षकले लेखिदिने । | | | |
| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ५ | मेरो हेटौँडा उपमहानगर | हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुख र आफ्नो वडाको अध्यक्षको नाम भन्न | १.आ–आफ्नो कक्षाको प्रमुख मनिटर को हो भनी चिह्न लगाउने,<br>२.आ–आफ्नो परिवारका घरका मुख्य घरमुली को हुन् ? भनी सोध्ने,<br>३.आफ्नो कक्षाको वर्ग शिक्षकको नाम भन्न लगाउने । | ‘नाम’ शब्द पत्ति प्रमुख/ उपप्रमुख/ वडाअध्यक्षको फोटो | १. तिमी कुन ठाउँमा बस्छौ ?<br>२. तिम्रो विद्यालयको प्रधानाध्यापकको नाम भन ?<br>३. तिम्रो कक्षा शिक्षकको नाम के हो ? | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४.आफ्नो विद्यालयको प्रधानाध्यापकको नाम भन्न लगाउने ।<br>५.आफ्नो वडाको वडा अध्यक्षको नाम भन्न लगाउने ।<br>६.वडा अध्यक्षको फोटो देखाई ती को हुने भनी चिह्न लगाउने ।<br>७.शब्दपत्तीमा हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुख र वडा अध्यक्षको नाम लेखिएको शब्दपत्ती देखाई नाम भन्न लगाउने,<br>८. साना साना ढुङ्गा वा डोरीको प्रयोग गरी घेरा बनाउन लगाउने,<br>९.घेराको बिचको भागलाई पहिला विद्यालय र पछि हेटौँडा उपमहानगर हो भनी नाम भन्ने,<br>१०.हेटौँडा उपमहानगरको पहिचान खुल्ने खालको कविता वा लघुकथा भन्ने,<br>११.हेटौँडा उपमहानगरको नक्सा प्रदर्शन गरी यही उपमहानगर हो भनी भन्ने,<br>१२.हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुख र वडा अध्यक्षको फोटो प्रदर्शन गरी जानकारी गराउने र नाम भन्न लगाउने,<br>१३.शब्द पत्तीमा हेटौँडा उपमहानगरको छोटो गीतको माध्यमद्वारा जानकारी/पहिचान गराउने, | | ४. तिम्रो वडा अध्यक्षको नाम भन ?<br>५. तिम्रो उपमहानगरको नाम के हो ?<br>६. तिम्रो उपमहानगरको प्रमुख को हुन्, भन ।<br>७. तिम्रो उपमहानगरको उपप्रमुखको नाम के हो ?<br>८. तिम्रो उपमहानगरको भवनको रङ्ग कस्तो छ, भन । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १४.उपमहानगरको रङ्ग नक्सा देखाई आफ्नो वडा चिह्न लगाउने,<br>१५.हेटौँडा उपमहानगरको रङ्ग चित्र देखाई यो के को चित्र हो भनी चिन्न लगाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ६ | हाम्रो उपमहानगरको पहिचान | हेटौँडा उपमहानगरको चार किल्ला चार सिमाना भन्न, | १. चारजना विद्यार्थीलाई अगाडि बोलाउने,<br>२. प्रत्येक विद्यार्थीलाई एक/एकओटा बल दिने,<br>३. बललाई चार कुनामा राख्न लगाउने,<br>४. बल भएको ठाउँरमा वरिपरिबाट चुन/रङ्गले घेर्न लगाउने,<br>५. बिचको भागमा हेटौँडा उपमहानगर लेखेको शब्दपत्ती र नक्सा राख्न लगाउने,<br>६. चार दिशामा चार प्रकारका फलफूल वा फलफूलको चित्र राख्न लगाउने, | चारओटा (सानो बल/खोया, चिम, फलफूल) स्थानीय सामग्री नगरपालिकाको रङ्गीन नक्सा | १. तिमी बस्ने ठाउँको नाम भन ?<br>२. तिम्रो उपमहानगरको नाम के हो ?<br>३. हेटौँडाको पूर्व दिशामा कुन ठाउँ पर्छ ?<br>४. हेटौँडाको पश्चिम दिशामा कुन ठाउँ पर्छ ?<br>५. तिम्रो कुन हात दाहिने हो ?<br>६. तिम्रो कुन हात देब्रे हो ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ७. जताबाट बिहान घाम उदाउँछ त्यो पूर्व हो भन्न लगाउने,<br>८. बेलुका घाम अस्ताउने पट्टि पश्चिम दिशा हो भन्न लगाउने,<br>९. एक जना विद्यार्थीलाई अगाडि बोलाई पूर्व फर्केर हात फैलाउन लगाउने,<br>१०. तिम्रो दाहिने हात दक्षिण र देब्रे हात उत्तर दिशामा पनि व्यक्ति गर्ने,<br>११. पूर्वमा र पश्चिममा फलफूलको चित्र छ भन्न लगाउने,<br>१२. उत्तर तथा दक्षिणमा कुन फलफूलको चित्र छ हेरेर भन्न लगाउने,<br>१३. चार दिशा र क्षेत्रको पहिचान पछि हेटौँडा उपमहानगरको रङ्गीन नक्सा देखाएर चिनारी गराउने,<br>१४. हेटौँडा उपमहानगरको पूर्व, पश्चिम, उत्तर र दक्षिण सीमाको नाम भनी दिने । | | ७. तिम्रो टाउको कुन भागमा छ ?<br>८. तिम्रो पैताला कुन भागमा छ ? | |

| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ७ | हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा | आफ्नो वडा भित्रको प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको नाम भन्न | १. स्थानीय क्षेत्रको वन जङ्गलको चित्र वा तस्बिर प्रदर्शन गर्ने,<br>२. वन, जङ्गल, नदी, खोला, ताल, पोखरी प्राकृतिक सम्पदा हुन भनी प्रष्ट पार्ने,<br>३. खेल मैदान, बगैँचा, पार्क, चौरहरूको नाम भनी ती प्राकृतिक सम्पदा हुन् भनी बताउने,<br>४. खेल मैदान, बगैँचा, प्राकृतिको चित्र वा तस्बिर देखाएर चिन्न लगाउने,<br>५. विद्यालय वरपरका मठ, मन्दिर कहाँ के के छन् भनी भन्न लगाउने,<br>६. विद्यार्थीले जानेका, सुनेका स्थानीय मन्दिरको नामहरू भन्न प्रेरित गर्ने,<br>७. मन्दिरको चित्र वा पोस्टर प्रस्तुत गरी चिन्न, भन्न लगाउने,<br>८. स्थानीय गुम्बाको चित्र अथवा पोस्टर देखाई भन्न र लेख्न लगाउने, | शब्दपत्ती,<br>नामपत्ती,<br>फोटो/तस्बिरहरू | १. नदी, खोला, ताललाई के भनिन्छ ?<br>२. मन्दिर, गुम्बा, मस्जिदलाई के भनिन्छ ?<br>३. हामी पानी कहाँबाट ल्याउँछौ ?<br>४. घर वरपरको खोला वा नदीको नाम भन ?<br>५. हामी पूजा गर्न कहाँ जान्छौँ ?<br>६. लामाहरू गुम्बामा के गर्न जान्छन् ?<br>७. हामी रमाइलो गर्न कहाँ जान्छौँ ?<br>८. मन्दिर, गुम्बा, मस्जिदलाई सफा राख्न के गर्नुपर्छ ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ९. सम्भव भए स्थानीय चर्च वा मस्जिदको चित्र प्रस्तुत गर्ने,<br>१०. सांस्कृतिक सम्पदाहरूको सूची तयार गरी कक्षाको अग्रभागमा टाँस गर्ने,<br>११. टाँस गरिएको सम्पदा सूचीलाई विद्यार्थीबाट वाचन गर्न लगाउने,<br>१२. फरक फरक प्राकृतिक र सांस्कृतिक सम्पदाको सूची कार्ड बनाई फरक पत्ता लगाउने, खेल खेलाउने,<br>१३. प्राकृतिक एवम् सांस्कृतिक सम्पदाबाट मानिसले लिने आनन्द बुझाउने छोटो कविता/गीत रचना गरी सुनाउने,<br>१४. प्राकृतिक/सांस्कृतिक सम्पादाको संरक्षण गर्ने उपायहरू समूहमा खोजी गर्ने । | | | |
| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ८ | हाम्रो पेसा, व्यवसाय | आफ्नो वडा भित्रको मानिसहरूको मुख्य पेसा व्यवसायको नाम भन्न | १. तिमीले के काम गर्छौ भन्न लगाउने, | पेसा/व्यवसाय झल्कने फोटो, तस्बिर, चित्र, पोस्टरहरू | १. तिमीले घरमा के काम गर्छौ ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २. आमाबुबाले गर्ने काम के के हुन् भन्न लगाउने,<br>३. तिम्रा छिमेकीले के के गर्छन् काम सोधी भन्न लगाउने,<br>४. विभिन्न पेसा व्यवसाय झल्कने चित्र फोटो वा तस्बिर देखाउने,<br>५. फोटोमा देखिएका मानिसहरूले के के काम गरिरहेका छन् भन्न लगाउने,<br>६. कृषि कार्य गर्न प्रयोग गरिने औजारहरूको चित्र देखाएर यी औजार कुन कामका लागि प्रयोग गरिन्छ भन्न लगाउने,<br>७. हलोको प्रयोग भएका तस्बिर/पोस्टर देखाई यो के कामको लागि प्रयोग गरिन्छ भन्न लगाउने,<br>८. मार्कर पेन, सेतोपाटी र कक्षाकोठाको चित्र वा फोटो वा तस्बिर देखाएर यस्तो काम गर्नेलाई के भनिन्छ भन्न लगाउने,<br>९. बाख्रा पालनको तस्बिर देखाई यो कुन पेसासँग आवद्ध छ चिन्न लगाउने,<br>१०. पशुपालन गरेको चित्र वा पोस्टर देखाएर उनीहरूले के गरिरहेका छन् भन्न लगाउने, | | २. तिम्रो आमाबुवाले के के काम गर्नुहुन्छ भन ।<br>३. तिम्रो आमाबुवाले खेतिपाती गर्न के कस्तो औजार प्रयोग गर्नुहुन्छ भन ।<br>४. तिम्रो छिमेकीका मानिसहरूले के के काम गर्नुहुन्छ भन ।<br>५. खेतबारीमा काम गर्ने पेसालाई के भनिन्छ ?<br>६. बाख्रा पालन कुन पेसासँग सम्बन्धित छ भन ।<br>७. विरामीको जाँच गर्ने व्यक्तिलाई के भनिन्छ ।<br>८. तिम्रो वडामा मुख्यतया कुन पेसाका मानिसहरू छन् भन । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ११. कापी कलम, लत्ताकपडा र खानेकुरा किन्न कहाँ जान्छौ, त्यस्ता सामग्री कसले दिन्छ र तिनीहरूलाई के भनिन्छ/भन्नपर्छ भनी छलफल चलाउने,<br>१२. आराको चित्र देखाई त्यसले गर्ने काम भन्न लगाउने,<br>१३. अस्पतालमा विरामी जाँच गरेको तस्बिर देखाई त्यस्ता व्यक्तिलाई के भनिन्छ भन्न लगाउने,<br>१४. विद्यालयको हाताभित्र फूलबारीमा सहभागी गराई/अवलोकन गराई यो कुन पेसासँग मिल्छ भन्न लगाउने,<br>१५. घर बनाई रहेको श्रव्यदृश्य सामग्री प्रयोग गरी त्यस्ता काम गर्नेलाई के भनिन्छ चिन्न लगाउने,<br>१६. आफ्नो वडामा मुख्यतया कुन पेसाका मानिसहरू छन् भन्न लगाउने, | | | |
| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ९ | हाम्रो जातजाति | आफ्नो वडा भित्रको मुख्य जातजातिको नाम भन्न | १. तिम्रो नाम भन भनी तिम्रो थरअनुसार तिमी कुन जातिको सदस्य हौ भनी एकल रूपमा ५ जनालाई सोध्ने, | शब्दपत्ती, नामपत्ती, फोटो/ चित्र/ पोस्टरहरू | १. तिम्रो जात के हो भन । | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २. तिम्रो र तिम्रो परिवारको जात एउटै हो थर एउटै हुन्छ भनी भनीदिने,<br>३. तिम्रो मामाको नामथर भन भनी तिम्रो मामाको जात के हो भनी ३ जना विद्यार्थीलाई सोध्ने,<br>४. विभिन्न जातिको नाम लेखिएको शब्दपत्ती देखाई भन्न लगाउने,<br>५. विभिन्न जातजातिको पहिचान झल्कने तस्बिर प्रदर्शन गरी जातिको नाम भन्न लगाउने विद्यार्थीले भन्न नसकेमा तस्बिरसँगै जातिको नाम लेखिएको शब्दपत्ती राखी फेरि भन्न लगाउने,<br>६. विद्यार्थीहरूलाई समूहमा राखी आफ्नो समूहमा पर्ने साथीहरूको जात भन्न लगाउने,<br>७. विद्यार्थीहरूलाई जातिको "नामपत्ती" राखिएको फरक फरक कक्षाकोठाको कुनामा गई उभिन लगाई क्रियाकलाप गराउने,<br>८. आफ्नो कक्षाकोठाभित्र कुन कुन जातिका मानिस रहेछन् छलफल गरी एकल र समूहगत भन्न लगाउने,<br>९. विद्यार्थीहरूलाई आफ्नो समुदायमा कुन कुन जातिका मानिस रहेछन् ? भन्न लगाउने, | | २. तिम्रो मामाघरको थर र जात भन ।<br>३. तिम्रो छिमेकमा कुन कुन जातका मानिस बस्छन् ?<br>४. तिम्रो कक्षाकोठामा कुन जातका मानिस बढी छन् ? भन ।<br>५. तिम्रो कक्षाकोठामा भएका ४ जातको नाम भन ।<br>६. तिम्रो वडामा सबैभन्दा बढी कुन जातिका मानिसहरू छन् ? भन । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १०. छिमेकमा बसोबास गर्ने मानिसहरूको जात भन्न लगाउने,<br>११. फरक फरक टोलबाट आउने विद्यार्थीहरूको समुदायमा उनीहरूले पहिचान गरेको जात भन्न लगाई शिक्षकले टिपोट गर्ने,<br>१२. टिपोट गरिएको जातजातिको नाम भन्न/पढ्न लगाउने,<br>१३. श्रव्यदृश्य प्रदर्शनको माध्यमबाट विभिन्न जातजातिको छोटो वृत्तचित्र वा तस्बिरहरू देखाई आफ्नो वडामा ती मध्ये कुन कुन जाति बसछन् भन्न लगाउने,<br>१४. आफ्नो वडाको धेरैओटा समुदायमा बस्ने जातिको शब्दपत्ती देखाई वडाको मुख्य जातजातिहरूको नाम पढ्न लगाउने,<br>१५. वडाभित्रका मुख्य जातजातिमध्ये नाम चलेका शिक्षक, कर्मचारी आई कक्षाकोठामा केही बोल्न लगाउने, | | | |

| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १० | हाम्रो पहिरन | आफू र आफ्ना छिमेकीको पहिरन पहिचान गर्न | १. तिमीले लगाएको कपडा कस्तो छ भन भनी प्रश्न सोध्ने र पहिरनको बारेमा परिचय गराउने,<br>२. तिम्रो परिवारमा दिदी, आमा र बुबा दाजुहरूले लगाउने कपडा कस्तो छ भनी महिला र पुरुषको पहिरनको अवधारणा दिने,<br>३ कक्षामा विद्यार्थीहरूलाई आफ्नो पहिरनको चित्र बनाउन लगाउने,<br>४. पहिरनहरूको नाम लेखिएको शब्दपत्ती देखाई भन्न लगाउने, महिला र पुरुषले लगाउने पोसाक छुट्याउन लगाउन,<br>५. परिवारका सदस्यहरूले लगाउने पहिरन भन्न लगाई शिक्षकले टिपोट गर्ने र विद्यार्थीहरूलाई चिन्न लगाउने<br>६. हाम्रो राष्ट्रिय पोसाकको चित्र देखाई पुरुषले लगाउने शिरदेखि खुट्टासम्मको पहिरनको नाम भन्न लगाउने, | पहिरन झल्किने तस्बिरहरू (केटा, केटी, आमा, बुबा, प्रहरी, सेना) फोटो, | १. तिमीले लगाउने पोसाकको नाम भन ।<br>२. महिला र पुरुषले लगाउने २/२ ओटा पहिरनको नाम भन ।<br>३. हाम्रो राष्ट्रिय पोसाकमा के के हुन्छन् ? भन ।<br>४. प्रहरीले लगाउने पहिरनमा के के हुन्छन् ?<br>५. डाक्टरले लगाउने पहिरनमा के के हुन्छन् ?<br>६. महिला शिक्षक र पुरुष शिक्षकले लगाउने पोसाकको बारे भन । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ७. हाम्रो राष्ट्रिय पोसाकको चित्र देखाई महिलाले लगाउने शिरदेखि खुट्टासम्मको पहिरनको नाम भन्न लगाउन,<br>८. प्रहरी, सेना, डाक्टर, शिक्षक, गार्ड, मजदुर आदिको चित्र देखाई यी व्यक्तिहरूले के लगाएका छन् ? भनी सोध्ने,<br>९. पेसा अनुसारको पहिरन झल्किने श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने,<br>१०. एकदिन कक्षाका विद्यार्थीहरूलाई आफ्नो सांस्कृतिक पहिरनमा खिचेको तस्बिरहरू ल्याई शिक्षकलाई देखाउने,<br>११. जाति अनुसारको विवाहमा लगाउने पहिरनको तस्बिरहरू प्रदर्शन गर्ने,<br>१२. कक्षालाई ४ समूहमा विभाजन गरी दुई दुई समूहलाई आफ्नो छरछिमेकमा भएका महिला र पुरुषले लगाउने पहिरनको नाम भन्न लगाउने,<br>१३. घर, समदाय र बजारमा देखेका प्रहरी, डाक्टर र अन्य व्यक्तिहरूको पहिरनका नामहरू भन्न लगाउने,<br>१४. विद्यालयमा आफ्नो, शिक्षकको र कर्मचारीले लगाउने पोसाक छुट्याई भन्न लगाउने । | | ७. तिम्रो जातिमा विवाह गर्दा दुलाहा र दुलहीले के के लगाउँछन् ? भन ।<br>८. तिम्रो छरछिमेकमा महिला र पुरुषले कस्तो पोसाक लगाउँछन् ? भन ।<br>९. महिला र पुरुषले लगाउने राष्ट्रिय पोसाकको नाम भन । | |

| सि. नं. | विषय/क्षेत्र | कक्षागत उद्देश्य/ सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप सङ्ख्या | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ११ | हाम्रो विद्यालयको नक्सा पहिचान | आफू पढ्ने विद्यालयको नक्सा पहिचान गर्न | १. आफू बसेको बेञ्च तथा कक्षामा भएको टेवल सेतोपाटी, कुर्सी हेर्न लगाउने,<br>२. सिधा तेस्रो र ठाडो आदि धर्काहरू तान्न लगाउने,<br>३. एउटा बलमा शब्दपत्ती टाँस गरी कुन दिशा कता पर्छ भन्न लगाउने,<br>४. कक्षाकोठाको नक्सा बनाई स्पष्ट गरिदिने,<br>५. शिक्षकले घरदेखि विद्यालयसम्मको नक्सा बनाई जानकारी दिने,<br>६. घरदेखि विद्यालयसम्म आउँदा कुन कुन स्थान पर्छन् भन्न लगाउने,<br>७. विद्यालयको तस्बिर देखाई आफ्नो कक्षा चिन्न लगाउने,<br>८. विद्यालयको तस्बिर देखाई आफ्नो कक्षा चिन्न लगाउने,<br>९. विद्यालयको चारै दिशामा कुन कुन संरचना पर्छन चिन्न लगाउने, | आफ्नो कक्षाको नक्सा/फोटो<br>वडाको नक्सा/फोटो<br>नगरपालिकाको नक्सा | १. सेतोपाटी र कुर्सीको आकार कस्तो छ ? भन ।<br>२. सिधा, तेस्रो र ठाडो धर्का तानेर देखाऊ ।<br>३. तिम्रो घरदेखि विद्यालय आउँदा कुन दिशा पर्छ ?<br>४. तिम्रो वडाको कुन टोलमा वडा कार्यालय पर्छ ? भन । | १७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १०. विद्यालयको श्रव्यदृश्य सामग्रीको प्रयोग गरी आफ्नो विद्यालय कता पर्छ, कुन दिशामा पर्छ पहिचान गर्न लगाउने,<br>११. विद्यालयको नक्सा देखाई विद्यालय वरिपरि पर्ने एक सम्पदाको पहिचान गर्न लगाउने,<br>१२. सम्बन्धित वडाको रङ्गीन नक्सा देखाई आफ्नो विद्यालय चिन्न लगाउने, | | | |
| | | जम्मा क्रियाकलाप | १६० | | जम्मा वार्षिक पाठ्यभार | १६० |

# कक्षागत पाठ्यक्रमः कक्षा : २

स्थानीय विषयवस्तु Local Content

साप्ताहिक : ५ घण्टा    वार्षिक : १६०

सैद्धान्तिक : ६० प्रतिशत    प्रयोगात्मक : ४० प्रतिशत

## कक्षा दुई (२)

स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम

| एकाइ /पाठ | विषय क्षेत्र | क्रियाकलापभार | पाठ्यभार |
|---|---|---|---|
| एक : | म | ८ | ५ |
| दुई : | हामी | १० | ८ |
| तीन : | मेरो परिवार | १५ | १० |
| चार : | मेरो समुदाय | १५ | १० |
| पाँच : | मेरो हेटौँडा उपमहानगर | १५ | १० |
| छ : | हाम्रो उपमहानगरको पहिचान | २० | २० |
| सात : | हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा | २० | २० |
| आठ : | हाम्रो पेसा, व्यवसाय | १५ | २० |
| नौ : | हाम्रो जातजाति | १५ | २० |
| दश : | हाम्रो पहिरन | १५ | २० |
| एघार : | हाम्रो वडाको नक्सा पहिचान | १२ | १७ |
| | जम्मा | १६० | १६० |

## कक्षा : दुई (२) सक्षमता

१. आफ्नो नाम लेखी साथीहरूलाई चिनाउन,

२. आफू र आफ्नो साथीहरूको नाम लेखी आपसमा चिन्न/चिनाउन,

३. आफ्नो परिवारको सदस्यहरूको नाम लेखी नाता सम्बन्ध, बताउन
४. आफ्नो छरछिमेकी तथा विद्यालयको बारेमा बताउन,
५. नगरपालिकाले गर्ने विकास कार्यहरूको सूची भन्न,
६. हेटौँडा उपमहानगरको भौगोलिक अवस्थितिका बारेमा बताउन,
७. हेटौँडा उपमानगरपालिकाको प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूको पहिचान गर्न,
८. आफ्नो नगरभित्रको मानिसले गर्ने मुख्य पेसा एवम् व्यवसायका बारेमा बताउन,
९. आफ्नो विद्यालयका शिक्षक, शिक्षिकाको काम कर्तव्य भन्न,
१०. आफू र आफ्नो छिमेकीले लगाउने पहिरनका बारेमा बताउन,
११. ट्राफिक चिन्ह र सङ्केतको पहिचान गर्न र प्रयोग गर्न ।

# कक्षा : दुई

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | म | आफ्नो नाम लेखी साथीहरूलाई देखाउन, | १. आफ्नो पहिचान झल्कने चित्र सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने,<br>२. शिक्षकले आफ्नो चित्र देखाई म भनेको यो हुँ भनी अवधारणा देखाउने,<br>३. विद्यार्थीहरूलाई आ–आफनो नाम लेख्न लगाई पढ्न लगाउने,<br>४. विद्यार्थीहरूलाई आ–आफ्नो फोटो देखाई नाम भन्न लगाउने,<br>५. दुई जना विद्यार्थीलाई अगाडि ल्याई समूहमा साथीको नाम भनेर परिचय गराउन लगाउने, यो क्रम अन्य विद्यार्थीहरूमा पनि दोहोऱ्याउने,<br>६. विद्यार्थीलाई आफ्नो नाम, थर र उमेर भन्न लगाई अरू विद्यार्थीलाई लेख्न लगाउने,<br>७. सबैलाई आफ्नो आफ्नो नाम लेख्न लगाई बाँकी विद्यार्थीलाई पढ्न लगाउने,<br>८. ४ समूहमा विभाजन गरी तालिकामा आफ्नो समूहको साथीहरूको नाम लेख्न लगाउने, | 'म' शब्दपत्ती,<br>'नाम' शब्दपत्ती,<br>१/१ फोटो सबैको | १. तिम्रो नाम लेख ?<br>२. तिमी को हौ ? लेख ।<br>३. तिम्रो घर भएको ठाउँको नाम लेख ।<br>४. तिम्रो आफ्नो फोटो टाँसी फोटाको मुनि नाम लेख ।<br>५. आफ्नो बारेमा ४ वाक्यमा लेख । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ९. सबैलाई आ–आफ्नो नामपत्ती बोक्न लगाई दुई समूह बनाऊर नाम बोलाउने र खेल खेलाउने,<br>१०. खेल खेल्दा आफूले पढेको साथीको नाम लेख्न लगाउने,<br>११. आफ्नो पहिचान दिन आफ्नो पूरा नाम थर लेखी रङ्गीन रङले रेखाङ्कन गर्न लगाउने,<br>१२. विद्यार्थीलाई खाली मेटाकार्ड दिई आफ्नो नाम, थर, उमेर र घर भएको स्थानका नाम लेख्न लगाउने, | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| २ | हामी | आफ्नो र साथीहरूको नाम लेखी आपसमा चिन्न र चिनाउन | १. आफ्नो वा हाम्रो पहिचान झल्कने पोस्टर तयार गरी लेख्न लगाउने,<br>२. आफ्नो साथीको समूह बनाउन लगाउने,<br>३. आफ्ना साथीहरूको नाम लेख्न लगाउने,<br>४. आआफ्नो मिल्ने साथीहरूको नाम लेख्न लगाउने, | 'नाम' शब्द पत्ती, 'डोरी' रिङ निर्माण गर्न, फोटो सबैको | १. कुनै पाँच जना साथीको नाम लेख ।<br>२. समूहमा रिङ खेल्ने साथीहरूको नाम तालिकामा लेख ।<br>३. आफ्नो दुई साथीको नाम, उमेर र थर लेख ।<br>४. आफ्नो छिमेकमा भएका साथीको नाम लेख । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५. डोरी तान्ने खेल खेल्न लगाई आफ्नो समूहका साथीको नाम भन्न र लेख्न लगाउने,<br>६. समूहमा 'हामी' लेख्न लगाई अर्को साथीलाई नाम भन्दै पढ्न लगाउने,<br>७. आफ्नो साथीको नाम पजलबक्समा लेख्न लगाउने, | | ५. आफ्नो मिल्ने साथीको बारेमा पाँच वाक्यमा लेख ।<br>६. कक्षालाई २ समूह बनाई तालिकामा एकातर्फ नाता सम्बन्ध र अर्कोतर्फ नातेदारको नाम लेख्न लगाई एउटा समूहको तालिका अर्कोले पालैपालो पढ्न लगाउने,<br>७. कक्षाकोठामा दुईओटा स्थान तोकी कसको घरमा हजुरबुबा, हजुरआमा हुनुहुन्छ ? दुवै हुने एकातिर र १ जनामात्र हुने एकातर्फ उभिन लगाउने र आ–आफ्नो हजुरबुबा/हजुरआमाको नाम सबैले सुन्ने गरी भन्न लगाउने, | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ८. समूहका साथीहरूको नाम लेखिएको शब्दपत्ती बनाउन लगाउने,<br>९. रिङको सहायताले समूहमा मिलिजुली खेल खेल्न लगाउने,<br>१०. आफ्ना मिल्ने साथीको चित्र बनाई तालिकामा नाम लेख्न लगाउने,<br>११. गोलो गोलो घेरामा उभिन लगाई एउटै अक्षरबाट नाम आउने साथीको समूह बनाउन लगाउने,<br>१२ आफ्नो मिल्ने साथीको नाम शीर्षक लेखी पाँच वाक्य लेख्न लगाउने । | | ८. पजल बक्समा परिवारको नाम टाँस्न लगाउने,<br>९. परिवारको सचित्र बुकलेट प्रदर्शन गर्ने,<br>१०. विद्यार्थीहरूलाई आमा, बुबा, छोरा, छोरी र अन्यको छोटो संवाद बनाई भूमिका अभिनय गर्न लगाउने,<br>११. परिवारका सदस्यहरूले गर्ने कामको बारेमा ४ वाक्यदेखि ६ वाक्यसम्मको गीत बनाई सुनाउने,<br>१२. विद्यालयको चौरमा लगी परिवारको सदस्यहरूको नाता र सम्बन्ध जोडा मिलाई खेल खेलाउने, | |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३ | मेरो परिवार | आफ्नो परिवारका सदस्यहरूको नाम लेखी नाता सम्बन्ध तालिकामा भर्न | १. परिवारको चित्र देखाई यहाँ को को छन् ? यिनीहरू को को हुन भनी छलफल गर्ने,<br>२. 'आमा' 'बुबा' लेखिएको शब्द पत्तीहरूसहितको जोडा मिलाउन खेलाउने ।<br>३. छोरा, छोरी, दाजु, भाइ, काका, काकी, बुबा, आमा, हजुरबा, हजुरआमा आदिको चित्र बनाई मर्यादाअनुसार कहिले सानोबाट कहिले ठूलोबाटअनुसार देखाउने,<br>४. एकल परिवार संयुक्त परिवारको अवधारणा दिन बाबुआमा र छोरछोरीमात्र भएको तस्बिर र तीन पुस्ते सदस्यहरू भएका परिवार देखाई समूहमा छलफल गर्ने,<br>५. 'मेरो परिवार' शीर्षक राखी वृक्ष चित्रमा परिवारको नाता सम्बन्ध लेख्न लगाउने,<br>६. कक्षालाई २ समूह बनाई तालिकामा एकातर्फ नाता सम्बन्ध र अर्कोतर्फ नातेदारको नाम लेख्न लगाई एउटा समूहको तालिका अर्कोले पालैपालो पढ्न लगाउने, | 'नाम' शब्दपत्ती, 'सम्बन्ध' वाक्यपत्ती, पजल बक्स | १. तिम्रो परिवारको वृक्षचित्र बनाऊ,<br>२. तिम्रो परिवारको सदस्यहरूका नाम लेख,<br>३. नाता सम्बन्धलाई तालिकामा लेख,<br>४. तिम्रो परिवारका सदस्यहरूका बारेमा ४ वाक्य लेख,<br>५. तिम्रो परिवारको घरमुलीको नाम लेख, | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ७. कक्षाकोठामा दुईओटा स्थान तोकी कसको घरमा हजुरबुबा हजुरआमा हुनुहुन्छ ? दुवै हुने एकातिर र १ जनामात्र हुने एकातर्फ उभिन लगाउने र आ–आफ्नो हजुरबुबा/हजुरआमाको नाम सबैले सुन्नेगरी भन्न लगाउने,<br>८. पजल बक्समा परिवारको नाम टाँस्न लगाउने,<br>९. परिवारको सचित्र बुकलेट प्रदर्शन गर्ने,<br>१०. विद्यार्थीहरूलाई आमा, बुवा, छोराछोरी, र अन्यको छोटो संवाद बनाई भूमिका अभिनय गर्न लगाउने,<br>११. परिवारका सदस्यहरूले गर्ने कामको बारेमा ४ वाक्यदेखि ६ वाक्यसम्मको गीत बनाई भूमिका अभिनय गर्न लगाउने,<br>१२. विद्यालयका चौरमा लगी परिवारको सदस्यहरूको नाता र सम्बन्ध जोडा मिलाई खेल खेलाउने, | | | |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ४ | मेरो समुदाय | आफ्नो छरछिमेकीहरू र आफ्नो विद्यालयको नाम लेख्न | १. विभिन्न प्रकारका छिमेकीहरूका तस्बिर एवम् श्रव्यदृश्य सामग्री प्रदर्शन गरी समुदायको अवधारणा दिने,<br>२. कक्षाकोठामा भएका विद्यार्थीहरूलाई चौरमा लगी ढुङ्गाले घेरिएको छुट्टाछुट्टै ४ समूहमा बस्न लगाउने र "छिमेकीको घर भेट गर्ने" खेल खेलाउने,<br>३. समुदायको कुनै एक बृद्ध व्यक्तिलाई बोलाई उहाँको जाति, संस्कृति र समुदायमा गरिने कार्यहरूका बारेमा कुराकानी गर्न लगाउने,<br>४. तिम्रो समुदायमा भएका दुईजना छिमेकीको नाम भन भनी पालैपालो भन्न लगाउने,<br>५. विद्यालयको नाम लेखी त्यहाँ कुन–कुन समुदायको विद्यार्थी पढ्न आउँछन् आफ्नै कक्षाकोठामा हेरी समुदायको नाम र त्यो समुदायको विद्यार्थीको नाम पनि लेख्न लगाउने,<br>६. समुदायका मानिसहरूको नाम पजल बक्समा पूरा लेख्न लगाउने, | 'नाम' शब्दपत्ती, कार्ट'न, बक्स, डोरी | १. तिम्रो समुदाय भएको स्थानको नाम लेख ।<br>२. तिम्रो छिमेकीहरूको नाम लेख ।<br>३. तिम्रो समुदायमा सबैभन्दा जेष्ठ सदस्यको नाम के हो ? लेख ।<br>४. तिम्रो विद्यालयको नाम लेख ।<br>५. तिम्रो विद्यालय रहेको स्थानको नाम लेख ।<br>६. तिम्रो परिवारसँगै भएको दुईओटा छिमेकी परिवारको प्रत्येकको नाम लेख । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ७. विद्यालयका नामका अक्षरहरू टाँसी पजल बक्समा लेख्न लगाउने,<br>८. विद्यालय प्राङ्गणमा ल्याई विद्यालयको नाम पढ्न र लेख्न लगाउने,<br>९. छिमेकी परिवारको भूमिका निर्वाह गर्न लगाउने,<br>१०. आफ्नो छरछिमेकको घर भएको सामान्य नक्सा कोर्न सिकाउने,<br>११. आफ्ना साथीहरूको छिमेकीको नाम सेतोपाटीमा लेख्न लगाउने,<br>१२. विद्यालय नजिक रहेको समुदायको १ दिन क्षेत्र भ्रमण गराउने, | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ५ | मेरो हेटौँडा उपमहानगर | नगरपालिकाले गर्ने विकास कार्यहरूको सूची तयार गर्न | १. विकासको अवधारणाको बारेमा स्पष्ट पारिदिने,<br>२. हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुखको नाम लेखिएको शब्दपत्ती देखाएर लेख्न लगाउने, | 'नाम' शब्दपत्ती, प्रमुख/ उपप्रमुख/ वडाअध्यक्षको कामको सूची कार्ड | १. विकास भनेको के हो ? लेख ।<br>२. विकासका कार्य भित्र के के पर्छन् ? सूची बनाऊ । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३. विकास निर्माण कार्य झल्किएको पोस्टर देखाई यही नै विकास हो भनी प्रदर्शन गर्ने,<br>४. बाटो बन्नु, गाडी चल्नु, अस्पताल निर्माण हुने कार्य आदि भनेर देखाउने,<br>५. समुदायमा भएका सकारात्मक परिवर्तन लेख्न लगाउने,<br>६. विद्यालयमा प्रधानाध्यापकले गर्ने कामको सूची बनाउन लगाउने,<br>७. आ–आफ्नो वडाध्यक्षको कामहरू लेख्न लगाउने,<br>८. आ–आफ्नो वडाको कार्यालयमा भ्रमण गराई वकास गतिविधिको पहिचान गराउने,<br>९. स्थानीय प्रतिनिधिलाई कक्षामा आमन्त्रित गरी अन्तर्वार्ता वा छलफल चलाउने,<br>१०. नगरपालिकाले प्रदान गरेका सेवा सुविधाका बारेमा सम्बन्धित कक्षा शिक्षकले भनीदिने,<br>११. नगरपालिकाले गर्ने कार्यको सूची बनाउन लगाउने, आफ्नो विद्यालयमा नगरपालिकाद्वारा सम्पन्न भएको कुनै एक विकास कार्यको अवलोकन गराउने, | | ३. तिम्रो समुदायमा भएका सकारात्मक परिवर्तनको तालिका बनाऊ ।<br>४. तिम्रो विद्यालयमा प्रधानाध्यापकले गर्ने कार्यलाई बुँदागत रूपमा लेख ।<br>५. तिम्रो समुदायमा वडाध्यक्षले गरेका कार्यको सूची बनाऊ ।<br>६. नगरपालिकाले गर्ने कार्य तालिकामा प्रस्तुत गर । | |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६ | हाम्रो उपमहानगरको पहिचान | हेटौँडा उपमहानगरको चार दिशा तोकी नाम लेख्न | १. साना साना ढुङ्गा सङ्कलन गरी घेरा बनाउन लगाउने,<br>२. घेरा लगाएको ठाउँको भागलाई हेटौँडा हो भन्न लगाउने,<br>३. पहिचान खुलाउन लघुकथा हाउभाउसहित सुनाउने,<br>४. दुईओटा काठ जोडर विद्यार्थीलाई दिशाको अवधारणा दिने,<br>५. कुनै एउटा विद्यार्थीलाई अगाडि बोलाई हातको सहायताले हाउभाउसहित दिशा पहिचान गराउने,<br>६. बलमा शब्दपत्ती टाँस गरी कुन दिशा कता पर्छ भन्न लगाउने,<br>७. आफ्नो कक्षाको कुन दिशामा तिमी बस्छौ भन्न लगाउने,<br>८. विद्यालयको कुन दिशामा तिम्रो कक्षा पर्छ देखाउन लगाउने, | चारओटा लठ्ठी, डोरी, चुन/खरानी, नगरपालिकाको रङ्गीन नक्सा | १. तिम्रो उपमहानगरको नाम के हो ?<br>२. हाम्रो हेटौँडा कुन प्रदेशमा पर्दछ ?<br>३. सूर्य विहान कुन दिशाबााट उदाउँछ ?<br>४. साँझ सूर्य कुन दिशाबाट अस्ताउँछ ?<br>५. तिम्रो विद्यालयबाट नगरपालिका कता पर्दछ ?<br>६. हाम्रो नगरपालिकामा कुन नदी पर्दछ ?<br>७. हाम्रो हेटौँडामा कुन पार्क /स्मारक छ ?<br>८. हाम्रो नगरभित्र रहेको कुनै २ मन्दिरको नाम भन । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ९. आआफ्नो वडाको कुन क्षेत्रमा/दिशामा तिम्रो विद्यालय पर्छ बताउन लगाउने,<br>१०. विभिन्न आकृतिको सामान्य चित्र कोर्न सिकाउने,<br>११. कोरिएको आकृतिलाई परस्परमा जोड्न सकाउने,<br>१२. कक्षाको चार किल्लालाई डोरी वा चुनको माध्यमले जोड्न सिकाउने,<br>१३. डोरीले बाँधिएको घेराभित्र नगरपालिकाको नक्सा टाँस गरेर देखाउने,<br>१४. विद्यालयको कुन दिशामा उपमहानगर पर्छ भन्न लगाउने र लेख्नसमेत लगाउने,<br>१५. वडाको रङ्गीन नक्सा देखाई हेटौँडा उपमहानगर कता/कुन दिशामा पर्छ भन्न लगाउने,<br>१६. हेटौँडा उपमहानगरको रङ्गीन नक्सा देखाई आफू बस्ने ठाउँ देखाउन लगाउने,<br>१७. हेटौँडा उपमहानगरको चारै दिशामा पर्ने सिमानाको नाम लेखिएको शब्दपत्ती प्रयोग गरी भन्न र लेख्न लगाउने, | | ८. हेटौँडा उपमहानगरपलिका कति वडामा विभाजित छ ? | |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| --- | --- | --- | --- | --- | --- | --- |
| ७ | हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा | नगरपालिका भित्रको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अलग अलग सूची तयार गर्न | १. प्राकृतिक बस्तुको चित्र अवलोकन गराउने,<br>२. विद्यालय नजिक रहेका खोलानाला, घाँसे भूमि, पहाड आदि प्राकृतिक सम्पदा हुन भनी दिने,<br>३. प्राकृतिक सम्पदाको नाम टिप्न लगाउने,<br>४. आफ्नो विद्यालय वरिपरि रहेका प्राकृतिक सम्पदाको सूची टिप्न लगाउने,<br>५. प्राकृतिक सम्पदाको नाम लेखिएको शब्द पत्ति प्रदर्शन गरी नाम भन्न र लेख्न लगाउने,<br>६. सांस्कृतिक सम्पदाको चित्र वा पोस्टर प्रदर्शन गर्ने,<br>७. आफ्नो वडाभित्रका सांस्कृतिक सम्पदाको सूची बनाउन लगाउने,<br>८. आफ्नो विद्यालय नजिक रहेका सांस्कृतिक सम्पदाको भ्रमण गराउने,<br>९. भ्रमण गरिएका स्थानका सांस्कृतिक सम्पदाको नाम टिप्न लगाउने, | 'शब्द ' पत्ती,<br>'नाम' पत्ती,<br>फोटो/तस्बिरहरू | १. प्राकृतिक सम्पदा के हो ? नाम लेख,<br>२. तिम्रो घर नजिक कुन मन्दिर छ ? लेख ।<br>३. नदीको चित्र बनाऊ ।<br>४. तिम्रो विद्यालय नजिक रहेका प्राकृतिक सम्पदाको नामको सूची तयार गर ।<br>५. तिम्रो वडाभित्र कुन कुन सांस्कृतिक सम्पदाहरू छन् ? नाम लेख ।<br>६. तिम्रो घर नजिकको एउटा गुम्बाको सफा चित्र बनाऊ । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १०. आफ्नो घर नजिकको मठ मन्दिर, गुम्बा, चर्च, र मस्जिदको नाम टिपोट गर्न लगाउने,<br>११. सांस्कृतिक सम्पदाको महत्त्व झल्कने छोटो गीत वा कविता सुनाउने,<br>१२. सांस्कृतिक र प्राकृतिक सम्पदाको मिश्रण गरी खेलको माध्यमले अलग अलग सूची बनाउन लगाउने, | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ८ | हाम्रो पेसा, व्यवसाय | आफ्नो नगरभित्रका मानिसहरूले गर्ने मुख्य पेसा एवम् व्यवसायको सूची तयार गर्न | १. मानिसले गर्ने विभिन्न कामहरू झल्कने चित्रहरू, पोस्टरहरू प्रदर्शन गर्ने,<br>२. कस–कसले के के काम गरिरहेका छन्, समूहमा सोध्ने,<br>३. चित्र वा पोस्टर हेरेर कामहरू छुट्टयाउन लगाउने,<br>४. मानिसले गर्ने कामहरूलाई शब्दपत्तीमा लेख्न लगाउने,<br>५. आफ्नो परिवारमा आमाबुबाले के के काम गर्न' हुन्छ भन्न र लेख्न लगाउने, | पेसा/व्यवसाय झल्कने फोटो, तस्बिर, चित्र, पोस्टरहरू | १. तिमी के के काम गर्न सक्छौ ?<br>२. तिम्रो परिवारमा कसले के काम गर्छन् ?<br>३. तिम्रो छिमेकीले के के काम गर्छन ?<br>४. पढाउने कामलाई के भनिन्छ ?<br>५. कृषकले कहाँ काम गर्दछन् ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ६. आफ्नो नगरपालिकाभित्रका मानिसहरूले गर्ने मुख्य पेसा र व्यवसाय लेखिएको शब्दपत्ती प्रदर्शन गर्ने,<br>७. आफ्ना छिमेकीहरूले गर्ने काम, पेसा, व्यवसायको सूची बनाउन लगाउने,<br>८. श्रव्य दृश्य सामग्री (मोवाइल) को प्रयोग गरी विभिन्न पेसा र व्यवसाय गरेको प्रदर्शन गर्ने,<br>९. कृषकले, डाक्टरले, शिक्षकले कस्ता कार्यहरू गर्दछन् भनी छलफल गराउने,<br>१०. गाडी चलाउने, घर बनाउने, सामान बेच्ने जस्ता पेसा, व्यवसायको नाम सोध्ने,<br>११. पेसा र काम गर्ने व्यक्तिको चित्र वा फोटो वितरण गरी शब्दपत्तीमा लेख्न लगाउने,<br>१२. पेसा, व्यवसायबाट आर्थिक लाभ हुन्छ भन्ने धारणाको विकास गर्ने,<br>१३. सबै विद्यार्थीलाई बिहानदेखि बेलुकासम्म आफूले गर्ने कामको सूची बनाउन लगाउने । | | ६. घर बनाउने पेसालाई के भनिन्छ ?<br>७. पेसा व्यवसायबाट के प्राप्त हुन्छ ?<br>८. तिमीलाई भविष्यमा के बन्ने चाहना छ ? | |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ९ | हाम्रो जातजाति | आफ्नो वडा र समुदाय भित्रका जातजातिको वर्गीकरण गर्न | १. कक्षामा प्रत्येक विद्यार्थीलाई थर सोधी भन्न र लेख्न लगाउने,<br>२. विद्यार्थीहरूलाई जातको शब्दपत्ती देखाई त्यो जातको बारेमा बताइदिने,<br>३. शब्दपत्ती राखी विभिन्न जातजातिका विद्यार्थी समूह विभाजन गरी देखाउने,<br>४. विभिन्न जातिको शब्दपत्ती देखाई जातिको नाम लेख्न लगाउने,<br>५. विभिन्न जातजातिको मुखाकृति झल्किने नाम के के रहेछन्, भनी छलफल गर्दै लेख्न लगाउने,<br>६. हाम्रो वडाको मुख्य जातजातिको नाम के के रहेछन् भनी छलफल गर्दै लेख्न लगाउने,<br>७. तस्बिर प्रदर्शन गरी शब्दपत्तीमा जातजातिको नाम लेखी तस्बिरसँगै भित्तामा टाँसेर देखाउने,<br>८. प्रदर्शन गरिएको जातजातिको सूची देखाई लेख्न लगाउने,<br>९. विद्यार्थीहरूलाई आ–आफ्नो घर वरिपरि बसोबास गर्ने जातजातिको नाम लेख्न लगाउने, | 'शब्द ' पत्ती, 'नाम' पत्ती, फोटो/चित्र/ पोस्टरहरू | १. तिमी कुन जातिका हौ ? लेख ।<br>२. तिम्रो कक्षाका चार फरक फरक जातिका साथीको नाम लेख ।<br>३. तिम्रो समुदायमा कुन कुन जातिहरू बस्छन ? सूची बनाऊ ।<br>४. तिम्रो समुदायमा बढी सङ्ख्यामा बस्ने मुख्य जातिको नाम लेख ।<br>५. आफ्नो कक्षामा भएका विभिन्न जातजातिका नाम र साथीको नाम तालिकामा भर ।<br>६. तिम्रो समुदायको नाम र बस्ने जातिको नाम लेख । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १०. आफ्नो वडाभित्रको मुख्य जातजातिको नाम शब्दपत्ती प्रदर्शन गरी लेख्न लगाउने,<br>११. कुनै एक दिन कक्षाकोठामा वडाको प्रमुख जातिको एक महिला र एक पुरुष आमन्त्रण गरी विद्यार्थीहरूसँग सम्बन्धित जातिको बारेमा छलफल गर्न लगाउने,<br>१२. पजल बक्समा अक्षर टाँसी वडाको मुख्य जातजातिको नाम पढ्न र लेख्न लगाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| १० | हाम्रो पहिरन | आफू र आफ्नो छिमेकीले लगाउने पहिरनको (पोसाकको ) नाम लेख्न | १. हामीले लगाएको कपडा कस्तो छ भनी छलफल गर्दै पहिरन भनेको पोसाक हो भन्ने अवधारणा दिने,<br>२. कक्षामा रहेका विद्यार्थीहरूलाई आफूले लगाएको पहिरनको तस्बिर बनाउन लगाउने,<br>३. विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गरी उनीहरूको परिवारले लगाउने पहिरनको नाम भन्न लगाउने, | केटा र केटी, महिला र पुरुष, बालक/बृद्धबृद्धा झल्कने फोटो तस्बिरहरू | १. तिमीले लगाएको कपडा कस्तो छ, लेख ।<br>२. तिम्रो परिवारका सदस्यहरूले लगाउने कपडाको नाम लेख ।<br>३. महिला र पुरुषले लगाउने कपडाको सूची बनाऊ । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४. "तिम्रो परिवारमा आमा र बुबाले लगाउने पोसाकको नाम छुट्याऊ" भनी छलफल गर्दै महिला र पुरुषले लगाउने पोसाकको फरक हुन्छ भन्ने अवधारणा दिने ।<br>५. परिवारका सदस्यहरूले लगाउने पोसाकको नाम लेख्न लगाउने,<br>६. बुवा, आमा, बालबालिकाले लगाउने पोसाकको तस्बिर देखाई नाम लेख्न लगाउने,<br>७. आफ्नो छिमेकमा बस्ने जातजातिले लगाउने पोसाक पहिचान गरी नाम लेख्न लगाउने,<br>८. प्रहरी, सेना, शिक्षक, वकिल, डाक्टरले पोसाक लगाएका चित्र प्रदर्शन गरी उनीहरूको पहिरनको नाम लेख्न लगाउने,<br>९. आ–आफ्नो समुदायका महिला र पुरुषले लगाउने पोसाकको नाम तालिकामा भर्न लगाउने,<br>१०. राष्ट्रिय पोसाकमा महिला र पुरुषको पहिरन झल्किने तस्बिर, श्रव्यदृश्य प्रदर्शन गर्ने,<br>११. विद्यालय प्राङ्गणमा ल्याई गोलो घेरा बनाई बिचमा विभिन्न प्रकारका पहिरन झल्किने चित्र राखी पालैपालो छान्न लगाई नाम भन्न र लेख्न लगाउने, | | ४. तिम्रो छरछिमेकले लगाउने पोसाकको नाम लेख,<br>५. हाम्रो राष्ट्रिय पोसाकमा कुन कुन पहिरन पर्दछन् ?<br>६. प्रहरी, शिक्षक, वकिल र डाक्टरले लगाउने पोसाकको छुट्टाछुट्टै सूची बनाऊ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १२. कुनै एकदिन आ–आफ्नो जाति परिवेश अनुसारका पोसाक लगाई परियोजना कार्यको रूपमा पोसाकको वर्गीकरण गर्न लगाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ११ | हाम्रो वडाको नक्सा पहिचान | आफ्नो वडाको नक्सामा आफ्नो घर र विद्यालयको सङ्केत चित्र/फोटो टाँस गर्न | १. विद्यार्थीहरूलाई लामो, छोटो, सिधा, बाङ्गो सरल रेखाचित्र कोर्न लगाउने,<br>२. कोरिएको रेखाचित्रहरूलाई जोड्न सिकाउने,<br>३. विद्यालयको नक्सा, फोटो प्रदर्शन गरी विद्यार्थीहरूलाई सामान्य आकृति निर्माण गर्न लगाउने,<br>४. आफ्नो घरको सामान्य आकृति वा नक्सा कोर्न सिकाउने,<br>५. आफ्नो कक्षा कोठाको कुनै स्थानमा वडाको नक्सा प्रदर्शन गर्ने,<br>६. प्रदर्शित नक्सामा आफनो घर पर्ने स्थानमा सङ्केत गर्न लगाउने,<br>७. आफ्नो घरको आकृतिलाई सङ्केत गरेको स्थानमा टाँस गर्न लगाउने, | आफ्नो घरको फोटो / विद्यालयको फोटो वडाको नक्सा, गम, रङ पेन्सिल | १. चित्र कोर्न के के चाहिन्छ ?<br>२. धर्सा वा रेखाहरूलाई कसरी जोडिन्छ ?<br>३. घर र विद्यालयको सामान्य तस्विर कोर्न लगाउने,<br>४. वडाको नक्सा कोर्न र चिन्न लगाउने,<br>५. विभिन्न स्थानलाई सङ्केतको चिन्न गर ।<br>६. घरलाई कस्तो चिह्न र रङ्गले देखाउने ?<br>७. विद्यालयलाई कस्तो चिन्हले देखाउने ? | १७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ८. प्रस्तुत गरिएको वडाको नक्सामा विद्यालय रहेको स्थान सङ्केत गर्न लगाउने,<br>९. विद्यालयको आकृति नक्सालाई सङ्केत गरेको स्थानमा टाँस गन लगाउने,<br>१०. वडाको नक्सामा टाँस गरिएको घर र विद्यालयको तस्बिरमा उपयुक्त रङ भर्न सिकाउने,<br>११. वडाको नक्सामा अन्य विद्यालय, नदी, मन्दिर, अस्पताल, प्रहरी चौकीका फोटोहरू टाँस गर्न कक्षाकार्य गराउने,<br>१२. विद्यालय वा सम्बन्धित शिक्षकले यस्तै मिल्ने अन्य उपयुक्त क्रियाकलाप परिवेशअनुसार सञ्चालन गर्ने । | | ८. वडा भित्रका अन्य विद्यालयहरू कुन कुन हुन् ? | |
| | | जम्मा क्रियाकलाप | १६० | | जम्मा वार्षिक पाठ्यभार | १६० |

# कक्षागत पाठ्यक्रमः कक्षा : ३

स्थानीय विषयवस्तु Local Content

साप्ताहिक : ५ घण्टा वार्षिक : १६०

सैद्धान्तिक : ६० प्रतिशत प्रयोगात्मक : ४० प्रतिशत

## कक्षा तीन (३)

स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम

| एकाइ /पाठ | विषय क्षेत्र | क्रियाकलापभार | पाठ्यभार |
|---|---|---|---|
| एक : | म | ८ | ८ |
| दुई : | हामी | १० | १० |
| तीन : | मेरो परिवार | १५ | १५ |
| चार : | मेरो समुदाय | १५ | १५ |
| पाँच : | मेरो हेटौँडा उपमहानगर | १५ | १५ |
| छ : | हाम्रो उपमहानगरको पहिचान | २० | २० |
| सात : | हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा | २० | २० |
| आठ : | हाम्रो पेसा, व्यवसाय | १५ | १५ |
| नौ : | हाम्रो जातजाति | १५ | १५ |
| दश : | हाम्रो पहिरन | १५ | १५ |
| एघार : | हाम्रो उपमहानगरको नक्सा पहिचान | १२ | १२ |
| जम्मा | | १६० | १६० |

## कक्षा : तीन (३) सक्षमताहरूः

१. आ–आफ्नो नाम र ठेगाना लेख्न,

२. हामीले घर र विद्यालयमा गर्ने व्यवहारहरूको पहिचान,

३. आ–आफ्नो परिवारको नाता सम्बन्धलाई चार्टमा प्रस्तुति,

४. समुदायको परिचयसहित पारस्परिक सहयोग र सम्बन्ध,

५. हेटौँडा उपमहानगरको आवश्यकता र प्राथमिकता निर्धारण,
६. हेटौँडा उपमहानगरको भौगोलिक बनावट,
७. प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको महत्त्व एवम् उपयोगिता,
८. कृषि, उद्यम, व्यापार र पर्यटन व्यवसायको पहिचान,
९. आफ्नो समुदायको सांस्कृतिक समूहको वर्गीकरण,
१०. चाडपर्व र जाति अनुसारको पहिरनको प्रयोग,
११. उपमहानगरको नक्सामा विभिन्न स्थान पहिचान

# कक्षाः तीन

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | म | आ–आफ्नो नाम र ठेगाना लेख्न र भन्न | १. कक्षाका सबै विद्यार्थीलाई आफ्नो नाम प्रष्टसँग लेख्न लगाउने,<br>२. सबै विद्यार्थीलाई आफ्नो ठेगाना लेख्न लगाउने,<br>३. कक्षाका साथीहरूको बिचमा एउटाले लेखेको नाम र ठेगाना अर्कोलाई पढ्न लगाउने,<br>४. आफ्नो विद्यालयको नाम पालैपालो बोर्डमा लेख्न लगाउने,<br>५. विद्यालयका शिक्षकहरूको नाम लेख्न लगाउने,<br>६. आफ्नो विद्यालयको प्रधानाध्यापक र वर्ग शिक्षकको नाम, थर लेख्न लगाउने,<br>७. कक्षाको कुनै २ जना साथीको नाम चिन्न र लेख्न लगाउने,<br>८. आफूसँग नजिक भएको कुनै चार जना साथीहरूको नाम भन्न र लेख्न लगाउने । | नामपत्ती<br>रङ्गीन शब्दपत्ती<br>फोटो | १. तिम्रो वर्ग शिक्षकको नाम के हो ?<br>२. तिम्रो र विद्यालयको प्रधानाध्यापकको नाम भन ।<br>३. तिम्रो कक्षामा पढाउने शिक्षक र शिक्षिकाको नाम लेख ।<br>४. सामाजिक अध्ययन कुन शिक्षकले पढाउनु हुन्छ ?<br>५. आफूसँग आफ्नो बेन्चमा बस्ने साथीको नाम लेख । | ८ |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| २ | हामी | हामीले घर र विद्यालयमा गर्ने व्यवहारहरूको पहिचान | १. बिहान उठ्नासाथ नियमित गर्ने कुनै तीन कार्यहरू लेख्न लगाउने,<br>२. घरमा बिहान नास्तामा प्रयोग गर्ने परिकारको नाम लेख्न लगाउने,<br>३. बिहानको समयमा विद्यालयले दिइएको गृहकार्य वा अभ्यास कार्यको बानी निर्माण गराउने,<br>४. विद्यालयको पोसाक, झोला र खाजाको तयारी गर्न सिकाउने,<br>५. विद्यालयका शिक्षक, शिक्षिका तथा साथीहरूसँग  अभिवादन गर्न सिकाउने,<br>६. घरमा गरिएका गृहकार्यलाई विषय अनुसारका शिक्षक शिक्षिकालाई बुझाउने बानीको विकास गर्ने,<br>७. विषय अनुसारको कक्षा कार्यमा सक्रिय सहभागितामा गराउने,<br>८. शिक्षकले गराएका कक्षा क्रियाकलापहरू अभ्यास पुस्तिकामा सार्न सिकाउने,<br>९. कक्षाका साथीहरू बिच आपसमा मिलेर खेल्न र सहयोग गर्न सिकाउने । | व्यक्तिगत कार्यको सूचीपत्र, नास्ताको सूचीपत्र र समूहकार्य अभिवादनका प्रकारहरूको सूची । | १. समुदाय भन्नाले के बुझिन्छ ?<br>२. बिहान उठ्नासाथ गरिने नियमित तीन काम के के हुन् ?<br>३. विद्यालयले दिइएको गृहकार्य तिमी घरमा कुन समयमा काम गर्छौ ?<br>४. तिम्रो झोला र टिफिनको तयारी कसले गरिदिनु हुन्छ ?<br>५. शिक्षकलाई अभिवादन गर्दा तिमी के भन्छौ ?<br>६. आफूले घरमा गरिएका गृहकार्य के तिमी शिक्षकलाई बुझाउछौ ?<br>७. कक्षामा साथीहरूलाई तिमी कुन कुन कुरामा सहयोग गर्छौ ? | १० |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३ | मेरो परिवार | आफ्नो परिवारको नाता सम्बन्धलाई चार्टमा प्रस्तुतीकरण | १. परिवारको जम्मा सदस्यहरूको नाम लेख्न लगाउने,<br>२. परिवारको जेष्ठताअनुसार नामहरूलाई सूचीकरण गर्न लगाउने,<br>३. शब्दपत्तीको प्रयोग गरी नाता सम्बन्धलाई जोडा मिलाउन लगाउने,<br>४. जोडा मिलाइएको नाता सम्बन्धलाई अभ्यास पुस्तिकामा उतार्न लगाउने,<br>५. आफ्नो परिवारको नाता सम्बन्धलाई उपयुक्त चार्टमा प्रस्तुतीकरण गर्न लगाउने,<br>६. तयार गरिएको चार्टबाट बुबा, आमा र दिदीभाइको नाम खोज्न लगाउने,<br>७. शिक्षकले तयार गरेको चार्टपेपर टाँस गरी सो चार्टका नामहरू भन्न लगाउने,<br>८. परिवारमा आमा, बुबा र दाजुभाइ, दिदी बहिनीबाहेकको नाम सूचीकरण गर्न लगाउने, | परिवारकासदस्यहरूको फोटोसहितको चार्ट, विपरीतार्थक शब्दहरूको सूचीकार्ड । | १. तिम्रो परिवारमा कति सदस्य हुनुहुन्छ ?<br>२. तिम्रो परिवारको जेष्ठ सदस्य को हो ?<br>३. तिम्रो बुबाको भाइलाई तिमीले के भन्नुपर्छ ?<br>४. तिम्रो परिवारको दाजुभाइ, दिदी बहिनीको नाम लेख ।<br>५. परिवारमा तिमीभन्दा कम उमेरको को छन्, नाम लेख ।<br>६. दिइएको शब्दको विपरीतार्थक शब्द लेखः बुबा, दिदी, भाइ, माइजू । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ९. परिवारमा रहेका सदस्यहरूको नाम लेखी सम्बन्ध छुट्याउन लगाउने,<br>ञण पारिवारिक नाता सम्बन्ध झल्किने विपरीतार्थक शब्द प्रयोगको खेल खेलाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ४ | मेरो समुदाय | समुदायको परिचयसहित पारस्परिक सहयोग र सम्बन्ध | १. शिक्षकले समुदायको सामान्य परिचय गराउने,<br>२. समुदायको पहिचानसँगै विभिन्न उदाहरणहरू प्रस्तुत गर्ने,<br>३. समुदायको बिचमा गरिने सहयोगका क्षेत्रहरू सूचीकृत गर्ने,<br>४. समुदायको एक सदस्य बिरामी पर्दा अर्को सदस्यले सहयोग गर्न सक्ने कार्य टिपोट गर्न लगाउने,<br>५. समुदाय सहयोगका लागि आमा, वुवा, एम्वुलेन्स, वडा प्रहरी कार्यालय, स्थानीय अस्पताल वा स्वास्थ्य चौकी र दमकलको फोन नम्बरहरू टिपोट गरी सुरक्षित राख्न सिकाउने, | दृश्य चित्रहरू तथा तोकिएका संस्थाका फोन नम्बरहरूका सूचीहरू । | १. समुदायलाई के भनिन्छ ?<br>२. समुदायबाट कस्तो सहयोग पाउन सकिन्छ ?<br>३. बिरामीलाई अस्पताल लैजान के प्रयोग गरिन्छ ?<br>४. तिम्रो परिवारमा बिरामी पर्दा छिमेकीले कसरी सहयोग गर्छन् ?<br>५. स्वास्थ्य चौकी वा अस्पतालको फोन नम्बर किन राख्नुपर्छ ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ६. समुदायमा आफू र आफ्नो साथीहरूलाई कुलतबाट जोगाउन अपनाउने उपायहरूको खोजी गर्न लगाउने,<br>७. समुदायमा व्यक्तिले गर्न सक्ने सहयोगहरूको उदाहरणहरू खोजी गर्न लगाउने,<br>८. समुदायमा एकले अर्कोलाई गरेको सहयोग झल्किने लघुकथा सुनाउने,<br>९. विद्यालयले समुदायलाई सहयोग गर्न सक्ने पाँचओटा क्षेत्रहरूको सूची तयार गराउने,<br>१० समुदायले विद्यालयलाई गर्न सक्ने सहयोगका क्षेत्रहरू पहिचान गराउने । | | ६. विद्यालयले समुदायलाई गर्न सक्ने कुनै तीनओटा सहयोगको नाम लेख्नुहोस् । | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ५ | मेरो हेटौँडा उपमहानगर | हेटौँडा उपमहानगरको आवश्यकता र प्राथमिकता निर्धारण | १. हेटौँडा उपमहानगर निर्माणको सामान्य संरचना विद्यार्थीहरूलाई जानकारी गराउने,<br>२. नगरपालिका बन्नका लागि चाहिने न्यूनतम पूर्वाधारहरूको टिपोट गर्न लगाउने,<br>३. हेटौँडा उपमहानगरको चार सिमाना उल्लेख गर्न लगाउने,<br>४. हेटौँडा उपमहानगरापालिकाले समुदायलाई गर्ने सहयोगको सूची तयार गर्न लगाउने, | आवश्यकता तथा प्राथमिकता निर्धारणका रङ्गीन वाक्यपतीहरू । | १. हेटौँडा उपमहानगरको प्रमुख र उपप्रमुखको नाम लेख ।<br>२. तिम्रो वडाको अध्यक्षको नाम लेख ।<br>३. हेटौँडा उपमहानगरले समुदायलाई गर्ने कुनै तीन सहयोगको नाम लेख ।<br>४. तिम्रो विद्यालयमा वृक्षारोपण गर्न कुन निकायको सहयोग लिन्छौ ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५. नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गर्ने सहयोगका क्षेत्रहरू लेख्न लगाउने,<br>६. नगरपालिकाले यातायात र फोहोरमैला क्षेत्रमा गर्ने सहयोगका क्षेत्रहरू टिपोट गर्न लगाउने,<br>७. समुदायले नगरपालिकाबाट माग गर्नुपर्ने प्राथमिकता आधारहरू निर्धारण गर्न सिकाउने,<br>८. नगरपालिकाले वातावरण संरक्षणका लागि गर्न सक्ने क्रियाकलापहरूको सूचीकरण गर्न लगाउने,<br>९. हाम्रो विद्यालयमा हेटौँडा उपमहानगरले पुऱ्याएको सहयोग/सेवाहरू अवगत गराउने । | | ५. तिम्रो घरमा भएको फोहोर कुन संस्थाले उठाउन सहयोग गर्दछ ?<br>६. हेटौँडा उपमहानगरले विद्यालयलाई गरेको सहयोगको सूची बनाऊ । | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ६ | हाम्रो उपमहानगरको पहिचान | हेटौँडा उपमहानगरको भौगोलिक बनावट | १. शिक्षकले भौगोलिक परिवेशको सामान्य परिचय र अवस्थाको जानकारी गराउने, | हेटौँडा उपमहानगरको भौगोलिकरप्राकृतिक नक्सा तथा सुविधायुक्त र सुविधाविहीन क्षेत्र पहिचान हुने दृश्य सामग्री । | १. भौगालिक अवस्था भन्नाले के बुझ्दछौ ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २. वडा वा समुदायस्तरमा देखिने भौगालिक स्वरूपको उदाहरणहरू प्रस्तुत गर्न लगाउने,<br>३. विद्यार्थीहरूबाट आफ्नो वरपरको वातावरण अवलोकन गरी भौगालिक स्वरूपको उदाहरण बनाउन लगाउने,<br>४. समग्र हेटौँडा उपमहानगर भित्रको भौगोलिक परिवेशको सामान्य जानकारी शिक्षकले गर्न लगाउने,<br>५. शिक्षकले समथर भाग, टार, बेसी, नदी किनारा समथर मैदानी भाग, सामान्य जङ्गलको परिवेश उदाहरणसहित प्रस्तुत गर्न लगाउने,<br>६. हेटौँडा उपमहानगरको पूर्वी क्षेत्र हर्नामाडी, दक्षिणी क्षेत्र शक्तिखोला, आकाशधारा, चिप्लेटी, उत्तरी क्षेत्र कुवापानी, बसामाडी, बाँसपानी, भौगोलिक रूपमा टाढा छ भन्ने जानकारी शिक्षकले गराउने,<br>७. शहर उन्मुख क्षेत्रहरू हटिया, हर्नामाडी, चुरियामाई, पदमपोखरी, बसामाडी क्षेत्रको भौगोलिक बनोट सुगम र सहज छ भनी जानकारी नक्सा प्रदर्शन गरी शिक्षकले प्रस्तुत गर्ने, | | २. भौगालिक परिवेशका कुनै दुईओटा उदाहरणहरू देऊ ।<br>३. कस्तो भौगालिक अवस्थामा बसोबास उपयुक्त हुन्छ ?<br>४. प्रतिकूल भौगोलिक परिवेशमा मानवीय जीवनमा पर्ने दुईओटा असरहरू लेख ।<br>५. हेटौँडा उपमहानगरको पश्चिमी क्षेत्रको भौगोलिक परिवेश कस्तो छ ?<br>६. हेटौँडा उपमहानगरको मध्य क्षेत्रको भौगोलिक अवस्था कस्तो छ ?<br>७. कस्तो भौगोलिक क्षेत्रमा विकसित सहर निर्माण हुन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ८. हेटौँडा उपमहानगरको मध्ये भाग एवम् सहरी क्षेत्र भौगोलिक रूपमा अति अनुकूल र सुविधायुक्त रहेको जानकारी शिक्षकले गराउने,<br>९. आफ्नो घर र विद्यालय रहेको परिवेशको भौगोलिक अवस्था कस्तो छ भनी विद्यार्थीहरूलाई छलफल गरी लेख्न लगाउने,<br>१०. भौगोलिक अवस्थाले मानिसहरूमा सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न असर गर्दछ भन्ने उदाहरणहरू निर्माण गर्ने । | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ७ | हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा | प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको महत्त्व एवम् उपयोगिता | १. शिक्षकले प्राकृतिक सम्पदाको सामान्य परिचय दिने,<br>२. शिक्षकले सांस्कृतिक सम्पदाको स्थानीय परिवेशअनुसार उदाहरणहरू टिपोट गराउने,<br>३. आफ्नो समुदाय वा वडा भित्रका सांस्कृतिक कुराहरू विद्यार्थीलाई टिपोट गर्न लगाउने,<br>४. शिक्षकले प्राकृतिक सम्पदाहरूको तस्बिर प्रस्तुत गरी अवधारणा निर्माण गराउने, | प्राकृतिक एवम् सांस्कृतिक सम्पदा झल्कने दृश्य सामग्रीहरू । | १. प्राकृतिक सम्पदा भनेको के हो ?<br>२. कुनै दुई सांस्कृतिक सम्पदाको नाम लेख ।<br>३. मानिसले बोटविरुवाबाट के प्राप्त गर्दछन् ।<br>४. तिम्रो विद्यालय वरपरको दुईओटा प्राकृतिक स्रोतहरूको नाम लेख । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५. शिक्षकले सांस्कृतिक सम्पदाको क्षेत्र भ्रमण गराई टिपोट गर्न लगाउने,<br>६. शिक्षकले स्थानीय वरपर रहेका प्राकृतिक सम्पदाहरूको क्षेत्र अवलोकन भ्रमण गराई सम्पदाहरूको सूची निर्माण गर्न लगाउने,<br>७. नदी र वन जङ्गलको मानवीय जीवनमा महत्त्व छ भन्ने चारओटा क्रियाकलाप गराउने,<br>८. हामीहरू मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिदमा जानुका कारणहरू शिक्षक र विद्यार्थीबाट समूह कार्य गरी खोजी गर्न लगाउने,<br>९. प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गर्ने उपायहरूको खोजी गर्न लगाउने । | | ५. पानीको स्रोतलाई किन फोहोर हुन दिनु हुँदैन ?<br>६. विद्यालय वरपर किन बोटविरुवा लगाउनु पर्दछ ?<br>७. विद्यालय र मन्दिरलाई किन सफा राख्नु पर्दछ ? | |

| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८ | हाम्रो पेसा, व्यवसाय | कृषि, उद्यम, व्यापार र पर्यटन व्यवसायको पहिचान | १. धान, मकै, गहुँ, तरकारी, फलफूल, पशुपालनकार्य गर्ने पेसा व्यवसायलाई कृषि भनिन्छ, भनी सामान्य परिचय गराउने,<br>२. कक्षाभित्रका विद्यार्थीहरूको घर परिवारमा गर्ने पेसा व्यवसायको समूह कार्यद्वारा सूची तयार गर्न लगाउने,<br>३. आफ्नो घर र विद्यालय वरपरको करेसाबारीमा फूलखेती वा गमलामा फूल राख्न र संरक्षण गर्न अभ्यास गराउने,<br>४. कक्षाको कुनै कुनामा वा सुरक्षित स्थानमा माटो भर्न लगाई बिउ छर्ने, पानी हाल्ने र अङ्कुरण भएको अवलोकन गराई अनुभवको टिपोट गर्न लगाउने,<br>५. दूध, दही, घ्यू, सागसब्जी, तरकारी फलफूल उत्पादन गरी बिक्री वितरण गर्ने व्यवसायलाई उद्यम भनिन्छ भनी जानकारी गराउने,<br>६. स्थानीय वस्तु जस्तैः दूध, दही, घ्यू, पनिर, चिज, अवलोकन गराई उत्पादन गर्ने तरिका अभ्यास गराउने, | सम्बन्धित सक्षमताअनुसार कृषि, उद्यम, व्यापार र पर्यटन क्षेत्रको भ्रमण तथा कार्यहरू झल्कने दृश्य सामग्रीहरू । | १. कृषि पेसाको परिचय देऊ ?<br>२. फूलखेतीको संरक्षण किन गर्नुपर्दछ ?<br>३. मकैको दाना उम्रनुलाई के भनिन्छ ?<br>४. तिम्रो बुबाले गर्ने पेसालाई के भनिन्छ ?<br>५. दूधबाट कुन कुन परिकारहरू बन्न सक्छन ?<br>६. घुम्ती अथवा ठेलामा सामान बिक्री गर्नुलाई के भनिन्छ ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ७. स्थानीय रूपमा उत्पादित गुन्द्रुक, मुलाको सिन्की, कागती अचार, मस्यौरा जस्ता सामग्री पकाई चाख्न लगाउने र घरमा प्रयोग गर्न प्रोत्साहन गराउने,<br>८. घरमा स्थानीय सामग्रीबाट उत्पादित सागसब्जी, तरकारी, गेडागुडी एवम् फलफुल, नाङ्लो, ठेला वा घुम्तीमा राखी खरिद बिक्रीको सामूहिक अभ्यास गराउने,<br>९. स्थानीय दूध डेरी वा चिस्यान केन्द्रमा दूध सङ्कलन र वितरणको अवलोकन भ्रमण गराई प्राप्त अनुभव लेख्न लगाउने,<br>१०. विद्यार्थीले उत्पादन गरेका वा घरमा उत्पादन गरेका तयारी वस्तुहरू बिक्री वितरण गर्न हप्तामा १ दिन विद्यालय हातामा प्रदर्शनी आयोजना गर्ने,<br>११. विदाको दिन वा फुर्सदको समयमा समुदायमा रहेको मनोरञ्जन पूर्ण स्थलमा भ्रमण गर्नु पर्यटन हो भनी सामान्य जानकारी गराउने, | | ७. घरमा उत्पादन भएको दुध कहाँ बिक्री गरिन्छ ?<br>८. शनिवारको बिदा मनाउन तिमी कहाँ जाने गर्दछौ ?<br>९. तिम्रो वरपर रहेका कुनै दुई पर्यटन स्थलको नाम लेख । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १२. हेटौँडा उपमहानगर क्षेत्रीभत्रका ऐतिहासिक स्थलहरू भुटनदेवी, चुरियामाई, पुण्यक्षेत्र, गुफास्थान पर्यटन क्षेत्रहरू हुन भनी परिचय गराउने,<br>१३. हेटौँडा उपमहानगर क्षेत्र भित्रका बाल बगैँचा, मठमन्दिर, सहिद स्मारक, गुम्बा डाँडा, जुरेथुम, शङ्ख पार्क, पुष्पलाल पार्क भ्रमणयोग्य स्थान हुन भनी अवगत गराउने,<br>१४. कुश्माण्डव धाम, वनस्पती उद्यान, वनस्खण्डी, तपोवन लगायत्का स्थानीय ठाँउका अन्य स्थानमा अवलोकन भ्रमणको आयोजना गर्ने । | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ९ | हाम्रो जातजाति | आफ्नो समुदायको सांस्कृतिक समूहको वर्गीकरण | १. मानिसहरूले मनाउने सबै प्रकारको चाडपर्व रीतिरिवाज, संस्कार, मूल्यमान्यता र राम्रा अभ्यासहरूलाई संस्कृति भनिन्छ भनी सामान्य परिचय गराउने,<br>२. हाम्रो समाजमा मूख्य गरी क्षत्री, ब्राह्मण, आर्य सस्कृति र तामाङ, मगर, राई, लिम्बू मङ्गोल सस्कृति समूहका हुन भनी उल्लेख गर्ने, | उपयुक्त फोटो तथा दृश्य सामग्रीहरू । | १. आर्य समूहका कुन जातिहरू पर्छ ?<br>२. तिम्रो परिवारमा मनाउने मुख्य चाड कुन हो ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३. नेवार, मधेसीमूल, मुस्लिमहरूको पनि आ–आफ्नो संस्कृति हुन्छन् भनी उदाहरण दिने,<br>४. क्षत्री बाहुनले मुख्यगरी दशैं, तिहार, तीज, जनैपूर्णिमा, शिवरात्री इत्यादिलाई प्रमुख सांस्कृतिक पर्वको रूपमा मनाउँछन् भनी अवगत गराउने,<br>५. तामाङ समुदायले मुख्य गरी वैशाख पूर्णिमा, ल्होसार विशेष चाडपर्वको रूपमा मनाउने गर्दछन् भनी जानकारी दिने,<br>६. नेवार समुदायले गाईजात्रा, लाखेनाच, यमरी पूर्णिमा आदि प्रमुख चाडपर्वको रूपमा मनाउँछन् भनी टिपोट गराउने,<br>७. मगर समुदायले मुख्य गरी दशैं तिहार, भूमिपूजा, माघेसङ्क्रान्ति, नयाँ वर्ष जस्ता पर्वहरूलाई विशेष रूपमा मनाउछन् भनी टिपोट गराउने,<br>८. मधेसीमूलका जातजातीहरूले फागु पूर्णिमा, माघी, छठ पर्व, रक्षा बन्धनजस्ता पर्वहरू धुमधामले मनाउँछन् भनी उल्लेख गर्ने, | | ३. माघे सङ्क्रान्ति विशेष गरी कुन जातिहरूले मनाउँदछन् ?<br>४. तामाङ जातिले ल्होसार के का रूपमा मनाउने गर्छन् ?<br>५. क्षत्री बाहुन समुदायका महिलाले मनाउने मुख्य पर्व कुन हो ?<br>६. मुस्लिम समुदायले एक महिनाभरि मनाउने पर्व कुन हो ?<br>७. नेवारी समुदायले मनाउने कुनै दुई पर्वहरू के के हुन् ?<br>८. तिम्रो जन्म दिन के के गरेर मनाउँछौं ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ९. मुस्लिम समुदायले बकर इद र इदुल रमजान जस्ता पर्वहरूलाई आफ्नो पहिचानको रूपमा मनाउँदछन् भनी अवगत गराउने,<br>१०. सांस्कृतिक समूहअनुसार धर्म, चाडपर्व, परम्परा निर्धारित भएको हुन्छ, भनी कक्षाभित्र रहेका विद्यार्थीहरूको सांस्कृतिक समूह निर्माण गर्न लगाउने । | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| १० | हाम्रो पहिरन | चाडपर्व र जाति अनुसारको पहिरनको प्रयोग | १. मानिसहरूले परम्परादेखि मानिदैं आएको जाति विशेषको मूल्यमान्यता अनुसारको पर्वलाई चाडपर्व भनिन्छ भनी सामान्य परिचय गराउने,<br>२. सम्बन्धित जातजातिले चाडपर्वअनुसार लगाउने पोसाकलाई पहिरन भनिन्छ भनी उदाहरण दिने,<br>३. विद्यालयमा विद्यार्थीहरूले लगाउने पोसाक साथै शिक्षक र शिक्षिकाले लगाउने ड्रेसलाई पनि विद्यालयको पोसाकका रूपमा लिइन्छ भनी जानकारी गराउने, | चाडपर्व र जाति अनुसारको उपयुक्त पहिरन हरूको पदर्शन । | १. चाडपर्व भनेको के हो ?<br>२. पहिरन भन्नाले के बुझिन्छ ?<br>३. केटा र केटीको पहिरन किन फरक हुन्छ ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४. शिक्षकले मोबाइल वा अन्य विद्युतीय माध्यमको प्रयोग गरी जाति विशेषले प्रयोग गर्ने पहिरनको प्रदर्शन गर्ने,<br>५. प्रदर्शन गरिएको भिडियो क्लिपबाट विद्यार्थीहरूलाई जात अनुसारको पहिरन सूचिवद्ध गर्न लगाउने,<br>६. वैशाख पूर्णिमा तथा ल्होसारमा तामाङ समुदायले लगाउने पहिरनलाई भनिन्छ भनी उल्लेख गराउने,<br>७. नेवार समुदायका महिलाहरूले विशेष पर्वमा लगाउने पहिरनलाई हाकुपटासी भनिन्छ भनी उल्लेख गराउने,<br>८. नेपालको रााष्ट्रिय पहिरनमा पुरुषहरूको (दौरा सुरुवाल, कोट, टोपी) र महिलाहरूको (गुन्यूचोली, पटुका, पछ्यौरी) पोषाकका अलग अलग सूची तयार गर्न लगाउने,<br>९. जाति विशेषले आफ्नो विशेष चाडपर्वमा मात्र तोकिएको पोसाक प्रयोग गर्दछन् भनी अवगत गराउने, | | ४. शिक्षक शिक्षिकाले किन विद्यालय पोसाक लगाउनुपर्दछ ?<br>५. नेवारी महिलाहरूले विशेष पर्वमा कुन पोसाक लगाउँछन् ?<br>६. पुरुषले लगाउने राष्ट्रिय पोसाकको दुईओटा नाम लेख ।<br>७. जातीय पोसाक किन खास पर्वमा मात्र लगाइन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १०. महिनाको अन्तिम शुक्रवार कक्षामा सबै विद्यार्थीहरूले आफ्नो जाति र पर्व अनुसारको पोसाकमा विद्यालय उपस्थित हुन प्रोत्साहन गर्ने । | | | |
| सि. नं. | विषय/क्षेत्र | सक्षमता वा सिकाइ उपलब्धि | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | मूल्याङ्कन पक्रिया | पाठ्यभार |
| ११ | हाम्रो उपमहानगरको नक्सा पहिचान | उपमहानगरको रेखाङ्कितनक्सामा विभिन्न स्थानको पहिचान | १. शिक्षकले कक्षाकोठाको खाली ठाँउमा चुन वा चक्को प्रयोग गरी हेटौँडा उपमहानगरको नक्साको आकृति तयार गर्ने,<br>२. तयार भएको आकृतिमा सम्पूर्ण वडाहरूका छुट्टा छुट्टै कोठाहरू तयार गरी वडा विभाजनको अवधारणा दिने,<br>३. शिक्षकले चार्टपेपर वा कार्डवोर्डमा हेटौँडा उपमहानगरको नक्सा तयार गरी कक्षाको अग्रभागमा टाँस गर्ने,<br>४. टाँस गरिएको नक्सामा नदी, वनजङ्गल, बस्ती, विद्यालय, कृषि र उद्योग क्षेत्र सङ्केत गर्ने, | हेटौँडा उपमहानगरको रेखाङ्कित रङ्गीन नक्सा । | १. हेटौँडा उपमहानगरमा कति ओटा वडाहरू रहेका छन् ?<br>२. तिमी बस्ने वडा कति नम्बरमा पर्दछ ?<br>३. हेटौँडा उपमहानगरमा पर्ने कुनै दुई ओटा नदी के के हुन् ?<br>४. स्वास्थ्य चौकी वा अस्पताल जनाउन कस्तो चिन्ह प्रयोग गरिन्छ ? | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५. प्रदर्शन गरिएको नक्सामा शिक्षकले हेटौँडा उपमहानगरको चित्र/तस्बिर टाँस गरी विद्यार्थीहरूलाई स्थान पहिचान गराउने,<br>६. स्वास्थ्य चौकी, अस्पताल, प्रहरी चौकी जस्ता स्थानहरू टाँस गरी विद्यार्थीहरूलाई खोजी गर्न लगाउने,<br>७. स्थानीय क्षेत्र भित्र रहेका मठ मन्दिर गुम्बा, चर्च, मस्जित (भएमा) आदिको सङ्केत चित्र टाँस गरी खोजी गर्न लगाउने,<br>८. भुँइमा कोरिएको रेखाङ्कित नक्सामा विद्यार्थीहरूलाई खेल्नुको माध्यमबाट स्थान पहिचान गर्न लगाउने । | | ५. हेटौँडा उपमहानगरमा पर्ने कुनै दुईओटा धार्मिक स्थलहरू के के हुन् ? | |
| | | जम्मा क्रियाकलाप | १६० | | जम्मा वार्षिक पाठ्यभार | १६० |

# शिक्षण सिकाइ सहजीकरण पक्रियाः

यस स्थानीय विषयको शिक्षण सिकाइ सहजीकरण पक्रिया निम्नानुसार गर्नुपर्दछ :

१. यस स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनु पर्छ ।

२. यस स्थानीय विषयको पठनपाठन गराउँदा शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।

३. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका विद्यार्थी (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) लाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्दछ ।

४. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

५. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्दछ ।

६. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्दछ ।

७. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार अधिकतम उपयोग गर्नुपर्दछ ।

८. सिकाइ सहजीकरण मा विषयवस्तुको प्रत्यक्षीकरण, स्थानको प्रत्यक्ष भ्रमण, प्रयोग, प्रत्यक्ष भेटघाट, खेल, गीत, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन, अभिनय/भूमिका निर्वाह, छलफल तथा प्रश्नोत्तर, सिर्जनात्मक कार्य, समस्या समाधान जस्ता विधि र पक्षहरूलाई प्रयोगमा ल्याउनुपर्दछ ।

९. विद्यार्थीहरूलाई खोजमूलक, सिपमूलक सिकाइ र परियोजना कार्यमा जोड दिनुपर्दछ ।

# विद्यार्थी मूल्याङ्कन पक्रिया

यस स्थानीय विषयको विद्यार्थी मूल्याङ्क पक्रिया देहायबमोजि हुनुपर्दछ ।

१. निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्दछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो ।

२. यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्दछ ।

३. विद्यालयले विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चय गरी राख्नुपर्दछ ।

४. यसलाई विद्यार्थीको कक्षा कार्य, सिकाइ क्रियाकलापमा सहभागिता, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यवहार परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्दछ ।

५. विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गर्नुपर्दछ र विद्यार्थीको सिकाइ सुधारका लागि आवश्यक व्यवस्था गर्नुपर्दछ ।

६. प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चित अभिलेख फाइलमा राख्ने व्यवस्था गर्नुपर्दछ ।

७. कक्षा १–३ मा पूर्णरूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्दछ ।

८. निरन्तर मूल्याङ्कन पद्धतिमा विद्यार्थीको नियमितता/हाजिरी, कक्षा कार्य/सहभागिता, परियोजना तथा प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य, सिकाइ व्यवहारमा आएको परिवर्तनको अवलोकन र छोटा खालका उपलब्धि परीक्षाजस्ता

पक्षहरूलाई समावेश गर्नु पर्दछ ।

९. निरन्तर मूल्याङ्कन पद्धतिअन्तर्गतको उपलब्धि परीक्षा सञ्चालन गर्दा हरेक एकाइ/पाठको पठनपाठनपश्चात् पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिलाई समेट्ने प्रश्नपत्र निर्माणमा ध्यान दिनुपर्दछ ।

१०. विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्दछ ।

# पाठ्यक्रममा व्यवहार कुशल सिपहरूः

विद्यालय शिक्षाको एउटा महत्त्वपूर्ण कार्य विद्यार्थीहरूमा व्यवहार कुशल सिपहरू (soft skills) विकास गराउन सहयोग गर्नु हो । व्यवहार कुशल सिपहरू सबैलाई आवश्यक हुनाका साथै कुनै निश्चित कार्य वा भूमिकामा मात्र सीमित नभई विभिन्न कार्य वा भूमिकाका लागि आवश्यक हुने गर्दछन् । यस्ता सिपहरू विशेषतः विद्यार्थीका दैनिक जीवनका वास्तविक समस्या समाधानमा सहायक हुन्छन् । त्यसैले व्यवहार कुशल सिपहरू कुनै निश्चित कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रसँग मात्र सम्बन्धित नभई विभिन्न कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रमा कार्यसम्पादनसँग सम्बन्धित हुन्छन् । व्यवहार कुशल सिपहरूलाई विभिन्न फरक फरक नामले पहिचान गर्ने गरिन्छ, जस्तैः यसलाई समतलीय, सामान्य, अन्तरसम्बन्धित, स्थानान्तरणीय, आधारभूत, व्यावहारिक, रोजगारीमूलक वा एक्काइसौँ शताब्दीका सिपको नामले पनि चिनिन्छ ।

व्यवहार कुशल सिपलाई विभिन्न नामले जनाइनुका साथै यसअन्तर्गत पर्ने सिप वा सक्षमताका सूचीलाई निश्चित सङ्ख्यामा सीमित गर्न कठिन भए पनि सोचाइ सिप, वैयक्तिक सिप, अन्तरवैयक्तिक सिप, बहुसाक्षरता सिप, नागरिक सिपअन्तर्गत प्रायः सबै व्यवहार कुशल सिपहरूलाई वर्गीकरण गरी समावेश गर्न सकिन्छ । सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नका लागि विभिन्न विषय र तहका पाठ्यक्रमबिच अन्तरक्रिया हुनु आवश्यक छ । यस्तो अन्तरक्रियाबाट सिकाइलाई सामान्य विषयगत ज्ञान तथा सिपमा सीमित नगरी अधिसंज्ञानात्मक (metacognitive) सिकाइलाई सहज गराई जीवनका समस्या समाधानका लागि उपयोगी बनाउन सहयोग प्राप्त हुन्छ । व्यवहार कुशल सिप सिकाइलाई अधिसंज्ञानात्मक (metacognitive) तहमा पुऱ्याउन सहयोग गर्ने भएकाले एकीकृत पाठ्यक्रमको अवधारणाअन्तर्गत व्यवहार कुशल सिपलाई उपयुक्तताका आधारमा सबै विषय र तहमा एकीकृत गर्नु

महत्त्वपूर्ण हुने दृष्टिकोणमा आधारित भई यस पाठ्यक्रममा पनि व्यवहार कुशल सिपहरूलाई सबै विषय र कक्षामा उपयुक्तताका आधारमा एकीकृत गरिएको छ । यसका लागि व्यवहार कुशल सिपका मुख्य क्षेत्रहरू र तिनको विस्तृतीकरण गरिनु आवश्यक छ । व्यवहार कुशल सिपका उल्लिखित पाँच विस्तृत क्षेत्रअन्तर्गतका सिपहरूको विस्तृतीकरण र तिनको सम्भाव्य व्याख्या निम्नअनुसार प्रस्तुत गरिएको छ :

१.सोचाइ सिप

२.वैयक्तिक सिप

३.अन्तरवैयक्तिक सिप

४.बहूसाक्षरता सिप

५.नागरिक सिप

### १. सोचाइ सिपहरू (Thinking Skills):

बालबालिकाले सूचना प्रशोधन गर्न, विभिन्न सूचनालाई संयोजन गर्न, निर्णय लिन र नयाँ बिचार सिर्जना गर्न प्रयोग गर्ने संज्ञानात्मक क्रियाकलापहरू नै सोचाइ सिपहरू हुन् । बालबालिकाहरूले आफ्ना अनुभवहरूको बोध गर्दा, समस्याहरू हल गर्दा, निर्णय लिँदा, प्रश्नहरू गर्दा, योजना बनाउँदा अथवा सूचनाहरू सङ्गठित गर्दा आफ्नो सोचाइ सिपहरू प्रयोग गर्दछन् । संज्ञानात्मक सोचाइ सिपहरूलाई दुई किसिममा विभाजन गर्न सकिन्छ । पहिलो, संवेदनाबारे सूचना सङ्कलन (हेर्ने, सुन्ने र छुने) र पुनः प्राप्त गर्ने (स्मरण सिप), आधारभूत बुझाइ (सङ्कलित सूचनाहरू सङ्गठित गर्ने, धारणा निर्माण गरी एक आपसमा जोड्ने) र उत्पादनशील/सिर्जनात्मक सिपहरू (सूचना प्रयोग गर्ने, बुझ्ने, निर्णय गर्ने, विश्लेषण गर्ने, मूल्याङ्कन गर्ने र सिर्जना गर्ने) तथा दोस्रो, प्रतिबिम्बित सोचाइ सिपहरूले आफ्ना चेतना एवम् बुझाइ जस्तै संज्ञानात्मक सिपहरूको प्रयोग बारे योजना निर्माण, अनुगमन र मूल्याङ्कनलाई जनाउँछ ।

**सोचाइ सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*प्रयोग सिप, सिकाइ सिप, रचनात्मक सोचाइ सिप, समालोचनात्मक सोचाइ सिप र निर्णय तथा समस्या समाधान सिप*

## २. वैयक्तिक सिपहरू (Intrapersonal Skills):

वैयक्तिक सिपहरू विभिन्न किसिमका छन् । यसअन्तर्गत जिम्मेवारी एवम् प्रतिबद्धता विकास गर्नु, स्वयम् व्यवस्थापन, आत्मबल/स्वाभिमानको विकास, इमानदारी/ स्वअनुशासन, समय व्यवस्थापन, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता जस्ता सिपहरू पर्दछन् । वैयक्तिक सिपहरूलाई सामान्यतया व्यवहार कुशल सिपहरू र व्यक्तिगत सिपहरू पनि भनिन्छ । वैयक्तिक सिपहरूको विकासका लागि पाठ्यक्रमले बालबालिकाको संज्ञानात्मक विकास, सामाजिक तथा संवेगात्मक विकास, वाचन तथा भाषा विकास र कुशल क्रियात्मक सिप विकासका लागि व्यवस्था गरेको हुनुपर्दछ । वैयक्तिक सिपहरूले विद्यार्थीहरूलाई काम तथा क्रियाकलापहरूको जिम्मेवारी लिन, विभिन्न काम तथा क्रियाकलापहरूप्रति प्रतिबद्धता एवम् आत्मविश्वास प्रदर्शन गर्न, आफ्ना योग्यताको लेखाजोखा गर्न र आफ्ना जीवनको लक्ष्य बारे बिचार व्यक्त गर्न सहयोग पुऱ्याउनुपर्दछ । आफ्नो हेरचाह गर्ने योग्यता, दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता, कार्ययोजना विकास गर्ने, मूल्याङ्कन गर्ने कार्यसमेत समावेश गरी वैयक्तिक लक्ष्यहरू पहिचान गर्ने जस्ता स्वव्यवस्थापन सम्बन्धी सिपहरू यसअन्तर्गत पर्दछन् । त्यसै गरी यसअन्तर्गत आत्मबल तथा स्वाभिमानको विकास इमानदारी/स्वअनुशासन व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता स्वतन्त्र सिकाइ, लचकता र अनुकूलन, जिम्मेवारी एवम् प्रतिबद्धता जस्ता वैयक्तिक सिपहरू पर्दछन् ।

**वैयक्तिक सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*स्वव्यवस्थापन, आत्मबल, स्वाभिमानको विकास, इमानदारी–स्वअनुशासन समय व्यवस्थापन, व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलता*

### ३. अन्तरवैयक्तिक सिपहरू (Interpersonal Skills):

अन्तरवैयक्तिक सिपले एक व्यक्तिले अर्को व्यक्तिसँग प्रभावकारी रूपमा सञ्चार र समन्वय गर्नु, सहयोग तथा सद्भाव कायम गर्न सक्षम हुनु, असल सम्बन्ध कायम गर्नु भन्ने जस्ता योग्यतालाई जनाउँछ । । यसमा फरक फरक लक्ष्य र उद्देश्यका विविध सन्दर्भमा अरूसँग कार्य गर्ने, सामूहिक लक्ष्य पहिचान गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त गर्ने, समूहमा जिम्मेवारी पहिचान गर्ने र भूमिका बाँडफाँड गर्ने, समूहमा राम्रो सम्बन्ध विकास गर्ने, समूहका प्रगतिको लेखाजोखा गर्ने, समूहको कार्यको समीक्षा गर्ने र व्यक्तिगत रूपमा आफ्नो योगदानको प्रतिविम्बन गर्ने जस्ता पक्षहरू समावेश हुन्छन् । अन्तरवैयक्तिक सिपहरूमध्ये सञ्चार एउटा ज्यादै महत्त्वपूर्ण सिप हो । सुन्न र बोल्न सक्ने योग्यता आधारभूत सञ्चार सिपहरू हुन् । यी सिपहरू कक्षा १, २ र ३ का विद्यार्थीहरूमा विद्यालयमा रहँदा विकसित हुनुपर्दछ । जबसम्म विद्यार्थीहरूले आफ्नो स्थानीय वा राष्ट्रिय भाषामा सञ्चार गर्न सक्दैनन् तबसम्म उनीहरूले आफ्ना जीवनका लक्ष्यहरू प्राप्त गर्न र आफ्नो ज्ञान एवम् सामर्थ्य विकास गर्न तथा आफ्नो दैनिक जीवनमा काम गर्न समर्थ हुँदैनन् । सञ्चार सिपहरूले बालबालिकालाई संवेगात्मक बौद्धिकता, स्थिरता, स्पष्टता, भिन्नता, आत्मविश्वास, सहानुभूति, आदर, सुन्ने, खुला सोच र राम्रो प्रश्न सोध्ने सिप विकास गर्दछ । असल सञ्चार भनेको समग्रमा प्रभावकारी सुनाइ हो । बालबालिकाहरूले विद्यालय अवधिभर खुला सोच विकास गर्नुपर्दछ । सुदृढ सञ्चारका लागि एउटा व्यक्ति खुला मस्तिष्कसहित अन्य व्यक्तिका दृष्टिकोण बुझ्नेतर्फ प्रतिबद्ध हुनुपर्दछ । व्यक्तिको जीवन तथा कार्यका प्रायः सबै पक्षहरूमा सहकार्य सिपहरूको आवश्यकता पर्दछ । हिजोआज व्यापार उद्योगमा वा कुनै कार्यका लागि सँगसँगै मिलेर समूहमा काम गर्न केही संयुक्त प्रयास हुनुपर्दछ भन्ने कुराले प्रवेश पाएको छ । कामको संसारमा अधिकांश क्षेत्रमा सहयोग तथा सहकार्यलाई एउटा आवश्यक सिपका रूपमा हेरिन्छ । सहकार्य भनेको एउटा सिपले सिकाइ पद्धति जस्तै निगमन, आगमन र संयोजन सिकाइलाई क्रियाशील बनाउनुपर्दछ । विद्यार्थीहरूले परियोजना तथा खोजमूलक सिकाइमा

व्यस्त राख्नुपर्दछ र सामाजिक परिवेशमा आफ्ना ज्ञान एवम् समस्या समाधानका सिपहरू प्रयोग गर्न सक्नुपर्दछ । सहकार्य सिपहरूले विद्यार्थीहरूलाई उनीहरूको साझा लक्ष्यहरू हासिल गर्न सँगै मिलेर सहयोगी रूपमा काम गर्न मदत गर्दछ । जब बालबालिकाहरू एकआपसमा मिलेर सिक्ने प्रक्रियामा रहन्छन् तब उनीहरू कुनै समस्या समाधान गर्न मिलेर काम गर्दछन्, कुनै काम पूरा गर्न वा कुनै उत्पादन गर्न सक्दछन् । सहयोगी सिकाइ वातावरणमा सिकारुका अलग अलग दृष्टिकोणले सुन्नुपर्ने हुँदा सिकारुले सामाजिक एवम् संवेगात्मक दुवै पक्षबाट चुनौतीहरूको सामना गर्नुपर्दछ र आफ्ना बिचारहरूलाई स्पष्ट पार्न र प्रतिरक्षा गर्न सक्नुपर्छ । यसो गर्दा सिकारुले विज्ञ वा शिक्षकहरूले दिएको प्रारूप वा ढाँचामा भर नपरी आफ्नै विशेष प्रकारका धारणागत प्रारूपहरू सिर्जना गर्न थाल्छन् । यसभन्दा बढी सहकार्य गर्दा साझा सिकाइले सिकारुलाई छलफलमा भाग लिने आवसरहरू दिने, आफ्ना सिकाइको जिम्मेवारी लिने र यसअनुरूप गहन सोच गर्ने व्यक्तिका रूपमा विकसित गर्दछ । बालबालिकाहरूमा सञ्चार र सहकार्य सिपसँगसँगै सहयोग तथा सहानुभूति, सक्रियतापूर्वक सुन्ने र सांस्कृतिक तथा नैतिकता जस्ता अन्तरवैयक्तिक सिपहरूको विकास पनि उत्तिकै आवश्यक छ ।

**अन्तरवैयक्तिक सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*सञ्चार, सहकार्य, सहयोग तथा सहानुभुति, सक्रियतापूर्वक सुन्ने, सांस्कृतिक सिपहरू र नैतिकता*

## ४. सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू
(Information communication and multiliteracy skills):

एक्काइसौँ शताब्दीमा सफलता पाउन विद्यार्थीहरूले विज्ञान, प्रविधिका साथै संस्कृतिमा कुशलता प्राप्त गर्नुपर्दछ । त्यस्तै विभिन्न रूपमा सूचनाहरूको राम्रो बुझाइ हुनुपर्दछ । त्यस्तै विद्यार्थीहरूले विविध वातावरणको व्यवस्थापन, संस्कृतिहरूको ज्ञान, एउटा विश्वव्यापी सोच, प्रभावकारी समाधान, सिक्नका लागि जिज्ञासु, सफलतापूर्वक बाहृय

जगत्‌बाट चिन्तन गर्ने, दूर सञ्चार सिपहरू र विश्लेषणलाई बुझ्न सक्ने सिपहरू विकसित गर्नुपर्दछ । बालबालिकाहरूले विद्यालयमा रहँदा नै डिजिटल साक्षरताको सामान्य सक्षमता हासिल गर्नुपर्छ ।

**सूचना प्रविधि तथा बहुसाक्षरता सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*आधारभूत साक्षरता, प्रविधिक साक्षरता, दृश्य साक्षरता, सूचना साक्षरता र बहुसांस्कृतिक साक्षरता*

### ५. नागरिक सिप (Citizenship Skills):

शिक्षाको एउटा उद्देश्य बालबालिकामा नागरिक अधिकार र दायित्वप्रति सचेतता विकास गराई नागरिक अधिकार प्राप्ति र दायित्व कुशलतापूर्वक निर्वाह गर्ने नागरिकका रूपमा विकास गर्न सहयोग गर्नु हो । यसका लागि विद्यालय शिक्षाका प्रारम्भिक कक्षादेखि नै नागरिक शिक्षालाई विभिन्न विषयमा एकीकृत गर्नुपर्दछ । यसअन्तर्गत लोकतान्त्रिक मूल्य र मान्यता, सहभागिता, सहनशीलता र खुलापन, विविधताको बोध र सम्मान, राष्ट्रिय पहिचान, समाज, भाषा, संस्कृति र राष्ट्रप्रति प्रेम र अपनत्व, व्यक्तिगत, समाजिक तथा नागरिक दायित्व र जिम्मेवारी वहन गर्नेलगायत विश्वव्यापी चेतनाको विकास गराउनुपर्दछ । एउटा असल नागरिकको विकासका लागि विभिन्न विषयमा एकीकृत गरी नागरिक सिपहरूसँग सम्बन्धित सिपहरूमा विद्यार्थीमा सक्षमताहरू हासिल गराउनुपर्दछ ।

**नागरिक सिपका क्षेत्रहरू निम्नानुसार छन्ः**

*सहनशीलता र खुलापन, विविधताको सम्मान, अन्तरसांस्कृतिक बुझाइ, लोकतान्त्रिक सहभागितात्मक र समामूलक मूल्य, वातावरणप्रतिको सजगता र सम्मान, राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति, सामाजिक एवम् नागरिक जिम्मेवारी, वैयक्तिक जिम्मेवारी*

# विस्तृत सिकाइ सहजीकरण क्रियाकलाप

## कक्षा – १

एकाइ–एक

विषयक्षेत्र : म

सक्षमता : आफ्नो नामसहित परिचय दिन

विधि : प्रदर्शन विधि, छलफल, समूह कार्य प्रश्नोत्तर

विस्तृत क्रियाकलापः

– आफ्नो ठाउँ परिवेशअनुसार मातृभाषाको आधारमा नाम भन्न लगाउने,
– अङ्ग्रेजी भाषामा 'Me' को आधारमा परिचय गर्न लगाउने,
– संस्कृत भाषामा 'अहम्' को आधारमा परिचय गर्न लगाउने,
– तामाङ भाषामा 'ङा' को आधारमा आफ्नो परिचय गर्न लगाउने,
– आफ्नो नाम लेखिएको शब्दपत्ती बोकी अगाडि उभिन लगाई सो हेरी आफ्नो नाम भन्न लगाउने,
– 'म' भन्ने अवधारणा आउने नाम शब्दपत्तीलाई कार्टुनमा राखी आ–आफ्नो नामपत्ती छान्न लगाई भन्न लगाउने,
– पजल बक्समा नामपत्ती टाँस गरी उनीहरूलाई आफ्नो नाम लेखिएको नामपत्ती हेरी भन्न/पढ्न लगाउने,
– कक्षाका सबै विद्यार्थीहरू आपसमा हात समाई समूहमा नाम भन्ने खेल खेलाउने,

एकाइ–दुई

विषयक्षेत्र : मेरो परिवार

सक्षमता : परिवारका सदस्यको नाम र नाता सम्बन्ध वताउन,

विधि : प्रदर्शन, छलफल, खेल, समूहकार्य, प्रश्नोत्तर आदि ।

विस्तृत क्रियाकलाप :

– वर्ग शिक्षकले परिवारका सदस्यको नाम क्रमिक रूपमा

भनी सोहीअनुसार विद्यार्थीलाई एकल वा सामूहिक रूपमा परिचय भन्न लगाउने,

- आ–आफ्नो परिवारमा हुनु भएका सदस्यहरू जस्तै : हजुर बुबा, हजुरआमा, बुबा, आमा, दादा दिदीको नाम भन्न लगाउने,
- आफ्नो परिवारमा भएका व्यक्तिहरू गन्न र भन्न लगाउने,
- परिवारका सदस्यहरूसँग आफ्नो सम्बन्ध के हो भनी जानकारी गराउने,
- उमेरअनुसार परिवारका सदस्यहरूको फोटो सङ्कलन गरी हजुरबुबा, हजुरआमा, आमा, बुबा, दादा, दिदी, बहिनी, भाइको फोटो चिन्न लगाउने,
- परिवारका सदस्यहरूको नाम लेखिएको शब्दपत्ती टाँस गरी त्यहीअनुसार हेरेर भन्न लगाउने,
- परिवारमा भएका सदस्यहरूको भूमिका उल्लेख भएका छोटो लघुकथा भनीदिने,
- परिवारमा आफूभन्दा ठुला व्यक्तिले माया ममता, संरक्षण र सुरक्षा प्रदान गर्नुहुन्छ भनी बताउने,
- परिवारमा साना सदस्यले ठूलालाई आदर सत्कार, सम्मान गर्ने र भनेको कुरा मान्नु पर्छ भनी बताउने,
- आफ्नो परिवारमा रहनु भएका आदरणीय आमाबुबालाई वा आफूभन्दा ठूला व्यक्तिलाई नमस्कार, दर्शन, ढोग तथा अभिवादन गर्नुपर्छ भनी आफूले अभिनय गरी देखाउने,
- परिवारका सदस्यहरूको नाम झल्कने पजल बक्स बनाई फोटो टाँस गर्न सिकाउने,
- परिवारका सदस्यहरूको नाता सम्बन्धमा लेखिएको वाक्यपत्ती टाँस गरी भन्न लगाउने,

एकाइ–तीन

विषयक्षेत्र : हामी

**सक्षमता : आफू र आफ्नो साथीहरूको परिचय दिने**

**विधि : खेल विधि, प्रदर्शन विधि, समूह छलफल विधि**

क्रियाकलाप

– सर्वप्रथम कक्षाकोठाभित्र गई विद्यार्थीहरूलाई एउटा परिवारको बुबा, आमा, हजुरबा, हजुरआमा, काका, काकी, छोरा, छोरीको उमेर अनुसारको फोटो प्रस्तुत गरी विद्यार्थीहरूलाई छुट्याउन लगाउने क्रियाकलाप गराउने,

– प्रत्येक विद्यार्थीलाई आ–आफ्नो नाम लेखिएको शब्दपत्ती दिई एकठाउँमा मिसाउन लगाई त्यसबाट आफ्नो नाम खोज्न प्रोत्साहित गर्ने,

– बालबालिकाहरूलाई कक्षाकोठाभित्र आफ्नो थानमा उभिएर समूहमा आफ्नो नाम पालैपालो भन्न लगाउने,

– कक्षाका सबै वा आधाजति विद्यार्थीहरूलाई आफ्नो र आफ्नो घरवरिपरिको बुबा, आमा, दाजुभाइ, दिदी बहिनीको नाम भन्न लगाउने,

– विद्यार्थीहरूलाई विद्यालय प्राङ्गणमा लगेर गोला घेरामा उभिन लगाउने, त्यसपछि शिक्षकले एउटा रिङ फालेर एकजना विद्यार्थीलाई समाउन लगाउने, रिङ समाउने विद्यार्थीले पुनः एकजना इच्छाइएको व्यक्तिपट्टि फाल्न लगाई समात्ने विद्यार्थीले आफ्नो र साथीहरूको नाम भन्न लगाउने यही तरिकाले खेल खेलाउने,

– विद्यार्थीहलाई ४/४ जनाको समूह बनाई प्रत्येक समूहलाई आफू समेत आफ्नो समूहको बाँकी ३ जना साथीको नाम पनि भन्न लगाउने एवम्रितले सबै समूहलाई भन्न लगाउने,

– समूहमा विद्यार्थीहरूलाई विभाजन गरी समूहभित्रका विद्यार्थीहरूलाई अलग दुई भागमा नाम उल्लेख गरी डोरी तान्ने खेल खेलाउने,

- डोरी तान्ने खेल खेलिसकेपछि विद्यार्थीहरूलाई आफ्नो समूहको नामसहित परिचय भन्न लगाउने,
- विद्यार्थीहरूलाई सेतोपाटीमा मेरो परिवार भन्ने चार्ट टासेर त्यसमा भएका परिवार नाताहरूको नाम भन्न लगाउने,
- तामाङ भाषा, नेवार वा अन्य भाषा मातृभाषामा साथीहरूको र परिवारको नाम भन्न लगाउने,
- स्थानीय भाषामा शिक्षकले आफ्नो परिवेशअनुसार नाम भन्ने क्रियाकलाप गराउने,

**एकाइ–चार**

**विषयक्षेत्र : मेरो समुदाय**

**सक्षमता : आफ्नो घर परिवारसँग जोडिएका छरछिमेकीहरूका नाम भन**

**शिक्षण : सहजीकरण क्रियाकलाप**

- विद्यार्थीहरूलाई कक्षाकोठाभित्र एउटा पक्की घर, एउटा काठको घर, एउटा वङ्गला र एउटा छाप्रोको गरी ४ प्रकारका घरहरूको चित्र देखाई उनीहरूलाई आफ्नो घर कस्तो छ ? ती घरहरूमा को को बस्छन् ? आदि प्रश्नोत्तर गर्ने र विद्यार्थीको घर वरपर क कसाको घर छन् ? भन्न लगाउने,
- विद्यार्थीहरूको सामुन्नेमा २/३ ओटा घरहरू एकै ठाउँमा देखिने तस्बिरहरू प्रदर्शन गरी सँगै घरहरू बनाएर बस्ने मानिसहरूलाई के भनिन्छ ? भनी छलफल गराउँदै अगाडि, बिचमा र पछाडि बस्ने २/२ जना विद्यार्थीलाई तिम्रो घरसँग क–कसाको घर जोडिएको छ भनी प्रश्नोत्तर गर्दै 'छिमेकी' को अवधारणा बताइदिने,
- छरछिमेकीको पारिवारिक समूहलाई वल्लो घर पल्लो घर भनिन्छ भन्न अवधारणा दिन छिमेकी परिवारहरूको तस्बिरहरू तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र बिचबिचमा छलफल गर्दै एकै ठाँउमा जोडिएका घरहरूलाई

छिमेकी परिवार भनिन्छ भन्ने बताइदिने,

- विद्यार्थीहरूलाई 'छरछिमेक' लेखिएको शब्दपत्ती ४ ओटा समूहमा बाँडिदिने, त्यसपछि प्रत्येक समूहलाई आफ्नो समूहलाई एक परिवार र अर्को समूहलाई अर्को परिवार मानी छिमेकी समूह (परिवार) का सदस्यहरूको नाम बताउन लगाउने,
- ३ जना विद्यार्थीहरूलाई अगाडि उभिन लगाई प्रत्येकलाई आफ्नो छिमेकी परिवारका सदस्यको नाम भन्न लगाउने, त्यसपछि अरू विद्यार्थीलाई पनि त्यो नाम दोहोऱ्याउने,
- कक्षाकोठामा छरछिमेकीहरूले सँगै सार्वजनिक स्थलहरूमा सफा गरिरहेको, विकास पूर्वाधारहरू तयार गरिरहेको तथा खेतबारीमा सँगै काम गरिरहेको तस्बिरहरू प्रदर्शन गर्ने छरछिमेकीहरूले गर्ने कार्य बताइदिने,
- कक्षाकोठाका विद्यार्थीहरूलाई ३/३ जनाको तीनओटा समूह बनाई तीन परिवारको छरछिमेक भनी बताउने कक्षाकोठाका अरू विद्यार्थीलाई ३ ओटा परिवारका सदस्यहरूको नाम पालैपालो भन्न लगाउने,
- कक्षाकोठामा 'छिमेकी परिवारहरू' लेखिएको वाक्यपत्ती भित्तामा टाँस गरी प्रत्येक विद्यार्थीलाई आफ्नो 'छिमेकी परिवार' को नाम भन्न लगाउने,
- नामले नबोलाउने छिमेकीहरूलाई के नाता लगाउँछौ भनी भन्न लगाउने,
- कक्षाकोठामा व्यक्ति परिवार र अन्य परिवारहरूसँग सम्बन्धित तस्बिरहरू श्रव्यदृश्य प्रदर्शन गरी यी तीनवटाको समूहलाई समुदाय वा छिमेकी भनिन्छ भनी बताइदिने,
- विद्यार्थीहरूलाई चौरमा लगी गोलो घेरामा बसाइ चारओटा समूहमा बस्न लगाउने अनि चारओटै समूहलाई आ–आफ्नो छिमेकमा को को बस्छन् ? नाम भन्न लगाउने,
- छरछिमेकले गर्ने कामको आधारमा छरछिमेकको उपनामहरू राखिएको हुनसक्छ । जस्तै : ज्यामि कान्छो, सिकर्मी

साइला, मिस्त्री काका भनी शिक्षकले उदाहरण दिई विद्यार्थीहरूलाई त्यस्तो छरछिमेकीलाई बोलाइने नामहरू छन् । भनी सोध्ने र छ भनेमा बताउन लगाउने,

- कक्षाकोठामा भएका विद्यार्थीहरूमध्ये को कसको घरमा अन्य नातेदारहरू बस्छन् ? सोधी त्यस्तो पाइएमा ती नातेदारहरूको नाम बताउन लगाउने,

**एकाइ–पाँच**

**विषयक्षेत्र : मेरो हेटौँडा उपमहानगर**

**सक्षमता : हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुख र वडाको अध्यक्षको नाम भन्न ।**

**विधि : प्रदर्शन, समूह छलफल, खेल प्रश्नोत्तर ।**

**शिक्षण सहजीकरण क्रियाकलापहरू**

- स–साना ढुङ्गा वा डोरीको सङ्कलन गर्न लगाई गोलो घेरा बनाउन लगाउने,
- गोलो घेरा बनाइएको बिचको खाल भाग हेटौँडा उपमहानगर हुन भनी दिने,
- हेटौँडा उपमहानगरको पहिचान खुल्ने खालको छोटो कविता वा लघुकथा सुनाउने,
- कक्षाको मोनिटरको नाम भन्न लगाउने,
- विद्यालयका प्राधानाध्यापकको नाम भन्न लगाउने,
- हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुख र वडाको अध्यक्षको फोटो कक्षाको अग्र भागमा टाँस गरी नाम बताउने,
- वडाअध्यक्षको फोटो देखाई ती व्यक्ति को हुन् ? भन्न लगाउने,
- तिम्रो घरको घरमूली को हुनुहुन्छ ? भनी नाम सोध्ने,
- हेटौँडा उपमहानगर प्रमुख, उपप्रमुख र वडाध्यक्षको फोटो टाँस गर्न लगाई नाम लेख्न लगाउने,
- हेटौँडा उपमहानगरको प्रमुख, उपप्रमुख वा वडाअध्यक्षको

फोटोलाई बक्समा राखी पालैपालो निकाल्न लगाई नाम भन्न लगाउने,

- विद्यार्थीहरू मध्येबाट १ जनालाई प्रमुख अर्कोलाई उपप्रमुख र अर्को १ जनालाई वडा अध्यक्षको उपमा (उदाहरण) दिई चिन्न लगाउने,

**एकाइ–छ**

**विषयक्षेत्र : हाम्रो हेटौँडा उपमहानगरको पहिचान**

**सक्षमता : हेटौँडा उपमहानगरको चार किल्ला/सिमाना भन्न**

**शिक्षण सहजीकरण क्रियाकलापहरू**

- विद्यार्थीलाई चार समूहमा विभाजन गरी प्रत्येक विद्यार्थीलाई एक एक ओटा बल दिने
- बललाई चार कुनामा राख्न लगाई बल भएको ठाउँ वरिपरि चुन वा रङ्गले घेर्न लगाउने,
- घेरिसकेपछि बाँकी भएको खाली वा बिचको भागमा हेटौँडा उपमहानगर लेखेको शब्दपत्ती वा नक्सा राख्न लगाउने,
- चार दिशामा चार प्रकारका फलफूल वा फलफूलको चित्र राख्न लगाउने,
- जताबाट घाम उदाउँछ त्यो पूर्व हो, जहाँ घाम अस्ताउँछ त्यतापट्टि पश्चिम हो भनी दिने,
- कुनै एकजना विद्यार्थीलाई अगाडि बोलाइ पूर्व फर्केर हात फैलाउन लगाउने र तिम्रो दाहिने हात दक्षिण दिशामा र देब्रे हात उत्तर दिशामा पर्छ भनी बताउने,
- चार कुनामा राखिएको फलफूलमध्ये पूर्वमा र पश्चिममा कुन फलफूलको चित्र छ हेरेर भन्न लगाउने,
- तिम्रो विद्यालयको कुन दिशामा तिमीले अध्ययन/पढ्ने कक्षा कहाँ पर्छ ? भनी सोध्ने,
- चार दिशा र क्षेत्रको पहिचान पश्चात् हेटौँडा उपमहानगरको रङ्गीन नक्सा देखाएर चिनारी गराउने,

– पालैपालो एक/एक जना विद्यार्थी बोलाई चारओटा दिशा भन्न लगाउने,
– चार दिशालाई डोरीले घेर्न लगाई यो क्षेत्र नै हाम्रो हेटौँडा उपमहानगर हो भनी बताउने,
– हेटौँडा उपमहानगरको पूर्व, पश्चिम, उत्तर र दक्षिण सीमाको नाम भनी भन्न पनि लगाउने,

**एकाइ–सात**

**विषयक्षेत्र : हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा**

**विधि : प्रदर्शन, खेल, छलफल, प्रश्नोत्तर, विधि**

**शिक्षण सहजीकरण क्रियाकलापहरू**

– स्थानीय क्षेत्रको वन जङ्गलको चित्र वा तस्बिर प्रदर्शन गर्ने,
– वन जङ्गल, नदी, खोला ताल पोखरी प्राकृतिक सम्पदाहरू हुन भनी प्रस्ट पार्ने,
– खेलमैदान, पहाड र पार्कको चित्र वा तस्बिर देखाई चिन्न लगाउने,
– विद्यालय वरपरका मठ मन्दिर कहाँ र के के छन् भनी भन्न लगाउने,
– आफूले जानेका सुनेका देखेका आधारमा स्थानीय मन्दिरको नाम भन्न प्रेरित गर्ने,
– सांस्कृतिक सम्पदाभित्र मठ मन्दिर, चर्च, गुम्बा, मस्जिद आदि पर्छन् भनी बताइदिने,
– सांस्कृतिक सम्पदाहरूको सूची तयार गरी कक्षाको अग्रभागमा टाँस गर्ने,
– टाँस गरिएका सांस्कृतिक सम्पदालाई विद्यार्थीबाट वाचन गर्न लगाउने,
– अलग अलग प्राकृतिक र सांस्कृतिक सम्पदाको सूची कार्ड बनाई फरक छुट्याउने,

– प्राकृतिक र सांस्कृतिक सम्पदा झल्कने श्रव्यदृश्य सामग्रीको प्रयोग गरी यसबाट हामीले पाउने फाइदा भन्न लगाउने,
– प्राकृतिक र सांस्कृतिक सम्पदाबाट मानिसले लिने आनन्द बुझाउने छोटो कविता, गीत रचना गरी सुनाउने,
– प्राकृतिक/सांस्कृतिक सम्पदाको संरक्षण गर्ने उपायहरू शिक्षककले सहजीकरण गरी भन्न लगाउने,

**एकाइ–आठ**

**विषयक्षेत्र : हाम्रो पेसा, व्यवसाय**

**सक्षमता : आफ्नो वडाभित्रको मानिसको मुख्य पेसा, व्यवसायको नाम भन्न**

**विधि : समूह लछफल, खेल, प्रदर्शन, अवलोकन**

**शिक्षण सहजीकरण क्रियाकलापहरू**

– विद्यार्थीहरूलाई कक्षाकोठामा समूहगत र एकल रूपमा “तिमी के काम गर्छौ ? ” भनी सोध्ने र घरमा र विद्यालयमा गर्ने कामहरू वताउन लगाउने,
– विद्यार्थीहरूलाई ३ ओटा समूहमा बाँडी प्रत्येक समूहलाई उनीहरूको आमाबुबाले गर्ने काम पालैपालो भन्न लगाउने,
– कक्षाकोठाको तीनओटा विद्यार्थीलाई तिम्रो छिमेकले के के काम गर्छन ? भनी सोध्ने र समूहलाई पनि छिमेकीमा के के काम गरेको देखेका छौ ? भनी प्रश्न गर्दै वताउन लगाउने,
– कक्षाकोठामा विभिन्न पेसा व्यवसाय झल्किने फोटो वा तस्बिरहरू प्रदर्शन गरी फोटोमा देखिएका मानिसहरूले के के काम गरिरहेका छन् ? उनीहरूले गर्ने कामलाई के भनिन्छ ? भनी प्रश्न गर्दै बताउन लगाउने,
– कृषि कार्य गर्न प्रयोग गरिने औजारहरू देखाई यो कुन पेसाकर्मीले प्रयोग गर्छन् ? भनी सोध्ने, हलोको चित्र देखाई यो कुन पेसाको औार हो भनी सोध्ने र प्राप्त उत्तरलाई सेतोपाटीमा टिपोट गर्ने,

- बाख्रा, गाई, भैंसी, कुखुरा, हाँस आदि पालन गरिएको पोस्टरहरू देखाई उनीहरूले के गरिरहेका छन् भन्न लगाउने र यो पशुपालन व्यवसाय हो भनी बताइ दिने,
- दैनिक जीवनमा प्रयोग हुने कापी, कलम, लत्ताकपडा खानेकुरा आदि किन्न कुन ठाउँमा जान्छौ भनी प्रश्न गर्दै त्यस्तो व्यवसायलाई पसले वा व्यापारी भनिन्छ भनी बताइ दिने,
- अस्पतालका कर्मचारीहरूको तस्बिरहरू देखाई डाक्टर, नर्स आदिलाई स्वास्थ्यकर्मी भनिन्छ भनी बताइ दिने,
- विद्यार्थीहरूलाई विद्यालय हाताको फूलबारीमा लगी अवलोकन गराई यस्तो बोटविरूवाको काम गर्नेलाई के भनिन्छ ? भनी सोध्ने र भन्न लगाउने,
- विद्यार्थीहरूलाई आफ्नो वडामा सबैभन्दा धेरै मानिसले गर्ने काम कुन हो भनी छलफल गरी भन्न लगाउने,

**एकाइ–नौ**

**विषय क्षेत्र : हाम्रो जातजाति**

**सक्षमता : आफ्नो वडाभित्रका मुख्य जातजातिको नाम भन्न**

**शिक्षण सिकाइ क्रियाकलापहरू**

- विद्यार्थीहरूलाई कक्षाकोठामा ५ जनालाई उनीहरूको नाम थर भन भनी भन्न लगाउने, त्यसपछि बाँकी विद्याथीहरूलाई उनीहरूको थर सुनेर जातिको नाम भन्न लगाउने,
- विद्यार्थीहरूलाई एउटै परिवारमा बस्ने सबैको थर उस्तै हुन्छ कि हुँदैन भन्ने सोधी एउटै थर हुनेहरू एकै जातिका हुन्छन् भनी बुझाइदिने,
- विद्यार्थीहरूलाई एउटै जातिभित्र पनि विभिन्न थरहरू हुन्छन् भन्ने अवधारणा दिन 'तिम्रो मामाको नाम थर भन' भनी ५ जनाजति विद्यार्थीलाई सोध्ने, उत्तर प्राप्त भएपछि मामाको जात तिम्रो ताज एउटै हो भनी बताइदिने, साथै फरक जातिको मामाघर रहेछ भने सो पनि कतिपय अवस्थामा

हुन्छन् भनी प्रष्ट पारिदिने,

- विभिन्न जातजातिको नाम लेखीको शब्दपत्ती तथा जाति झल्किने तस्बिरहरू विद्यार्थीहरूलाई देखाई विद्यार्थीहरूलाई भन्न लगाउने, बताउने, अप्ठ्यारो मान्ने विद्यार्थीलाई शब्दपत्ती र तस्बिरसँगै राखी फेरि भन्न लगाउने,
- विद्यार्थीहरूलाई चारओटा समूहमा विभाजन गरी आ–आफ्नो समूहभित्र भएका साथीहरूको जात भन्न लगाउने,
- फरक फरक टोलबाट आउने विद्यार्थीहरूलाई उनीहरूको टोलमा बसोबास गर्ने जातिको नाम भन्न लगाई उनीहरूले भनेको जातिको नाम शिक्षकले सेतोपाटीमा टिपोट गर्ने,
- धेरै ओटा टोलमा बस्ने जातिमध्ये टिपोट गरिएको मुख्य जातजातिको मात्र नाम लेखी पढ्न, भन्न लगाउने,
- वडाभित्रका मुख्य जातजातिमध्ये केही नाम चलेका पेसाकर्मीहरूलाई कक्षाकोठामा बोलाई विद्यार्थीहरूसँग बोल्न लगाएर वडाभित्रका मुख्य जातिको नाम भन्न लगाउने,

**एकाइ–दश**

**विषय क्षेत्र : हाम्रो पहिरन**

**विधि : प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल विधि**

**सक्षमता : आफू र आफ्नो छिमेकीको पहिरन पहिचान गर्ने,**

**शिक्षण सहजीकरण क्रियाकलाप**

- कक्षामा कुनै २/४ जना विद्यार्थीलाई तिमीले लगाएको कपडा कस्तो छ भनी प्रश्न सोध्ने र पहिरनको बारेमा परिचय गराउन लगाउने,
- तिम्रो परिवारमा दिदी, आमा र बुबा दाजुहरूले लगाउने कपडा बारे छलफल गरी महिला र पुरुषको पहिरनको अवधारणा दिने,
- कक्षामा प्रत्येक विद्यार्थीहरूलाई आफूले जानेको आधारमा आफ्नो पहिरनको सामान्य चित्र कोर्न लगाउने,

- पहिरनको नाम लेखिएको शब्दपत्ती देखाई महिला र पुरुषले लगाउने पोसाक छुट्याउन लगाउने,
- राष्ट्रिय पोसाकको चित्र देखाई महिलाले लगाउने पोसाक भन्न लगाउने,
- विद्यार्थीलाई ४ समूहमा विभाजन गरी दुई समूहलाई महिला र दुई समूहलाई पुरुषले लगाउने पोसाकको नाम भन्न लगाउने,
- प्रहरी, सेना, डाक्टर, शिक्षक, गार्ड, मजदुर आदिको चित्र देखाई ती व्यक्तिहरूले कस्तो पोसाक लगाएका छन् भन्न लगाउने,
- विद्यालयको प्राङ्गणमा कुनै एक दिन कक्षाका विद्यार्थीहरूलाई आफ्नो सांस्कृतिक पहिरनमा बोलाई, पहिरनको बारेमा स्पष्ट पारिदिने,
- महिला र पुरुषले लगाएका पोसाक झल्कने श्रव्यदृश्य सामग्रीको प्रयोग गरिसकेपश्चात व्यक्तिगत रूपमा पालैपालो भन्न लगाउने ।

**एकाइ–एघार**

**विषय क्षेत्र : हाम्रो वडाको नक्सा पहिचान**

**विधि : प्रदर्शन, छलफल, प्रश्नोत्तर खेल विधि**

**सक्षमता : आफू बस्ने वडाको नक्सा पहिचान गर्ने**

**शिक्षण सहजीकरण क्रियाकलापहरू :**

- विद्यार्थीहरूलाई आफू बसेको कक्षाकोठा, भित्र भौतिक (बेञ्च, टेबल, सेतोपाटी, कुर्सी) सामग्री हेर्न लगाउने साथै तिनको नाम भन्न लगाउने,
- बालबालिकालाई सिधा, तेस्रो र ठाडो साधारण धर्को आफ्नो कापीमा कोर्न लगाई ती चित्रहरूलाई एक आपसमा जोड्न लगाउने,
- एउटा बलमा दिशा शब्दपत्ती टाँस गरी त्यो दिशा कता पर्छ

भनी बताउन लगाउने यसैगरी बाँकी दिशाहरू पनि चिनेर बताउन लगाउने,

- शिक्षक स्वयमले कक्षाकोठाको र घरदेखि विद्यालयसम्मको बाटोको नक्सा बनाई प्रदर्शन गर्ने, विद्यार्थीलाई जानकारी दिने/गराउने,
- विद्यालयको प्राङ्गणमा विद्यार्थीहरूलाई लगी अवलोकन गराई चारै दिशामा कुन कुन संरचना पर्दछन् बताउन लगाउने,
- विद्यालयको नक्सा/श्रव्यदृश्य वा तस्बिरको माध्यमबाट प्रदर्शन गरी आफ्नो विद्यालय कता/कुन दिशामा पर्छ ? पहिचान गरी भन्न लगाउने,
- सम्बन्धित वडाको रङ्गीन नक्सा सबै विद्यार्थीले देख्ने स्थानमा टाँस गरी आ–आफ्नो विद्यालय चिन्न लगाई पालैपालो अगाडि आई देखाउन लगाउने ।

# सिकाइ विस्तृतीकरण क्रियाकलाप

## कक्षा – २

एकाइ–एक

विषयक्षेत्र – म

सक्षमता : आफ्नो नाम लेखी साथीहरूलाई चिनाउन

विधि : प्रदर्शन, छलफल, खेल, प्रश्नोत्तर

शिक्षण सहजीकरण क्रियाकलाप

- आफ्नो पहिचान झल्कने चित्र सङ्कलन गरी कक्षाकोठाको अग्रभागमा प्रदर्शन गरी देखाउने,
- प्रदर्शन गरिएका चित्र देखाई म भनेको चित्रमा उल्लेख गरेको व्यक्ति हो भनी बताउने,
- विद्यार्थीहरूलाई पालैपालो कक्षाकोठाको अगाडि बोलाई आ–आफ्नो नाम भन्न लगाउने,
- कक्षाकोठाको कुनै दुईजना विद्यार्थीलाई अगाडि ल्याई समूहमा साथीको नाम भनेर पचिरय गराउन लगाउने, यो क्रम अन्य बाँकी रहेका विद्यार्थीहरूमा पनि दोहोऱ्याउने,
- विद्यार्थीहरूलाई आफ्नो नाम थर र उमेर भन्न लगाई अरू विद्यार्थीलाई लेख्न लगाउने,
- विद्यार्थीलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहमा आफ्नो समूहमा रहेका साथीहरूको नाम लेख्न लगाउने,
- विद्यार्थीहरूलाई पालैपालो आ–आफ्नो नामपत्ती बोक्न लगाई दुई समूह बनाऊर नाम बोलाउने खेल खेलाउने, खेल खेल्दा आफूले पढेको साथीको नाम लेख्न लगाउने,
- आफ्नो पहिचान दिन आफ्नो पूरा नाम थर लेखी रङ्गीन रङले रेखाङ्कन गर्न लगाउने,
- विद्यार्थीहरूलाई खाली शब्दपत्ती दिई आफ्नो नाम, थर, उमेर र घर भएको स्थानमा नाम लेख्न लगाउने,

**एकाइ–दुई**

**विषयक्षेत्र : हामी**

**सामक्षता : आफू र आफ्नो साथीहरूको नाम लेखी तालिका भर्न**

**विधि : प्रदर्शन, खेल, समूह छलफल**

**शिक्षण सिकाइ क्रियाकलाप :**

- आफू र आफ्नो परिवारको सदस्यहरू प्रष्ट हुने पोस्टरहरू विद्यार्थीहरूलाई नै सङ्कलन गरी ल्याउन भन्ने र ल्याई सकेपछि अर्को दिन सोही पोस्टरलाई देखाउँदै उहाँ को हुनुहुन्छ ? भनी भन्न र लेख्न लगाउने,
- विद्यार्थीहरूलाई ४/४ जना साथीको समूह बनाउन लगाउने,
- उनीहरूलाई साथीहरूको नाम लेख्न लगाउने,
- विद्यार्थीहरूलाई दुई समूह बनाई चौरमा लगी डोरी तान्ने खेल खेल्न लगाई खेल सकिएपछि आफ्नो समूहको साथीहरूको नाम भन्न लगाउने र कक्षाकोठामा लगी लेख्न लगाउने,
- विद्यार्थीहरूलाई पजल बक्समा साथीको नाम पालैपालो अक्षर टाँसेर लेख्न लगाउने र अन्य विद्यार्थीहरूलाई ती नामहरू पढ्न लगाउने,
- विद्यार्थीहरूलाई आफ्नो मिल्ने साथीको नाम शब्दपत्तीमा लेख्न लगाउने र शिक्षकले सहजीकरण गरी उनीहरूले लेखेको शब्दपत्ती भित्तामा टाँस्न लगाउने,
- रिङ फाल्ने खेलद्वारा पालैपालो रिङ सम्पन्न लगाउने साथीले आफ्नो र रिङ फाल्ने साथीको नाम थर भनी परिचय दिन लगाउने,
- विद्यार्थीहरूलाई विद्यालय प्राङ्गणमा लगी गोलो गोलो घेरामा उभिन लगाउने, त्यसपछि एउटै अक्षरबाट नाम आउने विद्यार्थीहरूलाई गोलोभित्र बोलाई नाम भन्न लगाउने,
- विद्यार्थीहरूलाई आफ्नो मिल्ने साथीहरूको नाम शीर्षकमा राखी उनीहरूको बारेमा पाँच वाक्य लेख्न लगाउने,

**एकाइ–तीन**

**विषयक्षेत्र : मेरो परिवार**

**सक्षमता : परिवारको सदस्यको नाम लेखी नाता सम्बन्धमा तालिकामा भर्ने,**

**विधि : प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल विधि**

**शिक्षण सहजीकरण क्रियाकलाप :**

– परिवारका सदस्यहरूको चित्र देखाई यहाँ को को छन् ? यिनीहरू को को हुन् भनी छलफल गर्ने,

– 'आमा–बुबा' लेखिएको नाम शब्दपत्तीहरूसहित जोडा मिलाउने खेल खेलाउने,

– एकल वा संयुक्त परिवारको अवधारणा दिन बाबुआमा र छोराछोरी भएको तस्बिर देखाई यो एकल परिवार र हजुरबुबा, हजुरआमा, काका, काकी, दाइ माइजू वा दुई पुस्ताभन्दा बढी परिवारका सदस्यहरू एउटै घरमा बस्छन् भने त्यसलाई संयुक्त परिवार भनिन्छ भनी छलफल गराउने,

– कक्षामा दुईओटा समूह बनाई दुवै समूहलाई तालिकामा एकातर्फ नाता सम्बन्धमा र अर्कोतर्फ नातेदारको नाम लेख्न लगाई एउटा समूहले बनाएको तालिका अर्को समूहलाई पढ्न लगाउने,

– परिवारको सचित्र उल्लेख भएको बुकलेट प्रदर्शन गर्ने,

– परिवारको नाता सम्बन्धमा नाम भएको पजल बक्समा फोटो टाँस गर्न लगाउने,

– परिवारको सदस्यहरूले गर्ने कार्यको बारेमा आफैँले रचना गरेको ४/६ लाइनमा गीत गाई सुनाइदिने,

– विद्यालयको प्राङ्गणको चौरमा लगी परिवारको सदस्यहरूको नाता र सम्बन्ध जोडा मिलाई खेल खेलाउने,

एकाइ–चार

विषय क्षेत्र : मेरो समुदाय

समक्षमता : आफ्नो छरछिमेकीहरू तथा आफ्नो विद्यालयको नाम लेख्न,

विधि : खेल विधि, प्रदर्शन विधि, अवलोकन विधि, क्षेत्र भ्रमण, भूमिका

शिक्षण सिकाइ क्रियाकलाप

– एकल परिवार, संयुक्त परिवार र फरक फरक भेषभूषा लगायतका परिवारको तस्बिरहरू/श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने, प्रदर्शनको क्रममा के के देख्यौ ? उनीहरू को हुन् ? आदि प्रश्न गर्दै समुदायको अवधारणा दिने,

– कक्षाकोठाका विद्यार्थीहरूलाई चौरमा लगी ढुङ्गाले घेरिएको ४ ओटा छुट्टाछुट्टै समूहमा बस्न लगाउने । ती ४ समूह नै ४ ओटा घरपरिवार हुन् र सँगै बसेका घरहरू छिमेकी हुन् भनी सिकाउदै छलफल गराउँदै छिमेकीको घरमा भेट गर्ने "आरामै हुनुहुन्छ ? " आदि संवादहरू राखी छोटो वार्तालाप गर्न लगाउने,

– विद्यार्थीहरूलाई आ–आफ्नो दुईजना छिमेकीको नाम पजल बक्समा लेख्न लगाई कापीमा पनि लेख्न लगाउने,

– विद्यार्थीहरूलाई विद्यालयको प्राङ्गणमा निकाली विद्यालयको नाम पढ्न लगाउने, अवलोकन गर्न लगाउने र कक्षाकोठामा लगी आफ्नो विद्यालयको नाम अभ्यास पुस्तिकामा लेख्न लगाउने,

– विद्यालयमा एकदिन समुदायको बृद्ध व्यक्तिलाई बोलाई शिक्षकले कक्षाकोठामा लगी उहाँको नाम, जाति, संस्कृति र समुदायको बारेमा छोटो कुराकानी गर्ने र विद्यार्थीहरूलाई सुन्न लगाउने,

– विद्यालयको नजिकैको टोलमा एकदिन विद्यार्थीहरूलाई लगी क्षेत्र भ्रमण गराउने, उक्त भ्रमणमा विद्यार्थीहरूलाई त्यो समुदायको छिमेकी परिवारको नाम सोधेर लेख्न लगाउने,

- विद्यार्थीहरूलाई आफ्नो छिमेकीहरूको नाम र विद्यालयको नाम अगाडि आई सेतोपाटीमा लेख्न लगाउने,
- छिमेकी परिवारहरूको परिचय गराउने संवाद लेखी केही विद्यार्थीहरूलाई कक्षाकोठाको अगाडि ल्याई भूमिका निर्वाह गर्न लगाउने,

**एकाइ–पाँच**

**विषयक्षेत्र : मेरो हेटौँडा उपमहानगर**

**सक्षमता : नगरपालिकाकाले गर्ने विकास कार्यहरूको सूची तयार पार्ने,**

**विधि : प्रदर्शन, छलफल, अन्तरक्रिया, प्रश्नोत्तर र खेल**

**शिक्षण सहजीकरण क्रियाकलापहरू :**

- शिक्षक स्वयम्ले विकासको अवधारणाको बारेमा स्पष्ट पारिदिने,
- विकास निर्माण कार्य गरिरहेको पोस्टर प्रदर्शन गरी यही नै विकास हो भनी अवगत गराउने,
- विद्यालयमा भइरहेको भवन निर्माण, खानेपानी निर्माणका साथै हाम्रो समुदायमा भइरहेका निर्माण कार्यहरू, अस्पताल निर्माण सडक बनाउनु, बाटो स्ल्याव वा पिच हुनु जस्ता कार्य नै विकास निर्माण हो भनी बताउने,
- विद्यालयमा प्रधानाध्यापकले के कस्ता काम गर्नुहुन्छ ? सूची बनाउन लगाउने,
- आफ्नो विद्यालयमा भएका विकासका गतिविधिहरू बुँदागत रूपमा लेख्न लगाउने
- आफ्नो समुदायमा विकासका कार्यहरू के के भइरहेका छन् । तिनीहरूको सूची बनाउन लगाउने,
- आ–आफ्नो वडाको कार्यालयमा भ्रमण गराई विकासका कार्यको पहिचान गराउने,
- स्थानीय स्तरका एक प्रतिनिधिलाई विद्यालयको कक्षाकोठामा

बोलाई विकास सम्बन्धमा अन्तर्वार्ता वा छलफल गराउने,

- स्थानीय स्तरमा भएका नगरपालिका, गाउँपालिका र वडाले प्रदान गरेका सेवा सुविधाका बारेमा शिक्षक स्वयले बताउने,
- नगरपालिकाले गर्ने कार्य के के हुन् भनी सूची बनाउन लगाउने र सो सूचीबाट अभ्यास पुस्तिकामा लेख्न लगाउने,

**एकाइ–छ**

**विषयक्षेत्र : हाम्रो उपमहानगरको पहिचान**

**सक्षमता : हेटौँडा उपमहानगरको चार दिशा तोकी नाम लेख्ने,**

**विधि : प्रदर्शन, खेल**

**शिक्षण सहजीकरण क्रियाकलापहरू :**

- विद्यार्थीहरूलाई कक्षाकोठा बाहिर विद्यालय प्राङ्गणमा लगी स–साना ढुङ्गा सङ्कलन गर्न लगाउने, ढुङ्गाको घेरा बनाउन लगाई ढुङ्गाको घेरा भित्रको ठाउँलाई "यो हेटौँडा उपमहानगर" हो भन्न लगाउने,
- यसरी भन्दा यो ढुङ्गाभित्रको क्षेत्र जस्तै हेटौँडा उपमहानगरको पनि निश्चित जमिन क्षेत्र हुन्छ भनी अवधारणा दिने,
- विद्यार्थीहरूलाई हेटौँडा उपमहानगरको भौगोलिक पहिचान खुल्ने गरी लघुकथा बनाई कक्षाकोठामा हाउभाउसहित शिक्षकले सुनाउने,
- विद्यार्थीहरूलाई दुईओटा लठ्ठीहरूलाई जोडेर पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशाको अवधारणा बताइदिने सेतोपाटीमा · आकारको लठ्ठीहरू जोडेर सबैभन्दा माथि उत्तर, तल दक्षिण, दायाँतिर पूर्व र बायाँतिर पश्चिम हुन्छ भनी पटकपटक भन्न लगाई अभ्यास पुस्तिकामा लेख्नसमेत लगाउने,
- कक्षाकोठामा चारओटा बलहरू ल्याउने र ती चारओटा बलहरूमा दिशाको नाम लेखिएको शब्दपत्ती टाँसी विद्यार्थीहरूलाई दिशा मिलाई राख्न लगाउने, सबै

विद्यार्थीहरूलाई यो क्रियाकलाप दोहोऱ्याउने,

- विद्यार्थीहरूलाई तिमी कक्षाकोठाको कुन दिशामा बस्छौ भनी भन्न र लेख्न लगाउने,
- सम्भव भएसम्म आफ्नो वडा कार्यपालिकाको स्थलगत अध्ययन भ्रमण तथा अवलोकन गराई विद्यालयबाट वडाको दिशा पहिचान गर्न लगाउने,
- वडाको नक्सा पहिचान गराउन विभिन्न आकृतिका छोटा लामा रेखाहरू कोर्न लगाई ती रेखाहरूलाई आपसमा जोडन सिकाउने,
- रेखाहरूबाट जोडिएको आकृति बिचमा वडाको नक्सा राखी उपयुक्त दिशा पहिचान गर्न सिकाउने,
- आफ्नो कक्षाकोठाभित्र लठ्ठी र डोरीको प्रयोग गरी चार किल्ला छुट्याई नगरपालिकाको ठूलो नक्सा बिचमा राखी सम्बन्धित वडाको सानो नक्सा उपयुक्त स्थानमा टाँस गर्न सिकाउने र ४ जना विद्यार्थीलाई चार दिशामा उभ्याई पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन लगाउने,
- हेटौँडा उपमहानगरको रङ्गीन नक्सा प्रदर्शन गरी विद्यार्थीलाई आफू बस्ने स्थान देखाउन लगाउने र हेटौँडा उपमहानगरको चारै दिशामा पर्ने सिमानाको नाम शब्दपत्ती राखी भन्न र लेख्न लगाउने,

**एकाइ–सात**

**विषय क्षेत्र : हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा**

**सक्षमता : हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूको अलग अलग सूची तयार गर्न**

**विधि : प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल विधि**

**शिक्षण सहजीकरण क्रियाकलापहरू**

- शिक्षक स्वयम्ले प्राकृतिक वस्तुको चित्र अवलोकन गराउने,
- विद्यालय वरिपरि रहेका खोलानाला, घाँसभूमि, पहाड आदि प्राकृतिक सम्पदा हुन् भनी बताउने,

- प्राकृतिक सम्पदाको नाम लेखिएको 'शब्दपत्ती' प्रदर्शन गरी नाम भन्न र लेख्न लगाउने,
- आफ्नो विद्यालय वरिपरि रहेका प्राकृतिक सम्पदाको सूची बनाउन लगाउने,
- सांस्कृतिक सम्पदाको पोस्टर प्रदर्शन गराउने,
- आफ्नो विद्यालयको नजिक रहेका सांस्कृतिक सम्पदाहरूको भ्रमण गराई सांस्कृतिक सम्पदाको नाम टिपोट गर्न लगाउने,
- आफ्नो घर नजिक रहेका मठ मन्दिर, गुम्बा, चर्च, मस्जिदको नाम टिपोट गर्न लगाउने,
- सांस्कृतिक सम्पदाको महत्त्व उल्लेख हुने गरी शिक्षकले आफ्नै रचनामा ४/६ लाइनमा छोटो कविता सुनाउने
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको मिश्रण गरी शिक्षकले खेलको माध्यमले प्रत्येक विद्यार्थीहरूलाई आफ्नो अभ्यास पुस्तिकामा प्राकृतिक र सांस्कृतिक सम्पदाको नाम टिपोट गर्न लगाउने,
- प्राकृतिक र सांस्कृतिक सम्पदाबाट हामीले के कस्ता लाभ प्राप्त गर्छौं, सूची बनाउन लगाउने,
- सांस्कृतिक सम्पदा वा प्राकृतिक सम्पदाको नाम पत्ति बनाई एउटा बक्समा राखी प्रत्येक विद्यार्थीलाई अगाडि बोलाई पालैपालो नामपत्ती झिकी पढ्न लगाउने र अरू विद्यार्थीलाई अभ्यास पुस्तिकमा लेख्न लगाउने,

**एकाइ–आठ**

**विषयक्षेत्र : हाम्रो पेसा, व्यवसाय**

**सक्षमता : आफ्नो नगरभित्रको मानिसले गर्ने मुख्य पेसा व्यवसायको सूची तयार गर्ने,**

**विधि : प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल विधि**

**शिक्षण सहजीकरण क्रियाकलापहरू**

– मानिसले गर्ने विभिन्न कामहरू झल्कने चित्रहरू/पोस्टरहरू प्रदर्शन गर्ने,
– पोस्टरमा हेरी क–कसले के–के काम गरिरहेका छन् भन्न लगाउने त्यसका साथै मानिसले गरेका कामहरू भन्न लगाउने,
– आ–आफ्नो परिवारमा आमाबुबाले गर्ने कामका साथसाथै छिमेकीले गर्ने काम पेसा र व्यवसायको छुट्टाछुट्टै सूची बनाउन लगाउने,
– श्रव्यदृश्य सामग्री (मोबाइल, प्रोजेक्टर) को प्रयोग गरी विभिन्न पेसा व्यवसाय गरेको प्रदर्शन गर्ने,
– कृषकले, डाक्टरले वकिलले, सेनाले कस्ता कार्य गर्छन् भनी छलफल गराई आ–आफ्नो कापीमा टिपोट गर्न लगाउने,
– गाडी चलाउने, घर बनाउने, सामान बेच्ने, कृषिमा काम गर्ने व्यक्तिलाई के भनिन्छ भन्न लगाई लेख्न लगाउने,
– पेसा र काम गर्ने व्यक्तिको चित्र वा फोटो वितरण गरी शब्दपत्तीमा लेख्न लगाउने,
– पेसा व्यवसाय गर्दा परिवारमा आर्थिक लाभ हुन्छ भन्ने कुराको अवधारणा विकास गर्ने,
– आफ्नो दैनिकी (दिनचर्चामा) बिहानदेखि बेलुकासम्म आफूले गर्ने कामको सूची बनाउन लगाउने,

**एकाइ–नौ**

**विषयक्षेत्र : हाम्रो जातजाति**

**सक्षमता : आफ्नो कक्षा र समुदायभित्रको जातजातिको वर्गीकरण गर्न**

**विधि : प्रदर्शन, छलफल, अन्तर्वार्ता**

**शिक्षण सहजीकरण क्रियाकलापहरू :**

– कक्षाकोठामा विद्यार्थीहरूसँग छलफल गर्दै प्रत्येक विद्यार्थीको थर सोधी प्राप्त उत्तरलाई सेतोपाटीमा शिक्षकले टिपी भन्न

र लेख्न लगाउने,

- विद्यार्थीहरूलाई विभिन्न जातको नाम लेखिएको शब्दपत्ती देखाई जातको नाम पढ्न लगाउने,
- जातको नाम लेखिएको शब्दपत्तीको आधारमा कक्षाकोठामा समूह निर्माण गर्ने र ती जातमा पर्ने साथीहरूको थर लेख्न लगाउने
- विभिन्न जातजातिको मुहार झल्किने तस्बिरहरू टाँस गरी प्रदर्शन गर्ने र ती तस्बिरमा भएका मानिसहरूको जातको नाम भन्न तथा लेख्न लगाउने,
- विद्यार्थीहरूलाई आ–आफ्नो घर वरिपरि बसोबास गर्ने जातजातिको नामको सूची लेख्न लगाउने, केही विद्यार्थीलाई उनीहरूले लेखेका जातको नाम अगाडि आइ पढ्न लगाउने
- शिक्षकले आफ्नो वडाको मुख्य जातजातिको नाम लेखिएको शब्दपत्ती कक्षाकोठामा प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई पढ्न लगाउने,
- विद्यार्थीहरूलाई पजल बक्समा आफ्नो वडाभित्रको मुख्य जातजातिको नाम लेख्न लगाउने,
- कुनै एकदिन सम्भव भएसम्म वडाको सदस्य र वडा अध्यक्षलाई कक्षाकोठामा बोलाई मुख्य जातजातिको बारेमा छलफल गर्ने र विद्यार्थीहरूलाई लेख्न लगाउने,
- विद्यार्थीहरूलाई आ–आफ्नो घर वरिपरिको जातिको नाम र वडाको मुख्य जातजातिको नाम तालिका बनाई लेख्न लगाउने ।

**एकाइ–दश**

**विषयक्षेत्र : हाम्रो मुख्य पहिरन**

**सक्षमता : आफू र आफ्नो छिमेकीले लगाउने पहिरनको नाम लेख्ने,**

**विधि : प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल विधि, अवलोकन**

**शिक्षण सहजीकरण क्रियाकलाप :**

- हामीले लगाएको कपडा कस्तो छ भनी लछफल गर्दै पहिरन भनेको पोसाक हो भन्ने अवधारणा दिने,
- कक्षामा रहेका विद्यार्थीर्ला आ–आफ्नो उत्तरपुस्तिकामा आफूले लगाएको पहिरनको तस्बिर बनाउन लगाउने,
- विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गरी उनीहरूको परिवारमा उमेर अनुसारका सदस्यहरू (आमाबुवा, दाजुभाइ, दिदीबहिनी) ले लगाउने पहिरनको नाम पालैपालो भन्न लगाउने र बाँकी विद्यार्थीहरूलाई लेख्न लगाउने,
- विद्यार्थीहरूलाई आफ्नो परिवारमा बुवा र आमाले शिरदेखि पाउसम्म लगाउने पहिरनको छुट्टाछुट्टै सूची लेख्न लगाउने,
- दुई/तीनजना विद्यार्थीलाई उनीहरूले टिपोट गरेको सूची अगाडि आई पढ्न लगाउने र शिक्षकले महिला र पुरुषले लगाउने पोसाक फरक फरक हुन्छ भनी बताउने,
- बुबाआमा र बालबालिकाले लगाउने पोसाकको तस्बिर देखाई भन्न र लेख्न लगाउने,
- प्रहरी, सेना, शिक्षक, वकिल र डाक्टरले लगाएका पोसाकसहितको चित्र/तस्बिर मोबाइलबाट प्रदर्शन गरी उनीहरूको पहिरनको नाम लेख्न लगाउने,
- आ–आफ्नो समुदायमा महिला र पुरुषले लगाउने पोसाकको नाम तालिकामा भर्न लगाउने,
- विद्यालयको चौरमा बालबालिकालाई गोलो घेरा बनाई बिचमा विभिन्न प्रकारका पहिरन झल्कने चित्र राखी पालैपालो छान्न लगाई नाम भन्न र लेख्न लगाउने,

**एकाइ–एघार**

**विषयक्षेत्र : हाम्रो वडाको नक्सा पहिचान**

**सक्षमता : आफ्नो वडाको नक्सामा आफ्नो घर र विद्यालयको सङ्केत चित्र टाँस गर्न,**

**विधि : प्रदर्शन, स्केच निर्माण, पेष्ट गर्न, परियोजना कार्य**

प्रस्तुतीकरण,

**शिक्षण सहजीकरण क्रियाकलापहरू**

- विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी आ–आफ्नो समूहमा एकले अर्कोको अनुहार, आकृति, होचो अग्लो के हो हेर्न लगाई पछि भन्न लगाउने,
- समूहमा सबैले आफू बसेको डेक्स, बेन्च, झोला, किताबको सामान्य आकृति कोर्न लगाई तस्बिर वा चित्रको रूप तयार गरी प्रस्तुति गर्न लगाउने,
- आफ्नो विद्यालयको सामान्य रेखाङ्कित नक्सा कोर्न पटक पटक अभ्यास गराउने र कोरिएको नक्सा समूहमा प्रदर्शन गर्न लगाउने,
- सानो ठूलो आकारका वडाको नक्सा विद्यार्थीहरूलाई हेर्न कोर्न लगाउने र समूहबिच प्रदर्शन गर्न सिकाउने,
- सेतो कागज लिई विभिन्न साइजमा कैँची प्रयोग गरी कटाइ सिप सिकाउन अभ्यस्त गराउने र सिसाकलम प्रयोग गरी सामान्य आकृतिका नक्साहरू तयार गर्न लगाउने,
- आफ्नो वडाको नक्सा तयार भएपछि नक्सामा आफ्नो घर पर्ने स्थान सङ्केत गरी सो स्थानमा घरको नक्सा टाँस गर्ने,
- आफ्नो वडाको नक्सामा आफ्नो विद्यालयको नक्सा उपयुक्त स्थानमा टाँस गर्न लगाई समूहमा अवलोकन गर्न लगाउने । वडाको नक्सामा टाँस गरिएको घर र विद्यालयको तस्बिरमा उपयुक्त रङ भर्न सिकाउने,
- आफ्नो वडाको नक्सामा वडा भित्रका अन्य विद्यालय, नदी, मन्दिर, अस्पताल, प्रहरी चौकीको फोटोहरू टाँस गर्न कक्षाकार्य गराउने,
- सम्बन्धित विद्यालय एवम् वर्ग शिक्षकले यसै मिल्ने अन्य उपयुक्त क्रियाकलाप आफ्नो स्थानीय परिवेशअनुसार गर्न प्रेरित गर्ने ।

# सिकाइ विस्तृतीकरण क्रियाकलाप

# कक्षा – ३

एकाइ–१ : म

क्रियाकलापहरूः

- कक्षाका विद्यार्थीहरूलाई उनीहरूको नाम सोध्ने त्यसपछि ५।६ जनाको नाम थर शिक्षकले पाटीमा टिपोट गरिदिने, त्यस्तै गरी सबैजनाले आ–आफ्नो नाम कापीमा लेख भनी प्रोत्साहन गर्ने,
- सबै विद्यार्थीहरूको नाम शिक्षकले हेरी नामले व्यक्तिलाई चिनाउने काम गर्दछ भनी व्याख्या गरिदिने “व्यक्तिले आफूसँग भएको तर आफैँले कहिल्यै प्रयोग नगर्ने कुरा के हो ?” भनी विद्यार्थीहरूलाई प्रश्नोत्तर गर्दै अन्त्यमा त्यो कुरा “नाम”हो भनी नामले अरूलाई परिचय दिन्छ र अरूबाट फरक व्यक्ति हो भनी छुट्याउँछ भनी प्रष्ट पारिदिने,
- कक्षाकोठामा शिक्षकले आफ्नै नाम र नाममुनि सानो स्थानबाट ठुलोतिरको स्थान लेखिएको एउटा चार्टपेपर कक्षाकोठामा टाँस गर्ने र दुई जना छात्रछात्रालाई पढ्न लगाई सबैले कापीमा आआफ्नो नाम र ठेगाना लेख भनी सहजीकरण गर्ने,

हरिमाया लामा,
पिपलबोट टोल, हेटौंडा–
१३, मकवानपुर , नेपाल ।

← चार्टको नमुना

- कक्षाकोठामा विद्यार्थीहरूलाई आफूसँगै बस्ने साथीको नाम र ठेगाना आफ्नो कापीमा लेख्न लगाई कक्षाकोठाको फरक फरक स्थानमा बसेका ५ जोडी छात्रछात्रालाई उठाइ आफूले लेखेको साथीको नाम र पूरा ठेगाना पढ्न लगाउने नमुनाको क्रममा कुनै जोडीले स्थान पूरा गरी ठेगाना लेखी सुनाएको भए उनीहरूले टोल, नगरपालिकाको नाम, वडा

नम्बर, जिल्लाको नाम र देशको नाममध्ये केही छुट्याएको भए कक्षामा जुन साथीको ठेगाना लेखेको छ उसैलाई भन्न लगाई शिक्षकले पाटीमा लेखीदिने । सबै मिलाएर लेख्न जान्ने विद्यार्थीलाई कक्षामा ताली बजाउन लगाई धन्यवाद दिने,

- विद्यार्थीहरूलाई शिक्षकले मानिसको नाम जस्तै विद्यालयहरूको पनि फरक फरक नाम हुन्छन् भनी अवधारणा दिदैँ हाम्रो विद्यालयको पूरा नाम सेतोपाटीमा लेख भनी विद्यार्थीहरूलाई कक्षामा ताली बजाउन लगाई धन्यवाद दिने,
- कक्षाकोठामा विद्यार्थीहरूलाई वर्ग शिक्षक तथा उनीहरूलाई पढाउने विषय शिक्षकहरूको नाम थर थाहा छ कि छैन भनी प्रश्न गर्दै छलफल चलाउने र छलफलबाट आएका नामहरूलाई सेतोपाटीमा टिपोट गर्ने र त्यस विद्यालयको प्रधानाध्यापकको नाम सोधी नाम र पद दुवैलाई पनि सेतोपाटीमा टिपोट गरी विद्यार्थीहरूलाई अभ्यास पुस्तिकामा लेख्न लगाउने,
- विद्यार्थीहरूलाई आफ्नो कक्षाका प्रथम छात्रछात्राहरूलाई चिन्छौ ? भनी छलफल गर्दै प्रथम, द्वितीय र तृतीय छात्रछात्राहरूको नाम के हो ? भनी लेख्न र ३ जनालाई पढ्न लगाउने, पढ्ने विद्यार्थीहरूको नाम प्रथम, द्वितीय, तृतीय छात्रछात्रलाई १/१ जनाको नाम भन्न लगाउने, त्यसैगरी आफ्नो नजिक भएको वा मिल्ने ४ जना साथीहरूको नाम कापीमा लेख्न लगाई अगाडिबाट १, बिचबाट १ र पछाडिबाट १ जनालाई आफूले लेखेका ४ जना साथीको नाम पढ्न लगाउने ।

**एकाइ–२ : हामी**

**क्रियाकलापहरू :**

- विद्यार्थीहरूलाई बोर्डमा शिक्षकले "हाम्रो दैनिक क्रियाकलाप" शीर्षक लेखी बिहान उठेपछि बेलुका सुत्नु अघिसम्म के के

काम गर्छौं ? भनी पालैपालो सोध्ने ,त्यसपछि विहान उठेपछि विद्यालय आउनु अघि गर्नुपर्ने कामहरू मात्र छुट्याई लेख्न लगाउदै शिक्षकले चार्ट पेपर टाँस गरी पढ्न लगाउने र उनीहरूले लेखेको कुरा जस्तै चार्ट पेपरमा छ कि छैन सोधी छलफल गराउने ।

बिहानीका क्रियाकलाप

- शौचालय जाने
- हातमुख धुने
- बिस्तरा मिलाउने
- बिहानको नास्ता गर्ने
- विद्यालयको पाठ पढ्ने

बिहानीको नास्ताको परिकार

- चना र अण्डा
- पुरी, तरकारी
- खीर
- दही,चिउरा
- मकै, भटमास र मोही

*(शिक्षकले परिकारको चार्टमा अन्य त्यस्तै घरमै बनाउन सकिने परिकारहरू थप गर्न सकिने)*

- शिक्षकले नास्ताका परिकारको चार्ट प्रदर्शन गरी छलफल गर्ने र नाम लेख्न लगाउने, ।
- शिक्षकले विद्यार्थीहरूलाई विद्यालयका विषय शिक्षकहरूले दिनुभएको गृहकार्य, परियोजनाकार्य तथा अभ्यास कुन समयमा गर्छौं ? भनी सोध्ने र विहानीको नास्तापछि १ घण्टा गृहकार्य गर्ने गर्दा पढ्न सजिलो हुने कुरा बताई प्रोत्साहन गर्ने , अघिल्लो दिन नै गृहकार्य सकिएको भए विहानको समयमा त्यो दिन विद्यालयमा पढाई हुने पाठ अध्ययन गर्ने बानीको विकास गर्न सफल व्यक्तित्वहरूको विहान पढ्ने बानीको उदाहरण प्रस्तुत गरी प्रोत्साहन गर्ने,

- विद्यार्थीहरूलाई तिम्रो पोसाक, व्याग र टिफिनको तयारी कसले गर्छ भनी प्रश्न गर्दै आफूले पनि गर्नुपर्ने बानी व्यहोराका लागि उपयुक्त छोटो कविता बनाई शिक्षकले सुनाउने ।
- छात्रछात्रालाई शुरुमा साथीभाइ तथा शिक्षकहरूसँग सुरुमा भेट्दा अभिवादन गर्न सिकाउने , शुरुमा साथीभाइ बिच नमस्कार अभिवादन, दर्शन, प्रणाम , Good Morning आदि अभिवादन गरेको छोटो भिडियो क्लिप्स, प्रोजेक्टर वा मोबाइलबाट प्रदर्शन गराई विद्यार्थीहरूलाई अगाडि आई सोहीअनुसार हाउभाउ र मुद्रामा अभिवादन गर्न लगाउने र भोलिबाट सबै शिक्षक र साथीभाइलाई पहिलो पटक भेट्दा अभिवादन गर्नु भनी सिकाउने,
- छात्रछात्रालाई घरमा गरेका गृहकार्य विषय शिक्षकलाई बुझाउने कामले आफ्ना गल्तीहरू समयमै जानकारी हुन्छ भन्ने फाइदा बुझाउँदै प्रत्येक दिन शिक्षक शिक्षिकाले दिएको गृहकार्य बुझाउने बानीका लागि प्रोत्साहन गर्ने ।
- विद्यार्थीहरूलाई कक्षाकोठामा गरिने स–स्वर वाचन, समूहकार्य, समूह छलफल, श्रुतिलेखन जस्ता कार्यहरू सबै विषयमा सक्रिय रूपमा सहभागिता वृद्धि गराउन शिक्षकले विभिन्न प्रश्न निर्माण गरी श्रुतिलेखन र समूह क्रियाकलाप गराउने ।

**प्रश्नको नमुना :**

*१. तलका शब्दहरूलाई सुनेर लेख्न लगाउने, शिक्षकले बढीमा ३ पटक स्पष्ट सुनाउने*

क) सन्देश ख) लोकप्रिय ग) मातहत

घ) निर्देशक ङ) प्रशंसा

च) ध्रुवतारा (शिक्षकले थपघट गर्न सक्ने)

*२. कक्षाकोठालाई चार समूहमा विभाजन गरी ४ ओटा घरपालुवा जनावरको नाम लेख्न लगाउने,*

- शिक्षकले कक्षाकोठामा गराएका छलफल र खेलहरूलाई अभ्यास पुस्तिकामा सम्झेर लेख्ने अभ्यास गराउने, विद्यार्थीहरूलाई समूहमा मिलेर खेल खेल्न कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर खेल्न सकिने खेल खेल्न लगाई खेलिसकेपछिको अनुभव लेख्न लगाउने, खेलका नियमपालना गर्न र अन्य कुरामा साथीभाइलाई सहयोग गर्दा मनमा लागेको कुराहरू लेख्न, कक्षामा पढ्न लगाई अर्को दिन खेलाउँदा व्यवहारमा प्रयोग भए नभएको शिक्षकले अवलोकन गरी सामूहिक र व्यक्तिगत (आवश्यक पर्ने छात्रछात्रालाई मात्र) पृष्ठपोषण दिने ।

## एकाइ–३ : मेरो परिवार

**क्रियाकलापहरू :**

- विद्यार्थीहरूलाई "तिम्रो घरमा को को हुनुहुन्छ ?" भनी प्रश्न गर्ने र मौखिक उत्तर प्राप्त भइसकेपछि छात्रछात्राहरूलाई आ–आफ्नो घरपरिवारको नाम लेख्न लगाउने, ५ जना छात्रछात्रालाई आफ्नो घरपरिवारको नाम पढ्न लगाई तीमध्ये सबैभन्दा जेठो को हुनुहुन्छ ?" सोध्ने । अन्तिममा सोधिएको विद्यार्थीको परिवारका सदस्यहरू मध्ये जेष्ठताका आधारमा विद्यार्थीले बताएका नामहरू शिक्षकले सेतो पाटीमा क्रमसँग टिपोट गरिदिने, त्यसपछि सबै छात्रछात्राहरूलाई आ–आफ्नो परिवारका सदस्यहरूलाई जेष्ठताको क्रममा नाम लेख्न लगाउने, यस्तै शिक्षकले थप निर्देशन पनि दिने ।
- शिक्षकले नाता सम्बन्धका नामपत्तीहरू सबैले देख्ने गरी कक्षा कोठामा चारै भित्तामा टाँस्ने र विद्यार्थीहरूलाई आफ्नो स्थानबाट उठेर सबैतिर गई पढेर आफ्नो स्थानमा गई अभ्यास पुस्तिकामा लेख्न लगाउने त्यसपछि शिक्षकले नाता सम्बन्धको निम्न नमुनाको जोडा सेतोपाटीमा एउटा शिक्षकले टाँस्ने र त्यसको बायाँपट्टि भित्ताबाट झिकेर ल्याई सेतोपाटीमा टाँस्न लगाउने, यो क्रियाकलाप प्रत्येक

विद्यार्थीहरूलाई पालैपालो गर्न लगाउने,

जोडा मिलाऊ (नमुना)

| | |
|---|---|
| | हजुरबा – हजुरआमा |
| आमा – बुबा | मामा – माइजू |
| | देवर – भाउजू, नन्द |
| दाइ – दिदी | फुपू – फुपाजु |
| भाइ–वहिनी | भतिजा– भतिजी |
| काका–काकी | भान्जा – भान्जी |

- जोडा मिलाएका शब्दहरूलाई कापीमा लेख्न लगाउने,
- आफ्नो परिवारको नाता सम्बन्ध झल्किने शब्दहरू विद्यार्थीहरूलाई चार्ट निर्माण गरेर ल्याऊ भनी परियोजना कार्य दिने र भोलिपल्ट कक्षामा प्रस्तुत गर्न लगाउने,
- शिक्षकले तयार गरेको चार्ट प्रदर्शन गरी त्यहीअनुसार आ–आफ्नो परिवारको नाम चार्ट बनाई लेख्न लगाउने र भन्न लगाउने,
- विद्यार्थीहरूलाई उनीहरूको परिवारमा भएका आमाबुबा, दाजुभाइ र दिदीबहिनी बाहेकका नाता सम्बन्ध भएका ती नातेदारको नाता र नामको सूची तयार गर्न लगाउने,
- पारिवारिक नाता सम्बन्धी विपरीतार्थी शब्द झल्किने – माथिका नमुना जस्तै) समूहमा जोडा मिलाउने खेल खेलाई अभ्यास गराउने ।

**एकाइ–४ : मेरो समुदाय**

**क्रियाकलापहरू :**

- समुदायमा रहेका दुई वा सोभन्दा बढी मानिसहरूको समूह नै समुदाय हो भनी शिक्षकले जानकारी गरिदिने ।
- कक्षाकोठा भित्र रहेका विद्यार्थीहरूलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी त्यो नै समुदाय हो भनी उदाहरणद्वारा स्पष्ट पारिदिने,

- समुदायसँग प्रष्ट झल्कने खालको फोटो वा तस्बिर प्रदर्शन गरी उदाहरणद्वारा समुदायको पहिचान शिक्षकले गराउने,
- समुदायमा एकलाई आपत पर्दा अर्को व्यक्तिले गर्न सक्ने सहयोग चार्ट पेपरमा उल्लेख गरी विद्यार्थीलाई पालैपालो पढ्न लगाउने,
- विद्यालय तथा समुदायको सहयोगका लागि निम्नानुसारका गतिविधि टिपोट गर्न लगाउने ,

क) आमा – बुबा ⇒ टेलिफोन नं.

ख) एम्बुलेन्स ⇒ टेलिफोन नं.

ग) वडा प्रहरी ⇒ टेलिफोन नं.

घ) स्थानीय अस्पताल वा स्वास्थ्य चौकी ⇒ टेलिफोन नं.

ङ) दम्कल ⇒ टेलिफोन नं.

- शिक्षकले समुदायमा व्यक्तिलाई कुलतबाट बच्नका लागि सहयोग पुऱ्याउने खालको डकुमेन्ट्री, मोबाइल वा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी बच्ने उपाय बारे जानकारी गरिदिने,
- कक्षाकोठामा साथीलाई गाह्रो हुँदा तिमीले के–के सहयोग गर्न सक्छौ भनी प्रश्न गरी छलफल गराई टिपोट गराउने,
- विद्यालयको तिम्रो समुदायको लागि कुन–कुन सहयोग गर्न सक्छ भनी समूहमा छलफल गर्न लगाई पालैपालो भन्न लगाउने,
- शिक्षकले विद्यार्थीलाई समुदायले विद्यालयलाई गर्न सक्ने सहयोग के–के हुन् भनी पालैपालो सेतोपाटीमा लेख्न लगाउने साथै कक्षाका सबै विद्यार्थीलाई सार्न लगाउने ।

एकाइ–५ : मेरो हेटौँडा उपमहानगर

क्रियाकलापहरू :

- सर्वप्रथम शिक्षकले हेटौँडा उपमहानगर निर्माणमा निम्नानुसारको तह हुन्छ भनी जानकारी गराउने

**तहगत संरचना**
१. प्रमुख
२. उपप्रमुख
३. वडा अध्यक्ष
४. वडा सदस्यहरु

→ आफ्नो वडाको संरचना बनाउन लगाउने

- सामान्यतया नगरपालिका बन्नका लागि आर्थिक स्रोत जनसङ्ख्या, क्षेत्र, न्यूनतम पूर्वाधार (हिमाल, पहाड, तराई र उपत्यका) को आवश्यकता पर्दछ भनी परिवेशअनुसार उल्लेख गर्ने,
- शिक्षकले कक्षाकोठाको अग्रभागमा रहेको सेतोपाटीमा हेटौँडा उपमहानगरको चार किल्ला (पूर्व, पश्चिम, उत्तर, दक्षिण) लेखी स्पष्ट पार्ने,
- हेटौँडा उपमहानगरले समुदायलाई गर्ने सहयोग लेखिएको चार्टपेपर कक्षाकोठाको अग्रभागमा टाँस गरी विद्यार्थीलाई पालैपालो पढ्न लगाउने साथै लेख्न लगाउने,
- आ–आफ्नो क्षेत्रको परिवेशअनुसार नगरपालिकाले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरेका सहयोग शिक्षकले जानकारी गरिदिने,
- तिम्रो टोल वा वडामा बाटो बनाउने, मर्मत गर्ने र घरबाट निस्केका फोहोर व्यवस्थापनमा कुन संस्थाले सहयोग गर्दछ भनी अभ्यास कापीमा लेख्न लगाउने,
- समुदायले नगरपालिकाबाट माग गर्नु पर्ने प्राथमिकताका आधारहरू लेखिएको शब्दपत्ती सेतोपाटीमा टाँस गरी पालैपालो विद्यार्थीलाई पढ्न लगाउने साथै आ–आफ्नो अभ्यास पुस्तिकामा सार्न लगाउने,

- परिवेशअनुसार वा विद्यालयको प्रकृति, श्रेणीअनुसार नगरपालिकाले गर्ने सहयोगको सम्बन्धमा शिक्षकले बताई विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने ।

**एकाइ–६ : हाम्रो हेटौँडा उपमहानगरको पहिचान**

**क्रियाकलापहरू :**

- शिक्षकले ठाउँ र परिवेश अनुसारको भौगोलिक अवस्था –हिमाल, पहाड, तराई) को सामान्य जानकारी स्वयम्ले गरिदिने ।
- आफ्नो वडा र समुदाय स्तरका समथर, बेसी, टापु , आदि परिवेशको बारेमा शिक्षक स्वयम्ले भनीदिने,
- आफ्नो ठाउँ र परिवेशसँग मिल्ने खालका पोस्टर/चित्र प्रदर्शनी गराई स्पष्ट पारिदिने,
- शिक्षकले आफ्नो विद्यालय वरपरका वातावरणको प्रत्यक्ष अवलोकन गराई भौगोलिक स्वरूपको बारेमा बताउने साथै समथर भाग, टार, नदी, किनार, सामान्य जङ्गली क्षेत्र आदिको बारेमा स्पष्ट पार्ने,
- हेटौँडा उपमहानगर भित्रका क्षेत्रमा निम्नानुसारका भागहरू पर्छन् भनी शिक्षकले बताइदिने ।

**क्षेत्रका भागहरु :–**

- हर्नामाडी (पूर्वी क्षेत्र)
- शक्तिखोला (दक्षिणी क्षेत्र)
- आकाशधारा, (दक्षिणी क्षेत्र)
- कुवापानी, बसामाडी, बाँसपानी (पश्चिमको उत्तर खण्ड)

यी क्षेत्रहरु भैगोलिकताको आधारमा हेटौंडा उपमहानगरपालिकाभन्दा टाढा र दुर्गम छ भनी जानकारी गरिदिने ।

- हेटौँडा उपमहानगरको नक्सा कक्षाकोठाको अग्रभागमा झुण्ड्याई सुगम क्षेत्रहरूमा पर्ने स्थानहरू जस्तै : हटिया, हर्नामाडी, चुरियामाई, पदमपोखरी, बसामाडी आदि हुन् भनी बताउने साथै विद्यार्थीलाई आफ्नो अभ्यास पुस्तिकामा

टिपोट गर्न लगाउने,

- अग्रभागमा टाँसिएको नक्साको माध्यमद्वारा विद्यार्थीलाई पालैपालो तिमी बस्ने वडा कहाँ पर्छ ? भनी चिन्न लगाउन दिने,
- कक्षाकोठामा विद्यार्थीलाई आफ्नो घर वा विद्यालयको भौगोलिक परिवेश कस्तो छ ? भनी आ–आफ्नो उत्तरपुस्तिकामा कक्षाकार्य गर्न लगाउने,
- भौगोलिक अवस्थाको परिवेश एउटै नहुँदा मानिसको जीवन शैलीमा र सेवा सुविधा प्राप्त गर्ने अवसरमा असर पर्दछ, जस्तै : भौगोलिक अवस्था सुगम भएका ठाउँ हर्नामाडीमा मानिसको जनजीवन सहज हुन्छ तर आकाशधारा, जुरेथुमलगायतका विविध ठाउँमा मानिसको जीवन असहज हुन्छ भनी शिक्षकद्वारा जानकारी गरिदिने ।

**एकाइ–७ : हाम्रो प्राकृतिक एवम् सांस्कृतिक सम्पदा**

**क्रियाकलापहरू :**

- कक्षाका विद्यार्थीको स्तरअनुसार आफ्नो वरपरको परिवेश अनुसारको प्राकृतिक सम्पदा नदी, ताल, वनजङ्गल, माटो, हावाको सामान्य परिचय दिई एक–दुई विद्यार्थीलाई भन्न पनि लगाउने ।
- शिक्षकले प्रश्नउत्तर गर्दै मन्दिर, गुम्बा, चर्च, मस्जिद देखेका छौ ? यहाँ हामी किन जान्छौँ ? तिनीहरू कहाँ छन् ? भनी उदाहरणहरू दिँदै विद्यार्थीलाई नै प्रतिनिधि पात्र बनाई टिपोट वा सूचीकृत गर्न लगाउने,
- हाम्रो विद्यालयको वडाभित्र भएका शिव मन्दिर, गणेश मन्दिर, दुर्गा मन्दिर, गुम्बाको नाम, चर्चको नाम, मस्जिदको नाम साथै दशैँ–तिहार मनाउने, बुद्धजयन्ती मनाउने, रमजान मनाउने, क्रिस्मस डे आदि मनाउने तरिकाहरू छलफल गराई टिपोट गर्न लगाउने । (कुनै एक–दुई सम्भव भएको मात्र)

- शिक्षकले चार्ट पेपरमा एकातर्फ प्राकृतिक सम्पदाको तस्विर र अर्कोतर्फ नाम लेख्न लगाउने,

सम्पदा ↔ नाम

- शिक्षकले विद्यालय प्रशासनको अनुमति लिएर आफ्नो वरपरको सांस्कृतिक सम्पदा (जस्तै भुटनदेवी, चुरियामाई, पुण्यक्षेत्र, पशुपति, गुम्बा, चर्च) को क्षेत्र भ्रमण गराई छोटो प्रतिवेदन लेख्न लगाउने,
- शिक्षकले कक्षाका विद्यार्थीहरूलाई उपयुक्त समूहमा विभाजन गरी नदी र वनजङ्गलको मानिसलाई उपयोगिता वा फाइदा हुन्छ भनी क्रियाकलाप गराउने,

**नदीको उपयोग**

१.
२.
३.
४.
५..

**वनजङ्गलको उपयोग**

१.
२.
३.
४.
५..

- हामी कुनकुन समयमा के गर्न मठ, मन्दिर, गुम्बा, चर्चमा जाने गर्छौं ? कक्षाका कम्तीमा ५ जना विद्यार्थीलाई आफ्नो धर्मअनुसार कुनपर्वमा कुन स्थानमा जान्छौं ? भनी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउने ।

जस्तै : जाने स्थान → कारण

- हामी घरमा वा विद्यालयमा सरसफाई कसरी गर्छौं किन गर्छौं ? भन्ने जिज्ञासा राख्दै –मठमन्दिर , पाटीपौवा , मस्जिद, चर्च, गुम्बा, नदी, ताल सम्पदाहरूको संरक्षण र विकास गर्ने उपायहरूको खोजी गर्न लगाई टिपोट गर्न लगाउने ।

एकाइ–८ : हाम्रो पेसा, व्यवसाय

क्रियाकलापहरू :

– हामीले घरमा खानका लागि चामल, मकै, गहुँ, तरकारी, फलफूल, दुध उत्पादन गर्ने मानिसहरूलाई कृषक भनिन्छ र उनीहरूले गर्ने कामलाई कृषि व्यवसाय भनिन्छ भनी सामान्यीकरण गर्ने,

– कक्षाका विद्यार्थीको नाम, परिवारको कुनै एक जनाको नाम र उहाँले गर्ने पेसालाई निम्न उदाहरणअनुसार सबै विद्यार्थीलाई गर्न लगाउने :

जस्तै :

| विद्यार्थी | परिवारको सदस्यको | गर्ने पेसा/व्यवसाय |
|---|---|---|
| ⇩ | ⇩ | ⇩ |
| | | |

– मानिसहरूले गर्ने पेसा फरक र भिन्न प्रकृतिको हुन्छ, सबै पेसा व्यवसायबाट आय–आर्जन हुन्छ भनी शिक्षक, कर्मचारी, सेना, प्रहरी, रोजगारी, व्यापार/व्यवसाय, ड्राइभिङ आदि मानिसले गर्ने पेसा–व्यवसाय हुन भनी टिपोट गर्न लगाउने,

– प्रत्येक विद्यार्थीलाई आफ्नो घरमा कम्तीमा १/१ गमला राखी माटो भर्न, फूल रोप्न, पानी हाल्न, गोडमेल गर्न, सुरक्षा गर्न अनिवार्य लगाउने साथै आफ्नो कक्षा अगाडि वा भित्र ४।५ ओटा गमलामा विभिन्न प्रकृतिका फूल रोप्न र संरक्षण गरी बचाउने अभ्यास निरन्तर गराई प्रयोगात्मक कार्य गर्ने,

– कक्षाको कुनै सुरक्षित भागमा भुइँमा माटो बिच्छ्याई (सानो ठाउँमा) सम्म बनाएर धान, मकै, भटमास, चना, केराउको बीउ छर्न, दैनिक पानी हाल्न, ढाडिएको, टुसा हालेको, पात छोडेको, (एकदल, बहुदल) दैनिक हेर्न र त्यसको अनुभव बटुलेर छोटो प्रतिवेदन तयार गर्न लगाउने साथै शिक्षकले थप सहजीकरण गर्दै जाने,

- दुध, दही घिउ, सागसब्जी, तरकारी, फलफूल, उत्पादन गरी समुदायमा विक्री–वितरण गर्नु र आय आर्जन गर्नुलाई उद्यम भनिन्छ । उद्यम गर्नाले स्थानीय रूपमा तयार भएका केरा, आँप, लिच्ची, कुखुरा, अन्डा, खसी–बोका आदि खरिद-बिक्री गर्न सजिलो हुन्छ बताउने र तिमीहरू दूध (अरू उदाहरण) कहाँ बेच्छौ ? चामल (अरू कुनै) कहाँबाट किन्छौँ ? भनी उद्यमको अवधारणा निर्माण गर्ने,
- घरमा आमा–बुबा, दिदी, भाउजूबाट सागबाट गुन्द्रुक, मुलाबाट सिन्की, कागतीबाट अचार, आलु–पिडालुबाट मस्यौरा तयार गरेको हेर्न र नमुनाको रूपमा १/१ ओटा विद्यालयमा सबैले लिएर गई कक्षामा सानो प्रदर्शनी गराउने,
- हामी विदा मनाउन, शनिवार घुम्न वा लामो छुट्टीमा घुम्न जाने कार्यलाई पयर्टन भनिन्छ, तिमीहरू अहिले सम्म काठमाडौँ, पोखरा, सौराहा, सहिद स्मारक वा अन्य स्थानमा घुम्न गएका छौ ? भनी जिज्ञासा जगाउँदै छलफल गराई यो नै पर्यटन हो भनी अवधारणासहित उदाहरण दिने ।
- विद्यालय प्रशासनको अनुमति लिएर महिनाको कुनै एक शुक्रवार कक्षाका सबै विद्यार्थीलाई विद्यालयको नजिक पर्ने मनोरम स्थलमा भ्रमण गराई टिपोट गर्न लगाउने ।

## एकाइ–९ : हाम्रो जातजाति

**क्रियाकलापहरू :**

- हरेक जातजाति र धर्म समुदायको मानिसहरूले मनाउने चाडपर्व, रीतिरिवाज , संस्कार, परम्परा, मूल्यमान्यता संस्कृति छन् भनी प्रष्ट धारणा दिने,
- हामी दशैँ, तिहार, सङ्क्रान्ति, राखी, जनैपूर्णिमा, माघी, कूलपूजा, छठ, होली, शिवरात्री, गाईजात्रा, क्रिस्मस डे, ल्होसार, बुद्धजयन्ती विशेष पर्वको रूपमा मनाउँछौँ, यो

नै हाम्रो जाति र धर्म अनुसारको संस्कृति हो भनी धेरै उदाहरणको प्रयोग गरी प्रष्ट पार्ने,

- कक्षाका विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी कक्षाभित्र रहेका जाति र ती जातिले मनाउने विशेष पर्वको नाम र सो पर्वमा गरिने मुख्य गतिवधि(कार्यहरू) उल्लेख गरी तालिकाहरू निर्माण गर्न सिकाउने,
- जातीय स्वरूप र सामाजिक स्वरूपको आधारमा क्षत्री, बाहुन, तामाङ, नेवार, राई, लिम्बू, मधेसी ,मुस्लिमको भिन्न र फरक संस्कृति वा पर्वहरू हुन्छन् जस्तै :

| जाति | चाडपर्व |
|---|---|
| | |

- जाति विशेषले निश्चित समयमा मनाउने चाडपर्वहरूलाई निम्नअनुसार कक्षाकार्य गर्न लगाई तयार भएको तालिका टाँस गर्न लगाउने

| चाडपर्वको नाम | मनाउने जाति |
|---|---|
| दशैं तिहार | ? |
| गाईजात्रा | ? |
| ल्होसार | ? |
| भूमिपूजा | ? |
| छठ/होली | ? |
| बकरइद | ? |

- शिक्षकले कक्षाभित्र रहेका विद्यार्थीहरूबाट तिमीहरूको चाडपर्व कहिले र कुन–कुनहुन ? भनी कम्तीमा ३/३ ओटा सूचीबद्ध गर्न लगाई आ–आफ्नो समूहबाट एक जनालाई प्रस्तुतीकरण गर्न लगाउने,

- कतिपय चाडपर्व धेरै जातजातिले पनि मिलेर मनाउँछन् । हामी एक–अर्काको पर्वमा जाने सहभागी हुने, मिलेर चार्डपर्व मनाउने, सम्मान र सहयोग गर्ने बानीको निर्माण गर्नुपर्छ भनी सहिष्णु भावनाको विकास गर्ने, जस्तै : दशै तिहारमा अरू धर्मका साथीहरूलाई घरमा बोलाउने एवम् वुद्धजयन्तीमा सबै मिलेर सहभागिता जनाउनु पर्छ भनी शिक्षकले उत्प्रेरित गर्ने ।

**एकाइ–१० : हाम्रो पहिरन**

**क्रियाकलापहरू :**

- सर्वप्रथम शिक्षकले, मानिसहरूले परम्पराकालदेखि मान्दै आएको जाति विशेषको मूल्यमान्यताअनुसारको पर्व नै चाडपर्व हो भनी बताउने साथै केही विद्यार्थीहरूलाई तिम्रो परिवारमा कुनकुन चाडपर्वहरू मनाइने गरिन्छ ? नाम भन्न लगाउने,
- विभिन्न जाति विशेषले आफ्नो विशेष पर्वमा लगाउने पोसाक नै पहिरन हो भनी जानकारी गरिदिने साथै विद्युतीय यन्त्रको प्रयोग, मोबाइलको प्रयोगद्वारा जाति विशेषले लगाउने पोसाकको उदाहरण स्पष्ट पारिदिने,
- पहिरन जाति विशेषमा मात्र हुँदैन, महिला पुरुषले लगाउने जस्तै : विद्यार्थी, शिक्षक, कर्मचारी, प्रहरी सेना, आमा, बुबा, आदि सबैले लगाउने लत्ताकपडा पनि पहिरन भित्र पर्छ भनी बताउने,
- परिवारका सदस्यहरूमा हजुरआमा, हजुरबुबा, बाबा, आमा, दादा, दिदी, भाइ आदिले कस्ता ड्रेस लगाउँछन् ? भनी कक्षाकार्य गराई आफ्नो अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउने ।
- पहिरन विशेष चाडपर्वमा विभिन्न जातजातिले लगाउने गर्छन् जस्तैः वैशाख पूर्णिमा तथा ल्होसारमा तामाङ समुदायका महिलाहरूले ‘आङरे’, ‘स्यामा’ आदि पहिरन

लगाउँछन् भने नेवार समुदायका महिलाहरूले विशेष पर्वमा 'हाकुपटासी' लगाउँछन् भनी जानकारी गराउने,

- नेपालको राष्ट्रिय पहिरनमा महिला तथा पुरुषले लगाउने पोसाकको अलग–अलग सूची तयार गर्न लगाउने,
- महिनाको अन्तिम शुक्रबार कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई आ–आफ्नो जाति विशेष, पर्वअनुसार लगाइने पहिरन/पोसाकमा विद्यालय उपस्थिति हुन प्रोत्साहन गराउने ।

**एकाइ–११ : हाम्रो उपमहानगरको नक्सा पहिचान**

**क्रियाकलापहरू :**

- शिक्षकले उपमहानगरको नमुना नक्सा प्रदर्शन गरी कक्षाकोठा वा पक्की भुँइ भएको खेल मैदानमा हेटौँडा उपमहानगरको नक्सा स्केच गर्ने, त्यसपछि वडाहरूको विभाजन लगभग मिल्दो आकारमा छुट्याउने र चकले बनाएको स्केचमाथि चुना हाल्ने विद्यार्थी र शिक्षक सहभागी भई हेटौंडाको नक्सा आकृति तयार गर्ने,
- त्यसपछि हेटौंडा उपमहानगरको चित्र यस्तै आकारको छ भनी प्रष्ट पार्दै भूमिको ठुलो आकृतिलाई यस्तो चित्रमा उतारिएको स्वरूपलाई नक्सा भनिन्छ भन्ने अवधारणा दिने, यस क्रममा हेटौँडाको नक्सा देखाउँदै जम्मा वडा सङ्ख्या कति छन् ? सवभन्दा ठूलो वडा कुन रहेछ ? उत्तर, दक्षिण, पूर्व र पश्चिममा पर्ने वडाहरू कुन कुन रहेछन् ? आदि प्रश्न सोधी नक्सामा दिशाको अवधारणालाई थप प्रष्ट्याउने,
- शिक्षकले चार्टपेपर र कार्डबोर्डमा हेटौँडा उपमहानगरको नक्सा तयार पारी कक्षाकोठामा टाँस गर्न र टाँस गरिएको नक्सामा तलका नमुनाअनुसारका सङ्केत चित्र बनाई सकेसम्म उपयुक्त वडामा पर्ने गरी पालैपालो टाँस गरी हेटौँडा उ.म.न.पा.का नदी वनजङ्गल, बस्ती, विद्यालय कृषि

र उद्योग क्षेत्र टाँस गर्ने, विद्यार्थीलाई सङ्केतको व्याख्या गरी पटकपटक भन्न लगाई अवधारणा दिने,

विद्यालय नदी वनजङ्गल बस्ती

कृषिक्षेत्र उद्योग क्षेत्र

- टाँस गरी प्रदर्शन गरिएको नक्सामा शिक्षकले विविध स्थान पहिचान गराउने,
    - शहरी क्षेत्र
    - धार्मिक क्षेत्र
    - गुम्बा
    - प्राकृतिक क्षेत्र जस्तै : ताल, नदी, निकुञ्ज
- प्रदर्शनी गरिएको हेटौँडा उपमहानगरको नक्सामा स्वास्थ्य चौकी, अस्पताल, प्रहरी चौकी, जस्ता स्थानहरू विद्यार्थीहरूलाई नै खोजी गर्न लगाउने ।
- त्यसैगरी पुनःअभ्यास तथा सिकाइलाई प्रभावकारी र रोचक बनाउनका लागि भुइँमा कोरिएको नक्सामा विद्यार्थीहरूलाई खेलको माध्यमद्वारा विभिन्न ठाउँको पहिचान पालैपालो गर्न लगाउने ।

# अनुसूची

हेटौँडा उपमहानगर स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा गठित समितिहरू :

**संरक्षक समितिः**

१. नगर प्रमुख– हेटौँडा उपमहानगर
२. नगर उपप्रमुख– हेटौँडा उपमहानगर
३. प्रमुख प्रशासकीय अधिकृत– हेटौंडा उपमहानगर
४. शिक्षा विकास महाशाखा प्रमुख– हेटौँडा उपमहानगर

**सल्लाहकार समिति :**

१. डा. हरि लम्साल, प्रदेश सचिव (मुख्यमन्त्री कार्यालय, बागमती प्रदेश)
२. चन्द्रप्रसाद लुईंटेल, निर्देशक (शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश)
३. खुविराम अधिकारी, सचिव (सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश)

**मूल्याङ्कन समिति :**

१. डा. हरि लम्साल, प्रदेश सचिव (मुख्यमन्त्री कार्यालय, बागमती प्रदेश)
२. चन्द्रप्रसाद लुईंटेल, निर्देशक (शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश)
३. खुविराम अधिकारी, सचिव (सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश)

**पाठ्यक्रम विकास समिति :**

१. अनिल कुमार बानियाँ
२. गङ्गाधर रिमाल
३. रामसागर गुरागाईं
४. नम्रता मैनाली
५. रामचन्द्र खड्का
६. बालकुमार श्रेष्ठ
७. सुनीता महर्जन

**अनुगमन समिति :**

१. संयोजक : किशोर पराजुली
२. सदस्य : बिनोद सुवेदी
३. महिला सदस्य : मालती उप्रेती